
# त्रियुगा शिक्षा योजना

## (२०८२-२०९१)




**प्रकाशक**

# त्रियुगा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**गाईघाट, उदयपुर**

**कोशी प्रदेश, नेपाल**

**संरक्षक**

श्री बसन्तकुमार बस्नेत (नगर प्रमुख)
श्री महेश्वरी राई (नगर उपप्रमुख)
श्री कुमारप्रसाद कोइराला (प्रमुख प्रशासकीय अधिकृत)

**योजना निर्माण समिति सदस्यहरू**

श्री तिलकबहादुर कटुवाल
श्री धर्मानन्द खतिवडा
श्री कुमार कार्की
श्री युवराज थापा
श्री शिवकुमारी राउत

**योजना तयार कार्यदल सदस्यहरू**

श्री तिलकबहादुर कटुवाल (सामाजिक विकास समिति संयोजक)
श्री धर्मानन्द खतिवडा (मा.शि. प्रधानाध्यापक)
श्री कुमार कार्की (मा.शि. प्रधानाध्यापक)
श्री युवराज थापा (मा.शि.)
श्री रमेशचन्द्र रोका (सह-प्रध्यापक)
श्री दिनेश राज थापा (मा.शि.)
श्री विष्णु खत्री (अधिकृत)
श्री प्रकाश पौडेल (प्याब्सन प्रतिनिधि)
श्री शिवकुमारी राउत (शिक्षा शाखा प्रमुख)
श्री सिर्जना शर्मा (प्राविधिक सहायक)

प्रकाशक : त्रियुगा नगरपालिका

© सर्वाधिकार : त्रियुगा नगरपालिका

प्राविधिक सहयोग : युएसएड प्रारम्भिक कक्षा सिकाइ

प्रमाणित मिति : २०८२ असार १८

प्रकाशन मिति : २०८२ असार २२

मुद्रण : लक्ष्मी अफसेट प्रेस गाईघाट

त्रियुगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गाईघाट, उदयपुर

कोशी प्रदेश, नेपाल

पत्र सं. : २०८२/०८३

च. नं. :



## मेरो भनाइ

शिक्षा जीवनयापनका लागि आवश्यक ज्ञान, सिप, व्यवहार, सोच, दृष्टिकोण र मूल्यहरूको निरन्तर प्रक्रिया हो । यसले व्यक्तिको मानसिक, बौद्धिक, सामाजिक, नैतिक र भावनात्मक पक्षको समग्र विकासमा योगदान पुऱ्याउँछ । यो केवल विद्यालयमा पठनपाठन सीमित नभई अनुभव, अभ्यास, संवाद, अवलोकन र वातावरणबाट प्राप्त हुने ज्ञानसमेत हो । शिक्षाले मानिसलाई सोंच्न, बुझ्न, निर्णय गर्न, समस्याको समाधान गर्न र जिम्मेवार नागरिक बन्न सिकाउँछ । यथार्थमा भन्नु पर्दा शिक्षा भनेको व्यक्तिलाई जीवन जिउन सिकाउने र समाजमा जिम्मेवारपूर्वक बाँच्न सक्षम बनाउने सम्पूर्ण प्रक्रिया हो ।

नेपालको संविधानले आधारभूत तहको शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक तहको शिक्षालाई निःशुल्क हुने अधिकार सुनिश्चित गरे अनुसार अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मार्गनिर्देशनमा त्रियुगा नगरपालिकाले दस वर्षे नगर शिक्षा योजना तयार गरी विद्यालयहरूलाई नीति, प्रक्रिया र प्रविधिबाट सञ्चालन गरी समतामूलक र गुणस्तरीय शिक्षा प्रदान गर्ने थलोको रूपमा विकसित गराउने दूरदृष्टिसहित अगाडि बढेका छौँ ।

यो योजनाले आगामी दशकमा नगरको शिक्षाक्षेत्रमा रूपान्तरणकारी परिवर्तन ल्याउने लक्ष्य राखेको छ । संविधानले सुनिश्चित गरेको निःशुल्क र अनिवार्य शिक्षाको अधिकार कार्यान्वयन गर्न नगरपालिका अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ र बालबालिकासम्बन्धी ऐन, २०७५ लाई संवेदनशील रूपमा कार्यान्वयन गर्दै अगाडि बढिरहेको छ ।

त्रियुगा नगरपालिका शिक्षा क्षेत्रको विकासप्रति अत्यन्त संवेदनशील र प्रतिबद्ध रहेको छ । नगर क्षेत्रभित्र सञ्चालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरूमा अध्ययनरत सम्पूर्ण बालबालिकाहरूको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि नगरपालिका समर्पित रहेको छ । विद्यालय प्रशासन सुदृढीकरण, प्रधानाध्यापकहरूको क्षमता विकास, शिक्षकहरूलाई तहगत र विषयगत तालिम प्रदान गर्ने तथा विद्यालय र क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्नेजस्ता माध्यमबाट नगरले शैक्षिक गुणस्तर अभिवृद्धिको लक्ष्य लिएको छ । यी प्रयासहरूले शिक्षाको गुणस्तर मजबुत बनाउनका साथै स्थानीय शिक्षाक्षेत्रलाई सशक्त बनाउने अपेक्षा गरिएको छ । स्थानीय तथा राष्ट्रिय शैक्षिक मापदण्ड उकास्नसमेत योगदान पुग्ने छ भन्ने विश्वास लिएका छौँ । शैक्षिक गुणस्तर अभिवृद्धिका साथै शिक्षा क्षेत्रको सर्वाङ्गीण विकासको लागि म लगायत त्रियुगा नगरपालिका सम्पूर्ण समूह प्रतिबद्ध रहेका छौँ र हाम्रो नारा **"स्वस्थ, शिक्षित, उद्यमशील हाम्रो सहरः समुन्नत, समावेशी, समृद्ध त्रियुगा नगर"** अनुरूप नगर बनाउन लागि परेका छौँ ।

धन्यवाद !

जय नेपाल !

**वसन्तकुमार बस्नेत**

नगर प्रमुख

त्रियुगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गाईघाट, उदयपुर

कोशी प्रदेश, नेपाल

पत्र सं. : २०८२/०८३

च. नं. :



## शुभकामना

शिक्षा गुणस्तरीय जीवन र गतिशील समाज निर्माणको आधारशिला हो । शिक्षाको बहुआयामिक महत्त्वलाई आत्मसात् गर्दै हाम्रो संविधानले शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । मुलुकको आर्थिक,सामाजिक,सांस्कृतिक, प्रशासनिक र भौतिक पूर्वाधारको विकासको आधारशिलाको रूपमा लिइने शिक्षालाई विश्वभर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्ने महत्त्वपूर्ण माध्यमका रूपमा स्वीकार गरिएको छ ।

शिक्षालाई आम नागरिकको पहुँचमा पुऱ्याउन एकातिर सामुदायिक शिक्षा प्रणाली प्रभावकारी तवरले अघि बढाउनु पर्ने छ भने अर्कोतिर गुणस्तरीय, जीवनोपयोगी, व्यावसायिक र प्राविधिक शिक्षाको प्रवर्धन गर्दै समग्र विकासका लागि आवश्यक जनशक्ति मुलुकभित्रै उत्पादन गर्न जोड दिनुपर्ने स्थिति छ । युवा, विधार्थी, अभिभावकहरूलाई स्वदेशमै गुणस्तरीय शिक्षा र रोजगारीको सुनिश्चितताप्रति विश्वास जगाउनु आजको आवश्यकता हो ।

यी नै कुराहरूलाई मध्यनजर गर्दै यस नगरपालिकाले सरोकारवाला पक्षहरूको अर्थपूर्ण सहभागितामा दस वर्षे शिक्षा योजना निर्माण कार्य गरेको छ । आगामी दस वर्षमा यस नगरपालिकाको शिक्षाको स्तरलाई कहाँ पुऱ्याउने भन्ने मार्गचित्र प्रस्तुत भएको यस योजनालाई सफल बनाउनु हामी सबैको साझा दायित्व हो । शिक्षा नै समाज विकासको आधारस्तम्भ भएको र यसले समाजमा समानता र सामाजिक न्यायको सुनिश्चितता गर्नुका साथै नागरिकलाई नैतिक र सामाजिक मूल्यमान्यताको विकास गरी संस्कारसहित जिम्मेवार र सभ्य नागरिक बनाउँदछ । अतः शिक्षामा सबैको समान सहभागिता, समान पहुँच, गुणस्तर तथा प्रभावकारिता कायम हुन सकोस् भन्ने शुभेच्छासहित शुभकामना प्रकट गर्दछु ।

**महेश्वरी राई**

नगर उपप्रमुख

त्रियुगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गाईघाट, उदयपुर

कोशी प्रदेश, नेपाल

पत्र सं. : २०८२/०८३

च. नं. :



## शुभकामना

शिक्षा सामाजिक न्याय, समावेशिता र समृद्धिको बलियो आधार हो । संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुख समावेशी राज्य निर्माणको लक्ष्य साकार पार्न गुणस्तरीय विद्यालय शिक्षा अपरिहार्य छ । सङ्घीय सरकारको **राष्ट्रिय शिक्षा नीति, २०७६, सोह्रौं आवधिक योजना** तथा विद्यालय शिक्षासम्बन्धी रणनीतिहरूको कार्यान्वयनमा स्थानीय सरकारको सक्रिय भूमिका अत्यन्तै महत्त्वपूर्ण छ ।

यसै सन्दर्भमा त्रियुगा नगरपालिकाले आफ्नै स्रोत साधनको अधिकतम उपयोग गर्दै आगामी **दस वर्षका लागि शैक्षिक योजना** तयार पारेको छ । यस योजनाले विद्यालय शिक्षाको सबै पक्ष भौतिक पूर्वाधार, पाठ्यक्रम, शिक्षक विकास, व्यवस्थापन र समावेशी पहुँचलाई समेट्दै, सिकाइको न्यूनतम मापदण्ड सुनिश्चित गर्ने लक्ष्य राखेको छ ।

यस योजनाबाट विशेषतः आर्थिक, सामाजिक रूपमा पछाडि पारिएका समुदायका बालबालिकाहरूको शिक्षामा पहुँच वृद्धि हुने विश्वास लिइएको छ । साथै विद्यार्थीको समग्र व्यक्तित्व विकास, सामाजिक उत्तरदायित्व र जीवनोपयोगी सिपको विकासमा समेत यसले सकारात्मक प्रभाव पार्ने छ ।

यो योजना केवल कागजी दस्तावेज नभई शिक्षामा दीर्घकालीन परिवर्तनको संवाहक हो । यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्पूर्ण नगरवासी, शिक्षक, अभिभावक, सरोकारवाला सबैको साझा प्रयास र सहकार्य आवश्यक छ । यस महत्त्वपूर्ण योजना निर्माण कार्यमा साथ, सुझाव र प्रोत्साहन प्रदान गर्नु हुने नगर प्रमुखज्यू, उपप्रमुखज्यू तथा योजना दस्तावेज तयारीमा महत्त्वपूर्ण योगदान दिनुहुने तयारी टोलीका सदस्यहरू एवम् सबै सरोकारवालाप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर साथ-सहयोगको अपेक्षा गर्दछु । हार्दिक शुभकामना ।

**कुमारप्रसाद कोइराला**

(प्रमुख प्रशासकीय अधिकृत)

त्रियुगा नगरपालिका

# दुई शब्द

नेपालको संविधानले समतामूलक, समावेशी र समाजवादोन्मुख राष्ट्रनिर्माण गर्ने मुख्य उद्देश्य राखी शिक्षासम्बन्धी हक तथा प्राथमिकताहरू स्थापित गरेको छ। ती प्राथमिकता र स्थानीय सरकारका शिक्षाका २३ ओटा अधिकार, सङ्घीय सरकारको विद्यालय शिक्षा क्षेत्रको योजना (SESP), राष्ट्रिय शिक्षा नीति २०७६ एवम् सोह्रौँ आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्न आवश्यक छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्ने नीतिगत व्यवस्था छ। सामाजिक आर्थिक रूपान्तरणका लागि न्यूनतम सिकाइ वातावरणको सुनिश्चितता गर्दै विद्यालय उमेर समूहका बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको पहुँचमा सुधार गर्ने लक्ष्य र यसैसँग सम्बन्धित उद्देश्य र क्रियाकलापहरू यस योजनाले निर्धारण गरेको छ।

शैक्षिक सेवाहरू प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् लक्ष्यमा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नको लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्रको योजना कार्यान्वयनमा रहेको छ। त्यसैगरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको शिक्षा योजना निर्माण भै कार्यान्वयनमा छन्। स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भए पश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रमहरू स्थानीय तहमार्फत कार्यान्वयन भैरहेका छन्। अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय सरकारहरूले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकताहरूलाई प्राथमिकतामा राखी स्थानीय स्तरमा शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ।

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानूनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यहरूलाई सङ्घीय संरचना अनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यक देखिएको छ। विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समयसापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले दस वर्षे विद्यालय शिक्षा क्षेत्र योजना तयार गरेको छ। त्यसैगरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको दस वर्षे शिक्षा योजना निर्माणको थालनी भएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत तथा माध्यमिक तहको शिक्षाको अधिकार कार्यान्वयन गर्नका लागि पनि शिक्षा योजना निर्माण र कार्यान्वयनको आवश्यकता रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने कानूनी व्यवस्थासमेत गरेको छ। सङ्घीय सरकार, प्रदेश सरकार एवम् स्थानीय सरकारबिच समन्वय र सहकार्य गरी सामूहिक लक्ष्य र उद्देश्य प्राप्त गर्नका लागि शिक्षा योजनाको आवश्यकता महसुस गरी विद्यालय शिक्षा क्षेत्र योजनामा आधारित भई दस वर्षे स्थानीय शिक्षा योजना तयार गरिएको छ।

त्रियुगा नगरको समग्र शैक्षिक उन्नयनका लागि बनाइएको यो दस वर्षे योजनाले बालविकास केन्द्रदेखि उच्च शिक्षा र प्राविधिक तालिम विषयका कुरालाई समेट्ने प्रयास गरेको छ। त्यसैगरी भौतिक संरचनाका कुरादेखि बजेट प्रक्षेपणसमेत यस योजनाले गरेको छ। बालविकास केन्द्रलाई विस्तारै नमुना र समृद्ध बनाउने, संविधानले प्रत्याभूत गरेका निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षालाई पूरा गराउन मद्दत गर्ने छ। नमुना आवासीय माध्यमिक विद्यालय, थप प्राविधिक धारका कक्षाहरू सञ्चालन पनि यस योजनाका प्राथमिकताका विषय हुन्। अपाङ्गता/विशेष शिक्षालाई थप व्यवस्थित गर्न एकीकृत हब निर्माण गर्ने, आधारभूत तथा माध्यमिक विद्यालयलाई क्रमशः प्रविधिमैत्री बनाई नगरपालिकासँग विद्यालयलाई प्रविधिमार्फत जोड्ने, नगरका विपन्न, गरिब तथा दलित बालबालिकालाई शैक्षिक सामग्री र उच्च शिक्षातर्फ छात्रवृत्तिको व्यवस्था गर्ने समेत यस योजनामा समेटिएको छ। यस नगरभित्र उच्च शिक्षातर्फ प्राविधिक शिक्षा कार्यक्रम र मेडिकल कलेज स्थापनालाई जोड दिइएको छ। स्थानीय तहको अधिकार क्षेत्रभित्र माध्यमिक तहसम्मको व्यवस्थापन र नियमन पर्ने भएकाले विद्यालय तहको शिक्षामा मूल्याङ्कन प्रणालीमा सुधार गर्न नगरले परीक्षा सञ्चालन र व्यवस्थापनका लागि कार्यविधि बनाई परीक्षा बोर्ड गठन गर्ने कुरा पनि यस योजनामा समेटिएको छ।

लेखन कार्यदलले लामो समयसम्म एकआपसमा छलफल गरी शिक्षासम्बन्धी दस्तावेजहरू र मौजुदा कानूनको अध्ययन गर्दै सरोकारवालासँग छलफल गरी सुझावहरू सङ्कलन गरिएको थियो। यसलाई भाषा र व्याकरण सम्पादन गर्ने काम हाम्रै कार्यदलबाट भयो। यस सिलसिलामा त्रियुगा नगरपालिकाका आदरणीय नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा सामाजिक विकास समितिका संयोजकले समय समयमा आवश्यक सल्लाह, सुझाव तथा हौसला प्रदान गर्नुभयो जसले हामीलाई लेखन कार्यमा ठुलो प्रेरणा प्राप्त भयो। यसरी हौसला र यो योजना लेखनको अवसर प्रदान गर्नु हुने सबैलाई लेखन कार्यदलको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ। त्यसैगरी यस योजना लेखनको सन्दर्भमा आवश्यक सल्लाह तथा सुझाव दिनु हुने सरोकारवालाहरू, तथ्याङ्क उपलब्ध गराई दिनु हुने त्रियुगा नगर शिक्षा शाखा पनि धन्यवादको पात्र हुनुहुन्छ। लेखन कार्यलाई प्राविधिक सहयोग पुऱ्याउने युएसएआइडीलाई पनि हार्दिक धन्यवाद व्यक्त गर्दछौँ। यस लेखन कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सल्लाह, सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरूलाई पनि हार्दिक धन्यवाद ! त्यस्तै विभिन्न पुस्तकहरू, ऐन नियमहरू, विभिन्न पत्रपत्रिका तथा बुलेटिनहरू, निर्देशिकाहरू, विभिन्न वेवसाइटहरू जसबाट यो योजना लेखनमा महत्त्वपूर्ण सन्दर्भ सामग्रीहरू रहेका छन्, यसका लेखक, प्रकाशक तथा प्रोप्राइटरहरूप्रति लेखन कार्यदलको तर्फबाट हार्दिक आभार व्यक्त गरिन्छ। सफा, गुणस्तरयुक्त र छिटोछिरतो रूपमा छापिदिने लक्ष्मी अफसेट प्रेस गाईघाटलाई पनि हार्दिक धन्यवाद।

अन्त्यमा, रचनात्मक सल्लाह तथा सुझावका लागि कार्यदल हार्दिक स्वागत गर्दछ।

योजना तयार कार्यदल

# योजनाको सारांश

देश सङ्घीयतामा प्रवेश गरेसँगै विद्यालय तहको शिक्षा स्थानीय सरकारको क्षेत्राधिकारभित्र समावेश गरिएको हुँदा यस क्षेत्रको शिक्षाको विकासका निम्ति शिक्षा योजना तयार पारी कार्यान्वयन गर्न त्रियुगा नगरपालिकाले विद्यालय तहको शैक्षिक सुधार तथा बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने उद्देश्यले दस वर्षे विद्यालय शिक्षा योजनाको बनाएको छ। यो योजना मूलतः विद्यालय शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउन केन्द्रित रहे तापनि यसले समग्र नगरको शैक्षिक पक्षलाई समेटेको छ। **" स्वस्थ, शिक्षित, उद्यमशील, हाम्रो सहरः समुन्नत, समावेशी, समृद्ध त्रियुगा नगर "** भन्ने दूरदृष्टिका साथ तयार गरेको यस योजनामा दूरदृष्टि पूरा गर्न विभिन्न कार्यक्रम समावेश गरिएको छ।

यस योजनामा बालविकासलाई स्तरोन्नतिका लागि नमुना बालविकास केन्द्रको स्थापना, प्रविधिको विकास र शैक्षिक सामग्री व्यवस्थापनको पक्षलाई जोड दिइएको छ। बालविकास शिक्षक सहजकर्ताको क्षमता विकास गरी गुणस्तरीय शिक्षाको प्रबन्धको प्रयास गरिएको छ। संविधानले प्रत्याभूत गरेको विद्यालय तहको आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य र माध्यमिक शिक्षा निःशुल्क हुने प्रावधानलाई कार्यान्वयन गर्न जोड दिइएको छ। दुवै तहका शिक्षालाई प्रविधिमैत्री र माध्यमिक तहमा आवासीय विद्यालय निर्माण तथा प्राविधिक विषयहरूको विस्तारमा जोड दिइएको छ। विद्यार्थीहरूमा श्रम र सिप विकासका लागि नगरभित्रका केही विद्यालयहरूमा पढ्दै कमाउँदै कार्यक्रमलाई अघि बढाउने कुरा यसमा समावेश गरिएको छ। प्राविधिक जनशक्तिको विकासको लागि तालिम तथा सिप विकासमा जोड दिइएको छ। खुल्ला शिक्षाको सञ्चालन तथा अनौपचारिक शिक्षामार्फत शिक्षाबाट वञ्चित जनशक्तिलाई शिक्षाको मूलधारमा ल्याउने कार्यक्रमसमेत योजनामा उल्लेख छ।

स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन गर्नुका साथै राष्ट्रिय पाठ्यक्रमको कार्यान्वयनमा समेत जोड दिइएको छ। विद्यालयलाई डिजिटल सामग्रीसहित सिकाइयुक्त वातावरण तयार गर्ने पक्ष पनि योजनामा समावेश छ। परीक्षा र मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न नगरस्तरीय एक परीक्षा बोर्ड स्थापना गरी कार्यान्वयनमा ल्याउने कुरा समावेश गरिएको छ। पाठ्यक्रमले तोकेको मूल्याङ्कन प्रणालीलाई कार्यन्वयनमा ल्याउन योजनाले जोड दिएको छ।

शैक्षिक समता र समावेशीकरण अन्तर्गत अपाङ्गमैत्री संरचना निर्माण, अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा पहुँचका लागि नगरमा एकीकृत हबको विकास गर्ने योजनामा उल्लेख गरी विपन्न, अल्पसङ्ख्यक, पिछडिएको वर्ग र गरिब समुदायका बालबालिकाहरूको शिक्षामा पहुँच वृद्धि गर्न यस योजनामा कार्यक्रम समावेश गरिएको छ।

विद्यालय पोषणलाई सुदृढ बनाउन दिवा खाजालाई कक्षा ८ सम्म विस्तार गर्ने कुरा योजनामा समावेश गरिएको छ। विद्यालयमा स्वास्थ्य प्रवर्धनमा जोड दिन विद्यालय नर्सिङ कार्यक्रम प्रदेशको सहकार्यमा विस्तार गर्ने कार्यक्रमका साथै नियमित स्वास्थ्य परीक्षण तथा सेनेटरी प्याडको व्यवस्थापन पनि यस योजनाको लक्ष्य हो।

शिक्षकको आवश्यकतालाई परिपूर्ति गर्न नगरमा एक शिक्षक बैङ्कको स्थापना गर्ने र सो मार्फत शिक्षक परिचालन गर्ने, शिक्षकको अभाव भएको बेला भर्चुअल लर्निङमार्फत पढाइ सञ्चालन गर्नसमेत कार्यक्रम राखिएको छ। शिक्षकलाई प्रोत्साहनका साथै सिकाइ आदनप्रदानको लागि अवलोकन भ्रमण गरी सिकाइ वृद्धि गर्ने कार्यक्रम यस योजनामा रहेको छ।

विद्यालयलाई विपत् प्रतिरोधी बनाउन आवश्यक भौतिक पक्षको सबलीकरण, सरोकारवालाको क्षमता विकास र विपत् पूर्व तयारी कार्यक्रम योजनामा समावेश गरिएको छ। भौतिक पूर्वधारलाई क्रमशः विकास र विस्तार गर्दै दस वर्षभित्र सम्पूर्ण विद्यालयलाई भौतिक पक्षबाट सबल बनाउने कुरा पनि योजनामा समावेश गरिएको छ।

नगर र विद्यालयलाई सूचना र सञ्चारमार्फत जोडी मनिटरीङ र अनलाइन कक्षाहरू सञ्चालन गर्ने कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ। योजनाको अन्त्यसम्ममा शिक्षकहरूको क्षमता विकास गरी प्रविधिमैत्री शिक्षा सञ्चालनमा ल्याउने योजना रहेको छ। प्राविधिक सिप विकास तालिममार्फत सिपयुक्त जनशक्ति उत्पादन गर्ने, उच्च शिक्षातर्फ प्राविधिक विषयका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक सहयोग गर्ने र मेडिकल कलेज स्थापना र सञ्चालनमा जोड दिने कुरा योजनामा राखिएको छ।

सार्वजनिक पुस्तकालयको सबलीकरण गर्न प्रत्येक वडामा क्रमशः वाचनालयको स्थापना गर्ने, सामुदायिक सिकाइ केन्द्रलाई थप सुधार गरी सञ्चालनमा ल्याउने तथा प्रत्येक विद्यालयमा सूचना अधिकारीको व्यवस्था गरी गुनासो सुनुवाइ कार्यक्रमलाई कार्यान्वयनमा ल्याउने योजना रहेको छ। शिक्षाका सरोकारवालालाई पदीय रूपमा जिम्मेवार बनाई शैक्षिक पारदर्शितासहित सुशासन कायम गर्न आवश्यक प्रबन्ध गरिएको छ।

यी कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट तीनै तहका सरकारहरूको सहयोग र समन्वयबाट उपलब्ध हुने गरी बजेट कार्यान्वयनको रणनीति लिइएको छ। आधार वर्षको बजेट शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी वर्तमान कार्यक्रम कार्यान्वयन निर्देशिकाले निर्दिष्ट गरेको नियमको आधारमा तयार गरी त्यसमा प्रतिवर्ष पाँचदेखि दस प्रतिशतका दरले थप गर्दै बजेटको लक्ष्य निर्धारण गरिएको छ। योजना कार्यान्यनमा लाग्ने बजेट व्यवस्थापनमा नगरपालिकाले स्रोतको खोजी गर्दै नगरस्तरबाट विनियोजित हुने बजेटको आकारलाई समेत वृद्धि गर्नुपर्ने अवस्था छ। यस योजना कार्यान्वयन गर्दा नगरले योजना कार्यान्वयनको वार्षिक समीक्षा र मूल्याङ्कन गरी उपलब्धिको लेखाजोखा गर्दै पाँच वर्षपश्चात् आवधिक समीक्षासमेत गर्नुपर्ने हुन्छ, जसले गर्दा योजना कार्यान्वयन प्रभावकारी हुन पुग्दछ।

अन्त्यमा यो योजना त्रियुगा नगरपालिकाले आ.व. २०८१/०८२ मा योजना निर्माण समिति गठन गरी सरोकारवालासँग छलफल र सुझाव सङ्कलन गर्दै तयार गरिएको छ। यो योजनालाई २०८२ असार मसान्तमा अन्तिम रूप दिई आ.व. २०८२/०८३ बाट कार्यान्वयनमा ल्याइएको छ।

# विषयसूची

## परिच्छेद १ : परिचय


| | | |
|---|---|---|
| १.१ | वर्तमान अवस्था | १ |
| १.२ | शिक्षा क्षेत्रका अवसर , मुख्य समस्या तथा चुनौतीहरू | १२ |
| १.३ | योजना निर्माणको प्रक्रिया | १५ |


## परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण


| | | |
|---|---|---|
| २.१ | दूरदृष्टि | १६ |
| २.२ | लक्ष्य | १६ |
| २.३ | उद्देश्य | १७ |
| २.४ | रणनीति | १८ |
| २.५ | कार्यनीति | १९ |
| २.६ | अपेक्षित उपलब्धि | २१ |
| २.७ | मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण | २२ |


## परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्र


| | | |
|---|---|---|
| ३.१ | प्रारम्भिक बालविकास र शिक्षा | २३ |
| ३.२ | आधारभूत शिक्षा | २८ |
| ३.३ | माध्यमिक शिक्षा | ३४ |
| ३.४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ४० |
| ३.५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ४३ |


## परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र


| | | |
|---|---|---|
| ४.१ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ४८ |
| ४.२ | शिक्षक व्यवस्थापन र विकास | ५१ |
| ४.३ | शैक्षिक समता र समावेशीकरण | ५४ |
| ४.४ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ५८ |
| ४.५ | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | ६२ |
| ४.६ | विद्यालय भौतिक पूर्वाधार विकास | ६६ |
| ४.७ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ६८ |


## परिच्छेद ५ : अन्य उपक्षेत्र


| | | |
|---|---|---|
| ५.१ | मन्टेसरी कार्यक्रम सञ्चालन | ७१ |
| ५.२. | प्राविधिक तथा व्यावसायिक सिप र तालिम | ७३ |
| ५.३ | उच्च शिक्षाको व्यवस्थापन | ७४ |
| ५.४ | सामुदायिक पुस्तकालय/वाचनालयको प्रबन्ध र व्यवस्थापन | ७७ |


## परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन


| | | |
|---|---|---|
| ६.१ | वर्तमान अवस्था | ७९ |
| ६.२ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ८२ |


## परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन


| | | |
|---|---|---|
| ७.१ | वर्तमान अवस्था | ८५ |
| ७.२ | उद्देश्य | ८७ |
| ७.३ | रणनीति | ८८ |
| ७.४ | प्रमुख उपलब्धि | ८८ |
| ७.५ | प्रमुख क्रियाकलाप र लक्ष्य | ८८ |
| ७.६ | योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया | ९४ |
| ७.७ | योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन | ९६ |


## परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन


| | | |
|---|---|---|
| ८.१ | वर्तमान अवस्था | ९७ |
| ८.२ | उद्देश्य | ९७ |
| ८.३ | रणनीति | ९८ |
| ८.४ | प्रमुख उपलब्धि तथा नतिजा | ९८ |
| ८.५ | प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | ९८ |

९. परिशिष्ट

- सन्दर्भ सामग्री
- अनुसूची
- कार्यशाला लेखन/छलफलको फोटोहरू

# परिच्छेद-१
# परिचय

## १.१ वर्तमान अवस्था

नेपालको वर्तमान संविधानले आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क गरेको छ भने माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क गर्ने हक सुनिश्चित गरेको छ । त्यसैगरी, अपाङ्गता भएका तथा आर्थिक रूपले पिछडिएका बालबालिकाहरूको शिक्षामा कानुनबमोजिम निःशुल्क गर्ने कुरासमेत सुनिश्चित गरेको छ । सङ्घीयस्वरूपको राज्य व्यवस्था भएअनुरूप तीनै तहका सरकारहरू स्थापना भई क्रियाशील अवस्थामा छन् । सबै सरकारहरूका आ-आफ्ना परिवेश भएअनुरूप र प्राप्त अधिकारबमोजिम शिक्षा क्षेत्रलाई फरक ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भइसकेको छ । तीनै तहका सरकारहरूले समन्वयात्मक ढङ्गबाट शिक्षा क्षेत्रको विकासको लागि योजना बनाई परिवर्तित मर्म र गन्तव्यहरूलाई उक्त योजनामा प्रतिविम्बित गर्दै राष्ट्रले लिएका लक्ष्यहरू पूरा गर्नु आजको आवश्यकता हो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ ( २४, १) मा योजना तयारको सन्दर्भमा नीतिगत व्यवस्था भएको छ । नगरपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक, वार्षिक, क्षेत्रगत योजनाहरू बनाउनु पर्ने, यसरी योजना बनाउँदा सङ्घ र प्रदेश सरकारको नीति, लक्ष्य तथा उद्देश्यसँग तादात्म्यता कायम गर्नुपर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिनुपर्ने, छिटो र उच्च प्रतिफल दिने, रोजगारीमूलक, दिगो एवम् सामाजिक न्याय अभिवृद्धि गर्ने विषयलाई प्राथमिकता दिने, स्थानीय तहले मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची (Project Bank) तयार गर्नुपर्ने, सहभागितामूलक योजना तर्जुमाको पद्धति अवलम्बन गर्ने र सरोकारवालाहरूको अधिकतम सहभागिता सुनिश्चित गर्ने जस्ता विषयहरूका विषयमा नीतिगत भएबमोजिम नै क्षेत्रगत योजना तयार गर्ने नीतिगत व्यवस्था छ ।

नेपालको संविधानको धारा ५६ को उपधारा ( १), (२), (४), र ( ६) बमोजिम निर्धारित नेपालको शासकीय संरचनाअनुरूप उदयपुर जिल्लाका आठ स्थानीय तहमध्येको एक त्रियुगा नगरपालिका १६ वडाहरूमा संरचित छ । नेपालको संविधानको अनुसूची ८ र ९ ले तोकेको स्थानीय तहको एकल तथा साझा अधिकार क्षेत्रभित्र सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तको जगमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य संवैधानिक अधिकारबमोजिम स्थानीय तहको शासकीय प्रबन्धको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन त्रियुगा नगरपालिका नगर कार्यपालिकाको कार्यालयले गर्दछ । नेपालको संविधानअनुसार स्थानीय तहको कार्यपालिकीय, व्यवस्थापकीय, न्यायिक तथा आर्थिक अधिकारसमेत स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य प्रचलित कानुनबमोजिम नगरपालिकाबाट कार्यान्वयन हुने गर्दछ । यस नगरको कार्य विभाजन नियमावली-बमोजिम यस नगर कार्यपालिकालाई प्राप्त अधिकार नगर प्रमुखमार्फत प्रमुख प्रशासकीय अधिकृत र निजमार्फत विषयगत शाखा, पदाधिकारी र वडा कार्यालयहरूबाट सम्पादन गर्ने गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ अधिकारहरूको व्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै नेपाल सरकारले तय गरेका शिक्षा क्षेत्रको दस वर्षे योजना, शिक्षा नीति २०७६, विद्यालय सबलीकरण दशक ( २०७६-२०८५), पन्ध्र वर्षे दिगो विकासको लक्ष्य, सोह्रौँ आवधिक योजनाले तय गरेका लक्ष्यहरू पूरा गर्नका लागि र त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले सहयोग समन्वय तथा आत्मसात् गर्नु आवश्यक रहेको छ । त्यसैगरी सन् २०३० सम्म प्राप्त गर्ने भनेर तय भएका १७ ओटा दिगो विकासका लक्ष्यहरू मध्ये लक्ष्य नं. ४ मा सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता



तथा आजीवन सिकाइका अवसरहरू प्रोत्साहित गर्ने लक्ष्य निर्धारण गरेको छ । जसको लागि ७ उद्देश्यहरू तथा ३ माध्यमहरू तय गरेको छ । त्यसको साथै यस नगरपालिकाले पनि समग्र पालिकाको विकास र परिवर्तनका लागि केही सोच, लक्ष्य, उद्देश्यसहित शिक्षा क्षेत्रको नीति तय गरेको छ ।

त्यसैगरी संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत उपधारा ( ५) मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने छ भन्ने उल्लेख छ । नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुने छ भन्ने उल्लेख गरिएको छ । साथै सोही धाराको उपधारा ( ३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक उल्लेख छ र उपधारा ७ मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भनी उल्लेख गरिएको छ । त्यसैगरी संविधानको धारा ४० मा दलितको हक अन्तर्गत उपधारा (२) मा दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानूनबमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिने छ साथै प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितको लागि कानुनबमोजिम विशेष व्यवस्था गरिने छ भन्ने व्यवस्था गरिएको छ ।

नेपालको संविधानको अनुसूची ५ मा केन्द्र सरकार वा सङ्घको अधिकार सूचीभित्र शिक्षासम्बन्धी अधिकारहरूमा केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरको प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन तथा केन्द्रीय पुस्तकालय तोकिएको छ । त्यसैगरी संविधानको अनुसूची ६ मा प्रदेशको अधिकार सूचीभित्र शिक्षासम्बन्धी अधिकारमा प्रदेश विश्वविद्यालय, उच्चशिक्षा, पुस्तकालय, सङ्ग्रहालय तोकिएको छ साथै संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीभित्र शिक्षासम्बन्धी अधिकारहरूमा आधारभूत र माध्यमिक शिक्षा तोकिएको छ साथै संविधानको अनुसूची ७ र ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारका साझा सूचीभित्र शिक्षासमेत समावेश गरिएको छ । नेपालको संविधानले सङ्घ प्रदेश तथा स्थानीय तहलाई निर्दिष्ट गरेका एकल वा साझा अधिकारहरूको व्यावहारिक रूपमा कार्यान्वनय गर्दै राष्ट्रले लिएका शैक्षिक नतिजाहरूको लागि आपसी समन्वय, सहकार्य र सहअस्तित्व आजको आवश्यकता हो ।

त्यसैगरी चालु अवस्थामा रहेको सोह्रौँ आवधिक योजनाले शिक्षा क्षेत्रको विकासको लागि स्पष्ट मार्गनिर्देशन गरेको छ । यस योजनाले पनि गुणस्तरीय शिक्षामार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ भने उद्देश्यहरूमा सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु, प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु, पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनसुन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु, सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु तथा सङ्घीय संरचनाअनुरूप सबै तहका शैक्षिक-प्रशासनिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्नु रहेका छन् ।

देश विकासका लागि योग्य, सक्षम, सिपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु, ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहुँच र गुणस्तर अभिवृद्धि गरी विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, वैज्ञानिक, नवप्रवर्तनात्मक, अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संसाधन विकास गर्नु, नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका

माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्नु, शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता र जवाफदेहिता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु, सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्याससमेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु, औपचारिक, अनौपचारिक र अतिरिक्त शिक्षाबिच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता, गतिशीलता र पारगम्यता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु, शिक्षा प्राप्तिको संवैधानिक र कानूनी दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्त समन्यायिक र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु र व्यक्तिमा वैज्ञानिक चिन्तन र व्यवहार विकास गर्न विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकीकरण गर्दै परम्परागत एवम् आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्नु राखेको छ।

त्रियुगा नगरपालिकाका आवश्यकताहरू पूरा गर्न नगरपालिकाको आफ्नो परिवेशअनुसारको शिक्षा क्षेत्रको दस वर्षे योजना तयार गर्नु आजको आवश्यकता रहेको निष्कर्ष रहेको छ। साथै सबै सहभागीहरूबाट जिल्लाका सबै स्थानीय सरकारहरूले शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न पालिका स्तरमा शिक्षा प्रोफाइल तथा शिक्षा योजना अति नै आवश्यक रहेको र तयार गर्ने प्रतिबद्धता गरेबमोजिम योजना निर्माणको कार्यलाई अगाडि बढाइएको हो।

यसै सन्दर्भमा यस नगरपालिकाले स्थापनाकालदेखि नै विद्यालयको गुणस्तर सुधारमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। मूलतः विद्यालयको भौतिक सुधार, विद्यार्थीहरूका प्रतिभाहरूको विकासका लागि विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन, विद्यार्थीहरूको शारीरिक तथा बौद्धिक विकासका लागि खेलकुद कार्यक्रम सञ्चालन, प्रारम्भिक बालविकास तथा प्रारम्भिक कक्षाको पठनसिप विकास, शिक्षक तथा विद्यालय कर्मचारी साथै प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूलाई पेसागत विकासका लागि विभिन्न प्रकारका तालिमहरू सञ्चालन, शैक्षिक गुणस्तर सुधारका लागि प्रधानाध्यापकहरूको नियमित बैठक सञ्चालन, समावेशी शिक्षासम्बन्धी अभिमुखीकरण, सूचना प्रविधिसम्बन्धी तालिम, विव्यस अध्यक्ष तथा प्रधानाध्यापकहरूका लागि कार्यक्रम कार्यान्वयन कार्यविधिको अभिमुखीकरण तथा क्षमता अभिवृद्धि तालिम, शैक्षिक तथ्याङ्क तथा लेखा व्यवस्थापन तालिम सञ्चालन, विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण तालिम, पाठ्यक्रम प्रबोधीकरण कार्यशाला, आवधिक विद्यालय अनुगमन तथा शिक्षकको पेसागत सहयोगसहित सिकाइ सुधारमा जोड दिइँदै आएको छ।

### १.१.१ भौगोलिक अवस्थिति

त्रियुगा नेपालको कोशी प्रदेशमा रहेको उदयपुर जिल्लाको एक नगरपालिका हो। उदयपुर जिल्लाको सदरमुकाम गाईघाट यस नगरपालिकाभित्रको एक केन्द्रीय स्थल हो। उदयपुर जिल्लामा रहेका तत्कालीन गाईघाट, देउरी र भुमरसुवा गाउँ विकास समिति मिलाएर वि.सं. २०५३ चैत्र १४ गते यो नगरपालिकाको गठन गरिएको थियो। पूर्वी नेपालको भित्री मधेशको उदयपुर जिल्लामा रहेको त्रियुगा नगर द्रुततर गतिमा विकास भइरहेको नगर हो। यस नगरपालिकाभित्र सबै जिल्लास्तरीय कार्यलयहरूका साथै क्याम्पस, विद्यालय तथा अस्पतालहरू समेत रहेका छन्। नेपालको संविधान लागु भएर देश सङ्घीय संरचनामा गएपछि त्रियुगा



नगरपालिकामा जोगीदह, साउने, खाँबु र चिलाउने गाउँ विकास समितिलाई समायोजन गरी हाल १६ ओटा वडासहितको त्रियुगा नगरपालिका कायम गरिएको छ। वि.सं. २०७८ को जनगणनाअनुसार हाल यस नगरपालिकाको जनसङ्ख्या १,०२,७२५ रहेको छ।

त्रियुगा नगरपालिकाको पूर्वमा चौदण्डीगढी नगरपालिका, पश्चिममा उदयपुरगढी गाउँपालिका र सप्तरी जिल्लाको भूभाग, उत्तरमा रौतामाई गाउँपालिका र खोटाङ जिल्लाको भूभाग र दक्षिणमा सप्तरी जिल्ला रहेका छन्। यो नगर त्रियुगा नदीको किनारमा अवस्थित रहेको हुनाले यसकै नाउँमा त्रियुगा नगरपालिकाको नामकरण गरिएको हो।

उदयपुर जिल्लाभित्र रहेको यस त्रियुगा नगरपालिका २६°४१'१७" उतरी अक्षांशदेखि २६°५६'४२" उत्तरी अक्षांशसम्म र ८६°३२'११.५" पूर्वी देशान्तरदेखि ८६°५०'२९" पूर्वी देशान्तरसम्म फैलिएको छ। यस नगरपालिकाको क्षेत्रफल ५४७.४३ वर्ग कि.मि. रहेको छ। जिल्लाको मुख्य व्यापारिक नाका तथा तराई र पहाडी भूभागलाई जोड्ने केन्द्रको रूपमा रहेको यो नगरलाई जिल्ला सदरमुकामको नगरपालिकाको रूपमा चिनिन्छ।

### १.१.२ जनसाङ्ख्यिकी संरचना

पूर्वी नेपालको भित्री मधेशको उदयपुर जिल्लामा रहेको त्रियुगा नगर द्रुततर गतिमा विकास भइरहेको नगर हो। यस नगरपालिकाभित्र सबै जिल्लास्तरीय कार्यालयहरूका साथै क्याम्पस, विद्यालय तथा अस्पतालहरू समेत रहेका छन्। कुल १६ वडामा विभाजित यो नगरपालिकाको जनसङ्ख्या वि.सं. २०६८ को जनगणनाअनुसार ८७,५५७ रहेको छ। वि.सं. २०७८ को जनगणनाअनुसार यहाँ १ हजार ७ सय २७ घरधुरी र १,०२,७२५ मानिसहरू बसोबास गर्छन्। जसमध्ये पुरुषको सङ्ख्या ४८४६३ (४७.२%) र महिलाको सङ्ख्या ५४२६२ (५२.८%) रहेको छ। पुरुष र महिलाको लिङ्ग अनुपात ८९.३१:१०० र जनघनत्व प्रति वर्ग किलोमिटरमा १८८ जना रहेको छ। त्रियुगा नगरपालिकामा क्रमशः क्षेत्री, थारू, राई, दलित, मगर, ब्राहमण, दनुवार, तामाङ, नेवार, मुस्लिम, सदा, गुरुङ, छन्त्याल, यादव, माझी, लिम्बू आदि समुदायको बसोबास रहेको छ। यस नगरपालिकामा साक्षारता दर ८० प्रतिशत रहेको छ। धार्मिक दृष्टिले हिन्दु ७७.३ प्रतिशत, किरात ९.१ प्रतिशत, बौद्ध ८ प्रतिशत र बाँकी अन्य रहेका छन्।

**त्रियुगा नगरपालिकाको वि.सं. २०७८ को वडागत लिङ्ग अनुसारको जनसङ्ख्याको विवरण**

| वडा नं. | जनसङ्ख्या | | | लिङ्ग अनुपात | वडा नं. | जनसङ्ख्या | | | लिङ्ग अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | | | जम्मा | पुरुष | महिला | |
| १ | ४६५८ | २१८२ | २४७६ | ०.८८ | ९ | ६२८६ | २६२० | ३६६६ | ०.७१ |
| २ | ५८३० | २७४४ | ३०८६ | ०.८९ | १० | ८४४० | ३८८४ | ४५५६ | ०.८५ |
| ३ | ९९९७ | ४६९२ | ५३०५ | ०.८८ | ११ | ८९४१ | ५३५५ | ३५८६ | १.४९ |
| ४ | ५६६६ | २६१३ | ३०५३ | ०.८६ | १२ | ६६७९ | ३७७० | २९०९ | १.३० |
| ५ | ६२७२ | ३३१७ | २९५५ | १.१२ | १३ | ६३८६ | २९८२ | ३४०४ | ०.८८ |
| ६ | ८६५२ | ४२६४ | ४३८८ | ०.९७ | १४ | २३१२ | १११२ | १२०० | ०.९३ |
| ७ | ९१८५ | ३१४७ | ६०३८ | ०.५२ | १५ | ३५४१ | १७३६ | १८०५ | ०.९६ |
| ८ | ६६९६ | २५५९ | ४१३७ | ०.६२ | १६ | ३१८४ | १५०६ | १६७८ | ०.९० |
| जम्मा | | | | | | १०२७२५ | ४८४६३ | ५४२६२ | ०.८९ |

वि.सं. २०७८ को जनगणनाअनुसार यस नगरपालिकाको कुल जनसङ्ख्या १ लाख २ हजार ७ सय २५ रहेको छ जसमा ४८ हजार ४ सय ६३ जना पुरुष र ५४ हजार २ सय ६२ जना महिला रहेका छन् । साथै यस नगरपालिकाभित्र जम्मा १ हजार ७ सय २७ घरधुरी रहेका छन् । यस नगरपालिकाको उमेरगत जनसङ्ख्यालाई निम्नानुसार तालिकामा देखाइएको छ :

**त्रियुगा नगरपालिकाको उमेरअनुसारको जनसङ्ख्याको विवरण :**

| उमेर समूह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| ९५ वर्षभन्दा माथि | २४ | १४ | ३८ |
| ९० देखि ९४ वर्षका | ६३ | ४४ | १०७ |
| ८५ देखि ८९ वर्षका | १४९ | १४१ | २९० |
| ८० देखि ८४ वर्षका | २८२ | २८० | ५६२ |
| ७५ देखि ७९ वर्षका | ६३१ | ५८९ | १२२० |
| ७० देखि ७४ वर्षका | ११०८ | ९१० | २०१८ |
| ६५ देखि ६९ वर्षका | १३६९ | १२२७ | २५९६ |
| ६० देखि ६४ वर्षका | १७२१ | १५६८ | ३२८९ |
| ५५ देखि ५९ वर्षका | १८७१ | १९१५ | ३७८६ |
| ५० देखि ५४ वर्षका | २७५५ | २६२८ | ५३८३ |
| ४५ देखि ४९ वर्षका | २७८६ | २४४२ | ५२२८ |
| ४० देखि ४४ वर्षका | ३३६० | २७२७ | ६०८७ |
| ३५ देखि ३९ वर्षका | ४१२५ | ३०९७ | ७२२२ |
| ३० देखि ३४ वर्षका | ४७६५ | ३२७७ | ८०४२ |
| २५ देखि २९ वर्षका | ५०६४ | ३४९६ | ८५६० |
| २० देखि २४ वर्षका | ५३४३ | ४०१३ | ९,३५६ |
| १५ देखि १९ वर्षका | ५२९३ | ५२३९ | १०,५३२ |
| १० देखि १४ वर्षका | ५०५१ | ५२०९ | १०,२६० |
| ५ देखि ९ वर्षका | ४६७६ | ५२७३ | ९,९४९ |
| ० देखि ४ वर्षका | ३८२६ | ४३७४ | ८,२०० |
| **जम्मा** | ५४२६२ | ४८४६३ | १०२७२५ |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग २०७८

उमेरका आधारमा त्रियुगा नगरपालिकाको जनसङ्ख्यालाई विश्लेषण गर्दा सबैभन्दा बढी जनसङ्ख्या १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूह रहेको छ जसको जम्मा जनसङ्ख्या १०५३२ जना रहेको छ भने दोस्रो १० वर्षदेखि १४ वर्षसम्मको उमेर समूह रहेको छ, उक्त समूहको सङ्ख्या १०२६० जना रहेको छ । त्यस्तै विद्यालय जाने उमेर समूहको सङ्ख्या लगभग ३० हजार ७ सय ४१ जना रहेको देखिन्छ । माथिको तालिका हेर्दा बालबालिकाहरूको र युवाहरूको जनसङ्ख्या बढी देखिन्छ भने ६० वर्षभन्दा बढी उमेरको जनसङ्ख्या कम र युवा अवस्थाको बढी देखिन्छ जुन भोलिको उत्पादनको लागि उपयोगी मानिन्छ । त्यसैले लक्षित समूहलाई शिक्षा प्रदान गर्नुपर्ने हिसावले हेर्दा शिक्षालाई व्यावसायिक, रोजगारमुखी तथा उत्पादनमुखी बनाउन आवश्यक देखिन्छ ।



### १.१.३ सामाजिक तथा सांस्कृतिक अवस्था

नेपालको संविधानमा नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक भए झैँ त्रियुगा नगरपालिका पनि विविधता भएको स्थानीय तह हो । यस स्थानीय तहमा क्रमशः क्षेत्री, थारू, राई, दलित, मगर, ब्राह्मण, दनुवार, तामाङ, नेवार, मुस्लिम, सदा, गुरुङ, छन्त्याल, यादव, माझी, लिम्बू, आदि समुदायको मिश्रित बसोबास रहेको छ । यस पालिकाको भित्री मधेश खण्डमा आदिवासीका रूपमा थारू र दनुवार रहेका छन् भने पहाडी भूभागमा चाहिँ राई र मगर आदिवासीका रूपमा रहेका छन् । यस नगरपालिकाका सबै जातीय समुदायले मातृभाषाका रूपमा आफ्नै भाषा बोल्छन् तर मुख्य बोलीचालीको भाषा भने नेपाली रहेको छ । धार्मिक रूपमा हिन्दु धर्मालम्बीहरूको उच्च बाहुल्यता रहेको यस नगरपालिकामा साक्षरता दर ८० प्रतिशत रहेको छ । जसमा साक्षर पुरुष ८६.९ प्रतिशत र साक्षर महिला ७४ प्रतिशत रहेका छन् । क्षेत्री र बाहुनले कुलदेवताका रूपमा मस्टलाई पूजा गर्दछन् भने राईहरूले वैशाख पूर्णिमा र मंसिर पूर्णिमामा उँभौली उँधौली मनाउँछन् । त्यसैगरी थारूले नयाँ वर्षका रूपमा माघीलाई धुमधामसँग मनाउँछन् भने दनुवारको मुख्य चाड दशैँ, तिहार हो, यसै वेला दशैँको नवमीको रात्रीमा प्रकृतिको पूजा गर्दछन् । यसका अतिरिक्त यहाँ मनाइले चाडपर्वहरूमा दशैँ, तिहार, कृष्णाष्टमी, जनैपूर्णिमा, माघे सङ्क्रान्ति/माघी, सामाचखेवा, जितिया, चैते दशैँ, बुद्ध जयन्ती, ल्होसार, लाखेनाच, म्हपूजा, इद, छठ, क्रिसमस डे आदि रहेका छन् ।

धार्मिक तथा भाषिक रूपमा करिब एकरूपता रहेको यो क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र सांस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन् । यस नगरपालिकामा बसोबास गर्ने मानिसको भेषभूषाका रूपमा पुरुषहरूले मुख्य रूपमा दौरा, सुरुवाल, टोपी, कमिज, सुरुवाल, पेन्ट, कोट तथा धोती र महिलाले गुन्यु, चोली, कुर्था सलवार र पटुकी लगाउने गर्दछन् । त्रियुगा नगरपालिकाभित्र बसोबास गर्ने मध्ये सबैभन्दा धेरै हिन्दु धर्मावलम्बी रहेका छन् । त्यसैगरी क्रमशः किराँत, बौद्ध, क्रिश्चियन, मुस्लिम आदि धर्मावलम्बी बसोबास गर्दछन् । यस नगरपालिकामा सबैभन्दा बढी बोलिने भाषा नेपाली भए पनि थारू, मैथिली, मगर, राई, दनुवार र नेपाल भाषा बोल्ने मानिस पनि रहेका छन् ।

### १.१.४ आर्थिक अवस्था

नेपाललाई कम आय भएको मुलुकबाट मध्यम आय भएको राष्ट्रमा पु-याउने सरकारको महत्त्वकांक्षी लक्ष्यलाई टेवा दिन त्रियुगा नगरपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरूलाई अगाडि बढाएको छ । यहाँका मानिसहरूको आर्थिक स्तरमाथि उकास्न उन्नत जातको पशुपालन, बीउ बिजन, व्यावसायिक खेती व्यापार व्यवसाय, रोजगार मेला तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसका अलवा वैदेशिक रोजगारीले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत पुगेको देखिन्छ भने महामारीको रूपमा फैलिएको कोभिड-१९ को असर हालसम्म रहँदा समग्र आर्थिक क्षेत्र कमजोर रहेको अवस्था छ ।

यस नगरमा रहेको उदयपुर सिमेन्ट उद्योग लिमिटेड नेपालको सबैभन्दा ठुलो सिमेन्ट उद्योग हो । वि.सं. २०४५ मा जापान सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्मित यस उद्योग नगरपालिकाको वडा नं. ६ जलजलेमा अवस्थित छ । यस उद्योगलाई आवश्यक कच्चा पदार्थ चुनढुङ्गा यसै नगरपालिकाको वडा नं. १६ सिदालीबाट रोपवेमार्फत ढुवानी गर्न पूर्वाधारहरू बनाइएको छ ।

यस त्रियुगा नगरपालिकाको केन्द्रमा पूर्व पश्चिम मदन भण्डारी वैकल्पिक राजमार्ग र उत्तर दक्षिणमा कदमाहा गाईघाट दिक्तेल सडकले गाईघाट बजारसँग जोडेको छ । जसको कारणले गाईघाट बजार व्यापारिक केन्द्र बन्ने अवस्थामा छ । खानी, जल, जमिन र जङ्गल प्रशस्त रहेकाले उद्योग, कृषि, जडीबुटी आदिको प्रवर्धन गरी यस नगरभित्र आर्थिक उपार्जन गर्न सकिने सम्भावना रहेको छ । नदीजन्य पदार्थ, वन पैदावरको बिक्री वितरण, व्यवसाय कर र सम्पत्ति करमार्फत नगरको आन्तरिक राजश्वलाई व्यवस्थित र मजबुत बनाउन सकिने अवस्था छ ।

यस नगरपालिकाले हरेक जातजाति र भाषाभाषीहरूको आस्थाअनुरूप विभिन्न मठमन्दिर र थानहरूको सुरक्षा गर्दै आइरहेको छ जसले ऐतिहासिक, धार्मिक एवम् दर्शनीय स्थलको रूपमा पर्यटकीय सम्भावना बोकेका छन् । रौता पोखरीसम्मको पहुँच, सुनकोसीमा -याफ्टिङ, प्याराग्ल्याइडिङ जस्ता पूर्वाधारको विकास गरी पर्यटन क्षेत्रलाई मजबुत गर्दै आर्थिक उन्नति गर्न सकिने अवस्था छ ।

### १.१.५ शैक्षिक अवस्था

नेपालमा शैक्षिक संरचनाको दृष्टिले हेर्दा विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ । एक वर्ष अवधिको प्रारम्भिक बालविकास र कक्षा १ देखि ८ सम्म गरी जम्मा नौ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ भने कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने व्यवस्था छ । आधारभूत तहलाई अनिवार्य तथा नि:शुल्क गरिएको छ भने माध्यमिक तह नि:शुल्क रहने व्यवस्था छ । हाल नेपालमा विद्यालय शिक्षा सामुदायिक र संस्थागत गरी दुई तरिकाबाट सञ्चालनमा रही आएका छन् ।

**१. त्रियुगा नगरपालिकाको विद्यालय तथा कलेज विवरण २०८१**

| तह | कक्षा | विद्यालय सङ्ख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | धार्मिक विद्यालय | |
| आधारभूत तह | कक्षा १-३ | १० | ४ | ४ | १८ |
| | कक्षा १-५ | २१ | ७ | | २८ |
| | कक्षा १-८ | ११ | १२ | ० | २३ |
| माध्यमिक तह | कक्षा १-१० | १२ | १७ | १ | ३० |
| | कक्षा १-१२ | १२ | ५ | ० | १७ |
| बालविकास केन्द्र | | ११२ | ४५ | ० | १५७ |
| सिकाइ केन्द्र | | ४ | ० | ० | ४ |
| कलेज | | २ | १ | ० | ३ |



**२. विद्यार्थी विवरण २०८१**

| क्र.सं. | तह | सामुदायिक | | | संस्थागत | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १ | बा. वि . के. (नर्सरी र के.जी.) | ८५५ | १०२१ | १८७६ | ११३९ | १६७७ | २८१६ | |
| २ | आ.वि. तह (कक्षा १- ५) | २७९१ | २७७९ | ५५७० | ३३५२ | ४३१३ | ७६६५ | |
| ३ | आ.वि तह (कक्षा ६-८) | २०८८ | १९७७ | ४०६५ | १४११ | १८५७ | ३२६८ | |
| ४ | मा.वि तह (कक्षा ९-१०) | १३७२ | १२१९ | २५९१ | ५३३ | ६८४ | १२१७ | |
| ५ | मा.वि. तह (कक्षा ११-१२) | १२०४ | ९४३ | २१४७ | ३०७ | ३९५ | ७०२ | |
| | जम्मा विद्यार्थी | ८३१० | ७९३९ | १६२४९ | ६७४२ | ८९२६ | १५६६८ | |

**३. शिक्षकहरूको विवरण २०८१ (सामुदायिक मात्र )**

| क्र.सं. | तह/ श्रेणी | प्रथम | द्वितीय | तृतीय | राहत | शिक्षण सिकाइ अनुदान | पालिका अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | मा. शि. | १ | ८ | २५ | ३२ | १६ | ३ | ८५ |
| | नि.मा. शि. | २ | १३ | ३५ | ६१ | ११ | ६ | १२८ |
| | प्रा. शि. | ९ | १०९ | १२८ | ८८ | | १७ | ३५३ |
| | परिचारिका | | | | | ४ | | ४ |

**४. स.का. र कर्मचारी विवरण २०८१ (सामुदायिक मात्र )**

| क्र.सं. | तह/ श्रेणी | दरबन्दी | अनुदान | प्रशिक्षक | सह प्रशिक्षक | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | मा.वि. (११–१२) | ११ | १५ | ४ | --- | ३० |
| २ | प्राविधिक (त्रियुगा मा.वि.) | --- | --- | २ | २ | ४ |

| क्र.सं. | विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | बालविकास (स.का.) | ११२ | विद्यालय र समुदायका दुवै |
| २ | सहायक कर्मचारी | २५ | |
| ३ | सहयोगी कर्मचारी | ७१ | |

## ५. धार्मिक विद्यालय विवरण २०८१

| क्र.सं. | विद्यालयको नाम | तह/ श्रेणी | स्थायी | करार | जम्मा |
|---|---|---|---|---|---|
| १ | त्रियुगा वैदिक गुरूकुलम् | प्रा.शि. तृतीय | १ | - | १ |
| | | नि. मा. शि. | - | ३ | ३ |
| | | मा. शि. | - | ४ | ४ |
| २ | मदरसा तजबिदुल कुरान आ. वि. गाईघाट | शिक्षक | - | २ | २ |
| ३ | मदरसा भुल्के | शिक्षक | - | २ | २ |
| ४ | मदरसा खैजनपुर | शिक्षक | - | २ | २ |
| ५ | मदरसा देउरी | शिक्षक | - | २ | २ |

यस त्रियुगा नगरपालिकामा सामुदायिक विद्यालयतर्फ आधारभूत तहका ४२ छोटा (३१ ओटा १-५ कक्षा र ११ ओटा १-८ कक्षा सञ्चालन) र माध्यमिक तहका २४ ओटा (१२ ओटा १-१० कक्षा र १२ ओटै १-१२ कक्षा सञ्चालन) रहेका छन् । त्यस्तै ४ ओटा आधारभूत तहका मदरसा र धार्मिक गुरूकुलतर्फ १–१० कक्षा सञ्चालन भएको एउटा विद्यालय रहेको छ । यसरी त्रियुगा नगरपालिकामा जम्मा ७१ ओटा सामुदायिक विद्यालय छन् ।

त्यसैगरी त्रियुगा नगरपालिकामा ११२ ओटा बालविकास केन्द्रहरू सामुदायिक विद्यालयअन्तर्गत रहेका छन् र ४ ओटा सिकाइ केन्द्रहरू समुदायमा सञ्चालित छन् । सबै सामुदायिक विद्यालयहरूमा एक एकजना विद्यालय सहयोगी र माध्यमिक विद्यालयहरूमा थप एक जना विद्यालय सहायक (लेखासम्बन्धी काम गर्ने कर्मचारी) कर्मचारी छन् ।

यस नगरपालिकामा संस्थागत विद्यालयतर्फ आधारभूत तहका २३ ओटा र माध्यमिक तहका २२ ओटा गरी जम्मा ४५ ओटा सञ्चालित छन् । संस्थागत विद्यालयतर्फ तीनआटा चाहिँ गुठीअन्तर्गत सञ्चालित छन् ।

शिक्षासम्बन्धी ऐन, नियमको प्रभावकारी कार्यान्वयन गर्न विद्यालयहरू भौतिक रूपमा सबल, आर्थिक रूपमा सम्पन्न र पेसाप्रति समर्पित जनशक्तिको जरुरत पर्दछ । विद्यालय शिक्षासम्बन्धी अधिकार व्यवस्थित ढङ्गले कार्यान्वयन गर्न र विद्यालय शिक्षामा देखापरेका समस्याहरू निराकरण गरी नतिजामूलक सुधारका लागि संस्थागत प्रयासहरू जरुरत हुन्छ । यसका निमित्त नगरपालिकाका विधायिकी, कार्यकारी र प्रशासनिक अङ्गले विद्यालय शिक्षामा देखापरेका समस्या, चुनौती एवम् अवसरहरूको सही मापन र विश्लेषण गरी आवश्यक नीति, योजना, विधि तथा कानून निर्माण गरी कार्यान्वयन गर्ने कार्यमा सक्रियतापूर्वक लाग्नु पर्दछ ।

त्रियुगा नगरपालिका स्थानीय शिक्षा ऐन, नियमावली निर्माण गरी संविधानले प्रदान गरेको विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी अधिकारको व्यवस्थित प्रयोग गर्न प्रयासरत रहेको छ । स्थानीय तहलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले तोकेको शिक्षासम्बन्धी अधिकारहरू निम्नानुसार रहेका छन्;

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन र नियमन,



४. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन र नियमन,
५. गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
६. गाउँ तथा शिक्षा समिति गठन र व्यवस्थापन,
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
८. विद्यालयको नामकरण,
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्य सामग्रीको वितरण,
११. सामुदायिक विद्यालयको शिक्षक एवम् कर्मचारीको दरबन्दी मिलान,
१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
१५. विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
१७. ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
१८. स्थानीय स्तरका शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण,
१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
२१. सामुदायिक विद्यालयलाई दिइने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
२२. शिक्षण सिकाइ र शिक्षक र कर्मचारीको दक्षता तथा क्षमता विकास,
२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

### शैक्षिक उपलब्धिसम्बन्धी विवरण २०८१

| कक्षा | नेपाली | | | अङ्ग्रेजी | | | गणित | | | विज्ञान | | | सामाजिक | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | ५८ | ५९ | ५९ | ५७ | ५६ | ५७ | ६० | ५८ | ५९ | | | | ६० | ५९ | ५९ |
| २ | ६५ | ६८ | ६६ | ६५ | ६७ | ६६ | ६६ | ६९ | ६८ | | | | ६९ | ६९ | ६९ |
| ३ | ७० | ७२ | ७१ | ६६ | ६७ | ६७ | ६६ | ६७ | ६७ | | | | ७० | ७२ | ७१ |
| ४ | ५८ | ६३ | ६० | ५४ | ५१ | ५३ | ५५ | ६० | ५८ | ५६ | ५८ | ५७ | ५६ | ६१ | ५९ |
| ५ | ६० | ६५ | ६३ | ५८ | ६२ | ६० | ५७ | ६० | ५९ | ५७ | ५९ | ५८ | ६० | ६३ | ६२ |
| ६ | ५६ | ६० | ५८ | ५६ | ५९ | ५८ | ५५ | ५८ | ५७ | ५६ | ६० | ५८ | ५३ | ५६ | ५५ |
| ७ | ६० | ६२ | ६१ | ६१ | ६२ | ६२ | ५८ | ५८ | ५८ | ५९ | ६० | ६० | ५८ | ६० | ५९ |
| ८ | ६४ | ६९ | ६७ | ६७ | ६९ | ६८ | ५९ | ६२ | ६१ | ६७ | ६९ | ६८ | ६४ | ६६ | ६५ |
| ९ | ५३ | ५९ | ५६ | ५० | ५४ | ५२ | ४८ | ५२ | ५० | ४७ | ५१ | ४९ | ४९ | ५४ | ५२ |

स्रोत : IEMIS Report, २०८०

**विद्यालयको भौतिक विवरण (सामुदायिक) २०८१**

| क्र.सं. | विद्यालय भवनको विवरण | एकाइ | जम्मा विद्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालय भवन | सङ्ख्या | ५०२ | |
| २ | कच्ची भवन (ढुङ्गा, माटो वा ईँटा, माटो) | भवन | ३१७ | |
| | | कक्षाकोठा | ६३४ | |
| ३ | पक्की भवन | भवन | १८५ | |
| | | कक्षाकोठा | ७४० | |
| ४ | भूकम्प प्रतिरोधी प्रविधिले बनेका भवन | भवन | ५० | |
| | | कक्षाकोठा | २५० | |
| ५ | बाढीको जोखिममा रहेका विद्यालय भवन | भवन | ६ | |
| | | कक्षाकोठा | २४ | |
| ६ | पहिरोको जोखिममा रहेका विद्यालय भवन | भवन | १२ | |
| | | कक्षाकोठा | ४० | |
| ७ | हावाहुरीको जोखिममा रहेका विद्यालय भवन | भवन | १९ | |
| | | कक्षाकोठा | ३८ | |
| ८ | आगलागीको जोखिममा रहेका विद्यालय भवन | भवन | ११ | |
| | | कक्षाकोठा | २२ | |
| ९ | जमिन भासिने जोखिममा रहेका विद्यालय | भवन | ३ | |
| | | कक्षाकोठा | ६ | |

यस त्रियुगा नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयका भवनहरू मध्ये माध्यमिक विद्यालयमा अधिकांश भवनहरू पक्की र भूकम्प प्रतिरोधी भए पनि आधारभूत विद्यालयका भवनहरू कच्ची, पुराना र कमजोर अवस्थामा नै रहेका छन् । प्राकृतिक प्रकोपका हिसाबले हेर्दा कच्ची भवन भएका विद्यालयहरू जोखिमयुक्त छन् । पहाडी भूगोल र कमजोर धरातलमा रहेका भवनहरू पहिरो र भासिने अवस्थामा पनि रहेका छन् । कक्षाकोठाको हिसाबले हेर्दा सामान्यतया: पुग्न सक्ने देखिए पनि कक्षा ११ र १२ चलेका विद्यालयहरूमा एकै सत्रमा कक्षा सञ्चालन गर्न भने कक्षाकोठा अपुग देखिन्छ साथै जीर्ण भएका कक्षाकोठालाई पुनः निर्माण तथा मर्मत गरेर प्रयोग योग्य बनाउन आवश्यक रहेको छ ।

### १.१.६ सबल पक्षहरू:

त्रियुगा नगरपालिकाको विद्यालय शिक्षामा देहायका सबल पक्षहरू विद्यमान रहेका छन् ;

१. विद्यालय शिक्षामा सबै बालबालिकाहरूको पहुँच रहेको,
२. नगर शिक्षा समिति गठन भई शिक्षासम्बन्धी कार्य गर्ने गरेको,



३. सबै विद्यालयमा नियमानुसरको विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन भई क्रियाशील रहेको,
४. वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मापदण्ड, कार्यविधि बनाई सोहीअनुसार कार्यक्रम कार्यान्वयन हुने गरेको,
५. माध्यमिक विद्यालयमा कम्प्युटर ल्याब तथा पुस्तकालयको प्रयोग भएको,
६. सबै विद्यालयमा शिक्षक विद्यार्थी आचारसंहिता बनाई लागु भएको,
७. शिक्षक दरबन्दीको अभावमा नगरपालिकाले अनुदान शिक्षकको व्यवस्था गरेको,
८. नगरपालिका र शिक्षा शाखाले सामाजिक सञ्जालमार्फत सूचना प्रवाह गर्ने गरेको,
९. विद्यालयमा SIP निर्माण गरी कार्यान्वयन भएको,
१०. न्यूनतम भौतिक सुविधा उपलब्ध भएको,
११. विद्यार्थी उपस्थिति दर ६० प्रतिशतभन्दा माथि रहेको,
१२. तालिम प्राप्त शिक्षकको उपलब्धता रहेको,
१३. नगरपालिकाले विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ तथा संस्थाहरूसँग सहकार्य गर्ने गरेको,
१४. प्रविधिमैत्री शिक्षण सिकाइ सुरु भएको,
१५. स्थानीय सरकार एवम् सरोकारवालाहरूको निरन्तर रूपमा चासो बढेको,
१६. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण र कार्यान्वयन भएको,
१७. नगरस्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप हुने गरेको,
१८. स.का. र कर्मचारीलाई न्यूनतम अपुग भएको तलब नगरपालिकाले थप गरेको,
१९. वृत्ति छनोटका लागि वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन भई आएको ।

## १.२ शिक्षा क्षेत्रका अवसर, मुख्य समस्या तथा चुनौतीहरू

### १.२.१ शिक्षा क्षेत्रका अवसरहरू:

संविधानमै शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिने व्यवस्थाले शिक्षामा सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, साक्षरता दरमा भएको वृद्धि, विद्यालय तहको खुद भर्नादर र लैङ्गिक समता सूचकाङ्कमा प्रगति देखिनु, समावेशी सहभागिता बढ्दै जानु, सामुदायिक विद्यालयप्रतिको चासो र जनअपेक्षा बढ्दै जानु, प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रारम्भ हुनु जस्ता विषयहरू शिक्षा क्षेत्रका अवसरहरू हुन् ।

अवसरहरू निम्नानुसार रहेका छन्:

१. आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाको लागि संवैधानिक, कानूनी र नीतिगत प्रबन्ध भएको,
२. स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले विद्यालय शिक्षासम्बन्धी २३ ओटा अधिकार प्रदान गरेको,
३. स्थानीय तहमा शिक्षा क्षेत्रमा विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूको क्रियाशीलता रहेको,
४. गुणस्तरीय शिक्षाप्रति अभिभावक एवम् सरोकारवालाहरूको चासो, चिन्ता एवम् मोहमा बढोत्तरी भएको,
५. विद्यालय तहमा खुद भर्नादरमा उल्लेख्य वृद्धि भएको,
६. लैङ्गिक समता सूचकाङ्क सकरात्मक रहेको,
७. शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता वृद्धि भइरहेको,

८. शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता एवम् तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य भएको,
९. प्राविधिक शिक्षाको विस्तारले मानव स्रोत विकास सम्भवना रहेको,
१०. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहेको,
११. नगरपालिकाले शिक्षा क्षेत्रको सुधारका लागि आवश्यक नीति, नियम निर्माण तथा बजेटको व्यवस्थापन गर्न सक्नु,
१२. शिक्षा गुणस्तर सुधारका लागि जस्तैः शिक्षकको व्यवस्थापन, तालिम तथा अन्य शैक्षिक सामग्री सहयोग,
१३. शिक्षक पेसागत विकासका लागि पालिकास्तरमा विज्ञ समूह गठन गरिएको तथा विद्यालयस्तरमा शिक्षक सिकाइ समूह निर्माण गर्ने योजना भएको,
१४. आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्न कानूनी आधार निर्माण भएको,
१५. दातृ निकायहरूको साझेदारी, समन्वय र सहकार्य रहेको,
१६. व्यावसायिक शिक्षा एवम् तालिमको विस्तार गर्न सकिने प्रावधान हुनु,
१७. समुदायमा शिक्षाप्रतिको आकर्षण बढ्दै जानु ।

## १.२.२ शिक्षा क्षेत्रका मुख्य समस्या र चुनौतीहरू

### मुख्य समस्या

लक्षित समूहका बालबालिकाको भर्ना, सहभागिता, निरन्तरता एवम् सिकाइ उपलब्धि कमजोर हुनु, तहगत र विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसकिनु, स्रोतको न्यूनता हुनु, तोकिएको शैक्षिक सत्रमा तह पार गर्नेको सङ्ख्या कम हुनु, पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त सिकाइका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु, शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूति हुन नसक्नु, प्रतिभाहरूको पलायन नियन्त्रण गर्न नसकिनु जस्ता विषयहरू विद्यालय शिक्षाका प्रमुख समस्याका रूपमा रहेका छन् । विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा देखिएका समस्याहरू निम्नानुसार पहिचान गरिएको छ :

१. सबैका लागि समतामूलक, समावेशी एवम् गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु,
२. सरोकारवालाहरूको अपेक्षित सहभागिता र अपनत्व विकास नहुनु,
३. अभिभावकहरूमा सामुदायिक विद्यालयप्रति विश्वास जगाउन नसक्नु,
४. विद्यालय उमेरका सबै बालबालिकाहरूको विद्यालय शिक्षामा समतामूलक पहुँच पुग्न नसक्नु,
५. बिचैमा विद्यालय छाड्ने र पुनःकक्षा दोहोऱ्याउने दर उच्च हुनु,
६. विशेष किसिमको आवश्यकता भएका बालबालिकाहरूको चाहना र आवश्यकतालाई पहिचान गरी सम्बोधन गर्न नसकिनु,
७. सबैका लागि समान र समतामूलक शैक्षिक सेवा र सुविधा प्रवाह तथा वितरण हुन नसक्नु,
८. शैक्षिक सुधारका लागि गुणस्तरलाई स्पष्ट रूपमा परिभाषित गर्न नसकिनु,
९. विद्यालयस्तरीय पाठ्यक्रमलाई समय सान्दर्भिक, स्तरयुक्त र सबैको आवश्यकता पूरा गर्ने खालको बनाउन नसकिनु,
१०. निरक्षर जनसङ्ख्यालाई साक्षर बनाई सान्दर्भिक र जीवनोपयोगी सिप प्रदान गर्न नसकिनु,



११. सुधारका लागि विद्यमान संरचना र पद्धतिको क्षमतामा वृद्धि गर्न संस्थागत, सङ्गठनात्मक र वैयक्तिक सक्षमता वृद्धि गर्न नसकिनु,
१२. दक्ष जनशक्तिको अभाव तथा भएका जनशक्तिको समेत क्षमता अभिवृद्धि गर्न नसक्नु,
१३. शिक्षकका लागि पुनर्ताजगी तालिमको न्यून उपलब्धता तथा तालिममा सिकेका ज्ञान तथा सिपहरू कक्षाकोठामा न्यून मात्रामा प्रयोग हुनु,
१४. शिक्षा दीर्घकालीन रूपमा प्रतिफल दिने क्षेत्र भएको तर सरोकारवालाहरूबाट तत्काल नतिजा खोज्ने प्रवृत्ति कायम रहनु,
१५. स्पष्ट जिम्मेवारी तोकी ऐन, नियम नआउँदा तीनै तहका सरकारहरूबिच कार्य सम्पादनको क्रममा अन्यौलता कायमै रहनु,
१६. शिक्षकलाई पेसागत सहयोग गर्ने प्रणालीको विकास गर्न नसक्नु,
१७. सिकाइ उपलब्धिको स्तरमा कमी हुनु,
१८. प्राविधिक शिक्षामा विद्यार्थीको पहुँच कम हुनु,
१९. तहगत , क्षेत्रगत तथा विषयगत रूपमा सम्पूर्ण विद्यालयहरूमा शिक्षक व्यस्थापन गर्न नसक्नु,
२०. विद्यार्थी र विद्यालय शिक्षकहरूको अनुपात मिलान नहुनु ।

### चुनौती

विद्यालय शिक्षाको सर्वसुलभता, समतामूलक पहुँच, गुणस्तर सुनिश्चिततासहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण बढाउनु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, उद्यमशील, समालोचनात्मक र अन्वेषणकारी नागरिक तयार गर्नु, विद्यालयबाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा विकासको लागि भौतिक पूर्वाधार, प्राविधिक जनशक्तिको उपलब्धता र समन्यायिक पहुँच सुनिश्चित गर्न आवश्यक पर्ने स्रोत-साधनको उपलब्धता र व्यवस्थापन गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, क्षमतावान् युवालाई स्थानीय तहमै सेवा गर्ने अवसरको सिर्जना गर्नु, जनसाङ्ख्यिक बनोट, आन्तरिक र बाह्य बसाइँ-सराइका प्रवृत्तिसमेतको अध्ययन गरी शैक्षिक संस्थाहरूको नक्साङ्कन गर्नु र सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु विद्यालय शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरू हुनु, जुन यसप्रकार छन् :

१. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण बढाउने र सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु,
२. प्रारम्भिक बाल विकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन गर्नु,
३. सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षण सिकाइ क्रियाकलापमार्फत उच्च सिकाइ उपलब्धि सुनिश्चित गर्नु,
४. अभिभावकहरूमा सामुदायिक विद्यालयप्रतिको विश्वास तथा चासो वृद्धि गर्नु,
५. प्रविधिमैत्री शिक्षण सिकाइमार्फत गुणस्तर सुधारका लागि पूर्वाधार व्यवस्थापन तथा जनशक्तिको सक्षमता अभिवृद्धि गर्नु,
६. स्थानीय मातृभाषामा पठनपाठन गराउँदा फरक भाषी विद्यार्थीहरूलाई अन्य कक्षा व्यवस्थापन गर्नु,

७. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक आर्थिक स्रोतको समुचित प्रबन्ध गर्नु,
८. दक्ष, योग्य, तालिम प्राप्त तथा सक्षम शिक्षकहरूको प्राप्ति, प्रयोग, उत्प्रेरणा एवम् विद्यालयमा टिकाइ राख्नु तथा गणित, अङ्ग्रेजी र विज्ञान जस्ता विषय शिक्षकहरू पदपूर्ति समयमै गर्नु,
९. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घ र अभिभावकहरूको भूमिकामा प्रभावकारिता अभिवृद्धि गर्नु,
१०. विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको स्थापना , समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्नु,
११. सबै विद्यालयको भौतिक र शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु,
१२. शिक्षक र शिक्षा क्षेत्रको जनशक्तिमा पेसागत जवाफदेहिता सुनिश्चित गर्नु,
१३. विद्यालय नेतृत्वको भूमिका सबलीकरण तथा शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु,
१४. शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र कार्यकुशलता वृद्धि गर्नु,
१५. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु,
१६. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउनु,
१७. बालबालिकाको पोषणको अवस्था र स्वास्थ्यमा सुधार गर्न दिवा खाजा, सरसफाइ, स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा विद्यालयमार्फत प्रदान गर्नु,
१८. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउनु।

## १.३ योजना निर्माणको प्रक्रिया

यस त्रियुगा नगरपालिकाको दस वर्षे शैक्षिक योजना निर्माण प्रक्रियामा यस अघि बनेका योजनाहरूलाई समेटेर निम्न चरणहरू अपनाई योजना निर्माण गरिएको छः

१. शिक्षा समिति र सरोकारवालाहरू बसी योजना निर्माणको बारेमा छलफल र अन्तरक्रिया गरिएको,
२. योजना निर्माण प्रक्रिया बारेमा कार्यशाला सञ्चालन गरी क्षमता विकास गरिएको,
३. योजना निर्माण कार्यदल गठन गरी मस्यौदा निर्माणको कार्य जिम्मेवारी दिइएको,
४. कार्यदलबाट मस्यौदा निर्माण भएको,
५. मस्यौदालाई सरोकारवाला समक्ष पेस गरी सुझाव सङ्कलन गरिएको,
६. सुझावलाई समावेश गरी कार्यदलले योजनालाई अन्तिम रूप दिएको,
७. योजनालाई शिक्षा समिति र कार्यपालिकामा छलफल गराई पेस गरिएको,
८. योजनालाई कार्यपालिकाबाट पारित गरिएको।



# परिच्छेद-२
# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

नेपालको संविधानले विद्यालय तहको शिक्षा सञ्चालन र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको अधिकारको सूचीमा व्यवस्था गर्नुका साथै साझा अधिकारको सूचीमा समेत समावेश गरिएको हुँदा तीनै तहका सरकारहरूले विद्यालय तहदेखि उच्च शिक्षासम्मका औपचारिक, अनौपचारिक शिक्षा क्षेत्रमा नीति, कार्यक्रम र योजना बनाइ समन्वयात्मक ढङ्गबाट कार्यान्वयन गर्नुपर्ने अवस्था विद्यमान रहेको छ।

केन्द्रीकृत योजनाबाट सबै स्थानीय आवश्यकता सम्बोधन हुन नसक्ने भएकाले स्थानीय तहमा आवश्यकताअनुसार योजना निर्माण गर्न र स्थानीय तहहरूको योजनाको आधारमा सङ्घीय शिक्षा योजना बनाउन यस योजनाले सहयोग पुऱ्याउने छ। समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोच तय गरिएको अवस्थामा शिक्षा क्षेत्रको विकास र विस्तार गुणस्तर सुधार गर्दै सो लक्ष्यसम्म पुग्नका लागि समन्वय गर्नु आवश्यक रहेको छ। त्यसैगरी अन्तर्राष्ट्रिय क्षेत्रमा सन् २०३० सम्मका लागि दिगो विकास लक्ष्य निर्धारण भई लक्ष्य नं. ४ मा गुणस्तरीय शिक्षाको विकास गरी समन्यायिक पहुँच पुऱ्याउने गरी नेपालले प्रतिबद्धता व्यक्त गरी सो लक्ष्य प्राप्तिको लागि प्रयासरत रहेको छ। सन् २०३० (वि.सं. २०८७) सम्म मध्यम आयस्तर भएको राष्ट्रमा रूपान्तरण हुने लक्ष्यका साथ नेपालले आवधिक विकास योजना तय गरेको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार शिक्षा क्षेत्रको विकास तथा दिगो विकास लक्ष्यको प्राप्तिका लागि सङ्घीय सरकारले शिक्षा क्षेत्रको दस वर्षे शिक्षा क्षेत्र विकास योजना तयार गरी कार्यान्वयनमा रहेको अवस्था छ। सङ्घीयताको मर्म र भावनाअनुसार स्थानीय तहहरूले समेत सङ्घीय सरकारको नीति, योजना तथा कार्यक्रमसँग सहकार्य गर्दै आ-आफ्नो क्षेत्रको विकास योजना निर्माण गर्नुपर्ने हुन्छ।

## २.१ दूरदृष्टि

**" स्वस्थ, शिक्षित, उद्यमशील, हाम्रो सहरः समुन्नत, समावेशी, समृद्ध त्रियुगा नगर "**

## २.२ लक्ष्य

माध्यमिक तहसम्मको शिक्षामा समावेशितासहितको पहुँच , समता तथा सक्षमतामा आधारित निःशुल्क र गुणस्तरीय तथा जीवन उपयोगी शिक्षा सुनिश्चित गर्ने।

## २.३ उद्देश्य

१. सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक शिक्षा बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, वातावरणमैत्री तयार गरी बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराउनु,
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्नु,
३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,
४. आधारभूत तथा माध्यमिक तहमा व्यावसायिक शिक्षामा सबैको सहभागिता गराई जीवनोपयोगी बनाउन शिक्षाको अवसर सुनिश्चित गर्नु,
५. सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनु,
६. विद्यालयहरूमा सुशासन प्रवर्धन गरी सिकाइ उपलब्धि अभिवृद्धि गर्नु,
७. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधताअनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरण प्रदान गर्नु,
८. आपत्कालीन, सङ्कटपूर्ण र महामारी जस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु,
९. नयाँ अवसरहरू खोजी गर्ने सिर्जनशील, दक्ष, नैतिकवान्, जीवनोपयोगी सिपयुक्त र सकारात्मक सोच भएका सचेत नागरिक तयार गर्नु,
१०. परम्परागत शिक्षाको विकासका लागि धार्मिक विद्यालय स्थापना र सञ्चालन गर्नु,
११. नवीन प्रविधिको प्रयोग गर्न सक्षम विषयगत तालिम प्राप्त शिक्षकको व्यवस्था गरी शिक्षण सिकाइलाई जीवनोपयोगी र प्रभावकारी बनाउनु,
१२. विद्यालयमा उपयुक्त शैक्षिक पूर्वाधारसहितको शिक्षामा समन्यायिक पहुँच विस्तार गर्दै बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री र प्रविधिमैत्री वातावरण तयार गर्नु,
१३. पालिकाभित्र प्राविधिक धारको विद्यालय र तालिम सञ्चालन गर्दै श्रम र सिपसहितको शैक्षिक जनशक्ति उत्पादन गर्नु,
१४. सबै खालका बालबालिकाहरूलाई शिक्षाको पहुँच सुनिश्चित गर्नु,
१५. विद्यालयमा सिकाइ क्रियाकलाप सञ्चालनको लागि न्यूनतम सिकाइ वातावरणको सुनिश्चितता गर्नु,
१६. विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्व सुधार गर्नु,
१७. आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि गर्नु,
१८. उच्च शिक्षामा विज्ञान र प्राविधिक धारको कार्यक्रम सञ्चालन गर्नु,
१९. मूल्याङ्कनलाई व्यवस्थित गर्न परीक्षा प्रणालीमा सुधार गर्नु,
२०. पुस्तकालय, वाचनलय र सिकाइ केन्द्रमार्फत पठन संस्कृतिको विकास गर्नु,
२१. उच्च शिक्षामा छात्रवृत्तिको व्यवस्था गर्नु,
२२. स्थानीय पाठ्यक्रमको निर्माण गरी पाठ्यक्रम कार्यन्वयनलाई प्रभावकारी बनाउनु,
२३. सङ्घ र प्रदेशको अनुदान तथा पालिकाको आन्तरिक स्रोतलाई वृद्धि गर्दै स्रोत व्यवस्थापन गर्नु,
२४. अनुगमन मूल्याङ्कन प्रणालीलाई नियमित र प्रभावकारी ढङ्गले सञ्चालन गर्नु ।



## २.४ रणनीति

१. सबै बालबालिकाहरूको पहुँचमा गुणस्तरीय प्रारम्भिक बाल शिक्षा पुऱ्याउन नगरपालिका, वडा र विद्यालयले आवश्यक सुविधासहित विद्यार्थी भर्ना अभियान चलाउने साथै नक्साङ्कनको आधारमा सुलभ दूरीमा बालविकास व्यवस्थापन गर्ने,
२. एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा लागु गर्दै बाल विकास केन्द्रको व्यवस्थापन अवस्था विश्लेषण र सर्वेक्षण गरी राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिकाबमोजिम गर्ने,
३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्न सुशासन, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेसागत दक्षताको विकास जस्ता पक्षहरूमा जोड दिने,
४. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन, नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेसागत दक्षताको विकास, अनुगमन, सुपरिवेक्षण, निर्देशन तथा मूल्याङ्कन जस्ता पक्षहरूमा जोड दिने,
५. सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनको लागि सामुदायिक सिकाइ केन्द्रको पुनर्वितरण र कार्यशैलीमा सुधार, अनौपचारिक शिक्षा सञ्चालन र पुस्तकालय वाचनलयको सुदृढीकरण गर्ने,
६. विद्यालयहरूमा सुशासन प्रवर्धन गरी सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयहरूमा उत्तरदायित्व बोध भएका जनशक्तिको व्यवस्थापन गर्ने, सुशासन प्रवर्धन मापक सूचकहरू निर्धारण गरी मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरिवेक्षण र निर्देशन जस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने,
७. स्वतन्त्र र भयरहित सिकाइ पद्धतिका लागि सक्षम जनशक्ति निर्माणमा जोड दिने,
८. विद्यालयमा आपत्कालीन, सङ्कटपूर्ण र महामारी जस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याउने,
९. विद्यालय तहको शिक्षामा समता र समावेशीतासहित गुणस्तरीय शिक्षा सुनिश्चित गर्न निश्चित नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने,
१०. सिर्जनशील, दक्ष, नैतिकवान्, जीवनोपयोगी सिपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा जोड दिने,
११. रोजगारी र उद्यमशीलता विकास गर्न प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गरी विभिन्न तालिममार्फत सिपयुक्त जनशक्ति तयार गर्ने,
१२. आर्थिक रूपले विपन्न, समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा पहुँच सुनिश्चित गर्न छात्रवृत्तिमार्फत सहयोग गर्ने,
१३. शिक्षक दरबन्दी मिलान नियमित गर्दै अपुग शिक्षक भएका विद्यालयमा स्वयम्सेवक शिक्षक वा करार शिक्षकको व्यवस्था गरी विद्यालयलाई आवश्यक शिक्षकको व्यवस्था गर्ने,
१४. राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा दक्ष शिक्षक तयार गरी पेसागत विकास गर्ने,
१५. शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास गर्ने,
१६. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्रदान गर्ने,
१७. शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिकाका आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्ने,

१८. शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण गर्ने,
१९. विद्यालको शैक्षिक, भौतिक तथा आर्थिक अवस्था सुदृढ गर्ने,
२०. विद्यालयमा गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार गर्ने,
२१. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमा पर्याप्त अवसर प्रदान गर्ने,
२२. स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि गर्ने,
२३. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि गर्ने,
२४. विभिन्न समिति, प्रधानाध्यापक र लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास गर्ने,
२५. विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि गर्ने,
२६. आधुनिक प्रविधिमैत्री क्रियाकलापमा आधारित विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
२७. प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि गर्ने,
२८. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तरमा सुधार गर्ने,
२९. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यताअनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार गर्ने,
३०. सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन गर्ने,
३१. परम्परागत शिक्षाको विकासका लागि आवश्यकतानुसार धार्मिक विद्यालय स्थापना गरी सञ्चलन गर्ने,
३२. उच्च शिक्षामा विज्ञान र प्रविधि शिक्षाको व्यवस्था गर्न शिक्षालय तथा कलेजको स्थापना गर्ने,
३३. परीक्षा प्रणालीलाई व्यवस्थित गर्न पालिकास्तरीय परीक्षा बोर्ड स्थापना गर्ने,
३४. पुस्तकालय, वाचनलय र सिकाइ केन्द्रको व्यवस्थापनमा सुधार गरी प्रभावकारी बनाउने,
३५. गरिब तथा जेहेन्दार विद्यार्थीको उच्च शिक्षाका लागि छात्रवृत्ति कोषको स्थापना र सञ्चालन गर्ने,
३६. कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम पाठ्यपुस्तकको निर्माण गरी लागु गर्ने,
३७. सङ्घ र प्रदेशको अनुदान तथा पालिकाको आन्तरिक स्रोत तथा सङ्घसंस्था र दातृ निकायको सहयोगसमेत परिचालन गरी स्रोत व्यवस्थापन गर्ने,
३८. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास गरी नतिजामा आधारित अनुगमन प्रणाली स्थापित गर्ने ।

## २.५ कार्यनीति

१. विद्यालय तहका सबै बालबालिकाहरूको पुहँचमा सुधारको लागि भर्ना अभियानलाई शैक्षिक सत्रको सुरूमा सम्बन्धित वडाको वडा अध्यक्षको संयोजकत्वमा एक समिति तयार गरी भर्ना अभियानलाई घरदैलो अभियानमार्फत विद्यार्थी विवरणसहित सशक्त र प्रभावकारी बनाइनुका साथै अभियान कार्यक्रम विद्यालय, वडा तथा पालिकास्तरीय रूपमा सञ्चालन गरिने छ ।
२. विद्यालय जान नसक्ने बालबालिकाहरूको भर्ना अभियानबाट पहिचान गरी जोखिममा परेका बालबालिकाको शैक्षिक सहयोगका लागि बालबालिकासँग नगर प्रमुख कार्यक्रम, वडा अध्यक्षसँग बालबालिका कार्यक्रम, अभिभावकत्व ग्रहण कार्यक्रम जस्ता कार्यक्रम लागु गरिने छ ।



३. हरेक विद्यालय, वडासहित नगरपालिकामा विद्यालयबाहिर बालबालिका नभएको सुनिश्चित गरी शत प्रतिशत भर्नाको घोषणा कार्यक्रम सञ्चालन गरिने छ ।
४. प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई कार्यान्वयनमा ल्याइने छ ।
५. प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि पढ्ने अवधारणालाई प्रभावकारी बनाई थप निरन्तरता दिइने छ ।
६. माध्यमिक तहका विद्यार्थीहरूलाई निरन्तर सिकाइको लागि एक कार्यविधि तयार गरी परिचालन गरिने छ साथै पढ्दै कमाउँदै कार्यक्रमलाई पनि सञ्चालन गरिने छ ।
७. विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेसागत सहयोगको लागि पालिका तहमा निश्चित कार्यविधि बनाई लागु गरिने छ ।
८. महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले वञ्चितमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित गरिने छ ।
९. विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शैक्षिक सामग्रीसहितको शिक्षण, शिक्षकको पेसागत विकास र सहयोगमा प्राथमिकता दिँदै सिकाइको लागि मूल्याङ्कनका साथै पालिकास्तरीय परीक्षा बोर्ड गठन गरी स्तरीकृत परीक्षा तथा परीक्षण सञ्चालन गरिने छ ।
१०. सबै विद्यालयमा प्रविधिमैत्री शिक्षणको लागि चाहिने न्यूनतम सामग्रीको सहयोग गर्दै प्रविधिमैत्री शिक्षण लागु गरिने छ ।
११. आधारभूत तहमा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक विकास गरी लागु गरिने छ ।
१२. विद्यालयको शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालनको लागि न्यूनतम सिकाइ वातावरणको सुनिश्चित गर्न प्रस्तावनामा आधारित शैक्षिक सुधार कार्यक्रम लागु गरिने छ ।
१३. निरन्तर सिकाइको लागि पुस्तकालय, वाचनालय र सामुदायिक सिकाइ केन्द्रको थप सुदृढीकरण गरी निरन्तर सिकाइ कार्यक्रम सञ्चालन गरिने छ ।
१४. विद्यालय प्रअको छनोट र नियुक्ति प्रक्रियालाई पारदर्शी, विश्वासनीय गर्न निश्चित कार्यविधि तयार गरी छनोट गरिने छ । साथै प्रधानाध्यापकहरूका लागि समयसापेक्ष रूपमा भत्ताको व्यवस्था गरिने छ,
१५. विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारिता ल्याउन विभिन्न रणनीतिहरू कार्यान्वयनमा ल्याइने छ । त्यस्ता रणनीतिहरूमा विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम, विद्यालय आचारसंहिता निर्माण र कार्यान्वयन, कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्ड, बाह्य परीक्षकबाट हरेक वर्ष विद्यालयको कार्यसम्पादन मूल्याङ्कन, सामाजिक परीक्षण, लेखापरीक्षण र विद्यालयको वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै प्रभावकारी बनाइने तथा विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरूको जानकारीको प्रतिवेदन मासिक रूपमा सूचना प्रविधिमार्फत लिने प्रबन्ध मिलाइने छ ।
१६. सङ्कटको बेलामा पनि शिक्षण सिकाइ सञ्चालन गर्न पालिका स्तरमा वैकल्पिक सिकाइ सहजीकरणको कार्यक्रम कार्यविधि बनाइ लागु गरिने छ ।
१७. अभिभावक तथा समुदाय सचेतीकरणको लागि टोल विकास, विद्यालय परिवार, नगरपालिका, वडा तथा माध्यमिक तहका विद्यार्थीहरूलाई परिचालन गरिने छ ।
१८. बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार (भवन, खेलमैदान, घेराबारा, स्वच्छ पिउने पानी, शौचालय, फर्निचर आदि) विकास गरिने छ ।
१९. सार्वजनिक पदधारण गरेका पदाधिकारी, सरकारी वेतनधारी कर्मचारी, शिक्षकहरूका सन्ततिहरूलाई सरकारी विद्यालयमा पढाउने नीति प्रोत्साहन गरिने छ ।
२०. विद्यालय नक्साङ्कनका आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिने छ ।

२१. विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छ ।

२२. सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी बनाउन गुनासो सुनुवाई, सार्वजनिक सुनुवाई, नतिजा विश्लेषण योजना निर्माण, कार्यसम्पादन करार, सामाजिक परीक्षण र लेखा परीक्षणलाई थप व्यवस्थित र पारदर्शी बनाइने छ ।

२३. नगरभित्र परम्परागत शिक्षाको विकासका लागि धार्मिक विद्यालय स्थापना, भौतिक पूर्वधार विकास, पाठ्यक्रम विकास र कार्यन्वयन गर्दै प्रभावकारी बनाइने छ ।

२४. उच्च शिक्षामा विज्ञान र प्राविधिक शिक्षाको पहुँच  विस्तार गर्न माध्यमिक तहबाटै विज्ञान र प्राविधिक धारको कक्षा सञ्चालन, प्रविधिक शिक्षालयको स्थापना, सञ्चालन गर्दै विज्ञान, इन्जिनियरिङ र मेडिकल क्षेत्रका कलेजको स्थापना गरिने छ ।

२५. पालिकाभित्रका सम्पूर्ण परीक्षा प्रणालीलाई व्यवस्थित गर्न पालिका स्तरीय परीक्षा बोर्ड स्थापना र सञ्चालन गरिने छ ।

२६. पठन संस्कृति र साक्षरताको विकास गर्न पुस्तकालय, वाचनलय र सिकाइ केन्द्रको व्यवस्थापनमा सुधार गरी थप प्रभावकारी बनाइने छ ।

२७. गरिब तथा जेहेन्दार विद्यार्थीको उच्च शिक्षाका लागि छात्रवृत्ति कोषको स्थापना र सञ्चालन गरिने छ ।

२८. आधारभूत तहमा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माण गरी प्रयोगमा ल्याइने छ ।

२९. सङ्घ र प्रदेशको अनुदान तथा पालिकाको आन्तरिक स्रोत तथा सङ्घ संस्था र दातृ निकायको सहयोगसमेत जम्मा गरी स्थानीय तहको कुल आन्तरिक बजेटको कम्तीमा बिस प्रतिशत शिक्षा योजना कार्यान्वनमा खर्च गरिने छ ।

३०. विद्यालय तहमा खेलकुद र अतिरिक्त क्रियाकलापलाई व्यवस्थित गर्न मेयरकप रनिङ शिल्ड प्रतियोगिता, उपमेयरकप सांस्कृतिक शिल्ड प्रतियोगिता, साप्ताहिक अतिरिक्त क्रियाकलाप, शैक्षिक अवलोकन भ्रमण र बुक फ्रि डे जस्ता कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिने छ ।

३१. अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन सूचकमा आधारित अनुगमन, शिक्षक पेसागत सपोटसहित पृष्ठपोषण, नमुना कक्षा प्रर्दशन जस्ता कार्यलाई प्रभावकारी बनाइने छ साथै अनुगमनलाई नियमित र व्यवस्थित बनाइने छ ।

## २.६ अपेक्षित उपलब्धि

१. सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक शिक्षा बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, वातावरणमैत्री तयार गरी बालविकास तथा शिक्षाको अवसर उपलब्ध  भएको हुने छ ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर  वृद्धि भएको हुने छ ।

३. माध्यमिक शिक्षामा सबैको  पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने छ ।

४. आधारभूत तथा माध्यमिक तहमा व्यावसायिक शिक्षामा सबैको सहभागिता गराई जीवनोपयोगी बनाउन शिक्षाको अवसर सुनिश्चित भएको हुने छ ।

५. सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइका अवसर उपलब्ध भएको हुने छ ।

६. विद्यालयहरूमा सुशासन प्रवर्धन गरी सिकाइ उपलब्धि अभिवृद्धि भएको हुने छ ।

७. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधताअनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरण भएको हुने छ ।



८. आपत्कालीन, सङ्कटपूर्ण र महामारी जस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने छ ।

९. नयाँ अवसरहरू खोजी गर्ने सिर्जनशील, दक्ष, नैतिकवान्, जीवनोपयोगी सिपयुक्त र सकारात्मक सोच भएका सचेत नागरिक तयार भएको हुने छ ।

१०. परम्परागत शिक्षाको विकासका लागि धार्मिक विद्यालय स्थापन र सञ्चालन भएको हुने छ ।

११. नवीन प्रविधिको प्रयोग गर्न सक्षम विषयगत तालिम प्राप्त शिक्षकको व्यवस्था गरी शिक्षण सिकाइलाई जीवनोपयोगी र प्रभावकारी बनाइएको हुने छ ।

१२. विद्यालयमा उपयुक्त शैक्षिक पूर्वाधारसहितको शिक्षामा समन्यायिक पहुँच विस्तार गर्दै बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री र प्रविधिमैत्री वातावरण तयार भएको हुने छ ।

१३. पालिकाभित्र प्राविधिक धारको विद्यालय र तालिम सञ्चालन गर्दै श्रम र सिपसहितको शैक्षिक जनशक्ति उत्पादन भएको हुने छ ।

१४. सबै खालका बालवालिकाहरूलाई शिक्षाको पहुँच सुनिश्चित भएको हुने छ ।

१५. विद्यालयमा सिकाइ क्रियाकलाप सञ्चालनको लागि न्यूनतम सिकाइ वातावरणको सुनिश्चितता गरिएको हुने छ,

१६. विद्यालय व्यवस्थापनमा सुशासन,  जवाफदेहिता र उत्तरदायित्वको सुधार भएको हुने छ ।

१७. आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि भएको हुने छ ।

१८. उच्च शिक्षामा विज्ञान र प्राविधिक धारको कार्यक्रम सञ्चालन भएको हुने छ ।

१९. मूल्याङ्कनलाई व्यवस्थित गर्न परीक्षा प्रणालीमा सुधार भएको हुने छ ।

२०. पुस्तकालय वाचनलय र सिकाइ केन्द्रमार्फत पठन संस्कृतिको विकास भएको हुने छ ।

२१. उच्च शिक्षामा छात्रवृत्तिको व्यवस्था गरिएको हुने छ ।

२२. स्थानीय पाठ्यक्रम निर्माण गरी पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाइएको हुने छ ।

२३. सङ्घ र प्रदेशको अनुदान तथा पालिकाको आन्तरिक स्रोतलाई वृद्धि गर्दै स्रोत व्यवस्थापन गरिएको हुने छ ।

२४. अनुगमन मूल्याङ्कन प्रणालीलाई नियमित र प्रभावकारी ढङ्गमा सञ्चालन भएको हुने छ ।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

शैक्षिक योजना निर्माणको क्रममा तय गरिएका उद्देश्यलाई मात्रात्मक लक्ष्य किटान गरी निश्चित समयसारणी साथ प्रतिविम्बित गर्नुपर्ने हुन्छ । त्रियुगा  नगरपालिकाले पनि स्थानीय सरकार सञ्चालन ऐनले तोकेको अधिकारभित्र रही आफ्नो नगरपालिकाको शैक्षिक विकासका लागि दस वर्षे शैक्षिक योजना निर्माण गर्ने क्रममा योजनाले हासिल गर्न खोजेको सरोकार र प्रावधानलाई मूल विषय बनाई आधार वर्षको शैक्षिक अवस्थाको गहन विश्लेषण साथै हाल उपलब्ध स्रोतको प्रारम्भिक मूल्याङ्कनबाट प्राप्त सूचकगत नतिजाको आधारमा भावी लक्ष्य निदान गरिएको छ । साथै योजना निर्माण गर्दा आफ्नो स्थानीय तहको सामाजिक-आर्थिक वातावरणको वर्तमान अवस्थाअनुसार आगामी दिनमा योजनाको कार्यान्वयन कसरी हुन्छ भन्ने सन्दर्भलाई ध्यान दिइएको छ । शैक्षिक योजनामा लक्ष्य निर्धारण गर्ने विभिन्न विधि हुन्छन् । यसमा लक्ष्य गर्दा लेखन कार्य समितिले आपसी छलफल गरी सूचकको प्रकृतिअनुसार आवश्यक विधिको प्रयोग गरिएको छ । यस योजनामा मुख्य कार्यसम्पादन सूचकको लक्ष्य निर्धारण गर्दा सङ्घ, प्रदेश र नगरको वर्तमान अवस्थालाई आधारको रूपमा लिई राष्ट्रिय मापदण्डअनुसार निर्धारण गरिएको छ ।

# परिच्छेद-३
# शिक्षाका मुख्य उपक्षेत्र

शिक्षा देश विकासको मेरुदण्ड हो। शिक्षा विकासको महत्त्वपूर्ण पूर्वाधार हो। कुनै पनि देशको उन्नयनमा शिक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ। त्यसैले विकसित राष्ट्रहरूले शिक्षामा पर्याप्त लगानी गरेका छन्। तर हाम्रो जस्तो विकासशील राष्ट्रहरूले भने शिक्षामा पर्याप्त लगानी गर्न सकेका छैनन् किनभने शिक्षामा गरिने लगानीको प्रतिफल ढिलो आउँछ।

देशको नीति निर्माण गर्ने तहमा बस्नेहरूले देशको शैक्षिक नीति राम्रो बनाउनुपर्छ। राजनीतिक प्रतिबद्धता र सरोकारवालाहरूको साथ सहयोगले मात्र असल शिक्षा नीति बन्न सक्तछ। यसपछि शैक्षिक योजना बनाएर प्रभावकारी कार्यान्वयन गरेमा दक्ष जनशक्ति, नैतिकवान्, चरित्रवान् नागरिक तयार भई सभ्य समाज र समृद्ध देश निर्माण हुन्छ। जसले गर्दा रोजगारी सिर्जना हुन्छ, भ्रष्टाचारमुक्त देश निर्माण हुन्छ, विज्ञान र प्रविधिको समेत उन्नति भई देश समृद्ध हुन्छ। यसरी विश्वमा नेपालको नाम र पहिचान कायम हुन्छ। विश्व रोजगारीको बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन हुन्छ। त्यसकारण शिक्षा विकासको महत्त्वपूर्ण सूचक हो।

यस परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र (प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र प्राविधिक तथा उच्च शिक्षा) को वर्तमान अवस्थाको समीक्षा गरी सम्बन्धित उपक्षेत्रको विकासको निमित्त अवलम्बन गर्नुपर्ने उद्देश्य तथा रणनीतिको विस्तृतीकरण गरिएको छ। यस परिच्छेदमा समावेश गरिएको उपक्षेत्रलाई वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि तथा नतिजा र मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण गरी पाँचओटा उपशीर्षकमा विभाजन गरी विश्लेषण गरिएको छ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक यसको उपधारा (३) मा 'प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुने छ' भनी उल्लेख गरिएको छ साथै शिक्षा ऐन २०२८ को आठौँ संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिनेभन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नाका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ मा उल्लेख भएको र नेपालको सोह्रौँ योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ। सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवम् नैतिक सिर्जनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्वभित्र पर्दछ। यसै कुरालाई मध्यनजर गरेर त्रियुगा



नगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरूप कार्यक्रमहरू समावेश गरिएको छ।

प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई सामान्य लेखपढ गराउने, अक्षर तथा अङ्क चिनाउने कुरामा जोड दिनुका साथै बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग पुग्नुपर्छ। प्रारम्भिक बालविकास शिक्षाका कार्यक्रमहरू विभिन्न समायवधिमा सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्षको उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गरिने कुरा नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ मा उल्लेख गरिएको छ। पाठ्यक्रम प्रारूप २०७६ अनुसार चार वर्ष उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने कुरा उल्लेख छ भने चार वर्षभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक पक्षको विकास गराउन सकिने कुरा उल्लेख गरिएको छ।

नेपालको संविधानको धारा ३९(३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुने छ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौँ संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अभिन्न अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्त्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवम् नैतिक सिर्जनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आजको आवश्यकता रहेको छ।

### ३.१.१ वर्तमान अवस्था

विद्यालय क्षेत्र विकास कार्यक्रमले प्रारम्भिक शिक्षामा पहुँच र गुणस्तरमा जोड दिइएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु पर्ने उद्देश्य लिएको छ भने उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने तथा तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवम् विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने रणनीति लिएको छ। त्यसैगरी सोह्रौँ योजनाले प्रारम्भिक शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा लिई सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गर्ने रणनीति लिइएको छ भने कार्यनीतिका रूपमा बालविकासको लागि लगानी साझेदारी गर्ने दक्ष योग्यता पुगेका शिक्षकबाट सेवा प्रदान गर्ने प्रारम्भिक शिक्षाको व्यवस्थापनको न्यूनतम मापदण्ड पूरा गर्ने नीति लिइएको छ।

सुरक्षित बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, वातावरणमैत्री जस्ता न्यूनतम तथा सिकाइ सक्षमता भएका पूर्वाधार केही प्रारम्भिक बालविकास केन्द्रमा भए पनि धेरै बालविकास केन्द्रमा पूरा हुन सकेको पाइँदैन। धेरै प्रारम्मिक बालविकास विद्यालयमा आधारित रहेका छन्, त्यहाँ भौतिक पूर्वाधार राम्रो देखिए पनि समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम पूर्वाधार पूरा हुन सकेका छैनन्। यस त्रियुगा नगरपालिकाभित्र प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत शिक्षकहरूको न्यूनतम शैक्षिक योग्यता टेष्ट पासदेखि +२ सम्म पूरा गरिसकेका छन् भने सबै शिक्षकले आधारभूत तालिम लिइसकेको देखिन्छ। प्रारम्भिक बालविकास र शिक्षामा लगानीलाई हेर्दा शिक्षकको तलब भत्ता र शैक्षिक सामग्रीबापत सशर्त अनुदानका रूपमा सङ्घीय सरकारबाट प्राप्त हुने भए पनि न्यूनतम पारिश्रमिकको थप रकम स्थानीय तहबाटै व्यवस्थापन हुने गरेको छ। भौतिक पूर्वाधारको विकासको हकमा स्थानीय तहबाटै लगानी गर्नुपर्ने देखिन्छ।

त्रियुगा नगरपालिकामा हाल ११२ ओटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् । ११२ ओटा सामुदायिक अनुदान प्राप्त बालविकास केन्द्रहरू छन् । यस नगरपालिकामा ० देखि ४ वर्षसम्मका छात्रा ३८२६ जना र छात्र ४३७४ जना बालबालिकाहरू गरी जम्मा सङ्ख्या ८२०० जना रहेका छन् । जम्मा १९५२ जना बालबालिका बालविकास केन्द्रमा भर्ना भएका छन् । विद्यालयमा आधारित बालविकास केन्द्र ११२ रहेका छन् । प्रारम्भिक बालविकासमा खुद भर्ना ६९.७%, बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना दर ८०%, प्रतिशत रहेको छ । प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने कुरा उल्लेख गरिएको छ भने चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ । प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु हुने छ भन्ने कुरा उल्लेख गरिएको छ । प्रारम्भिक बालविकास र शिक्षाका सक्षमताहरूमा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार सिपको विकास रहेको छ ।

**बालविकास केन्द्रको सङ्ख्या तथा वडागत वितरण २०८१**

| क्र.सं. | वडा नं. | बालविकास सङ्ख्या | विद्यार्थी सङ्ख्या | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | | |
| १ | १ | ३ | २० | २५ | ४५ | |
| २ | २ | ८ | ८१ | १०३ | १८४ | |
| ३ | ३ | ७ | ८१ | ८१ | १६२ | |
| ४ | ४ | ५ | ४५ | ४६ | ९१ | |
| ५ | ५ | ७ | ५५ | ६० | ११५ | |
| ६ | ६ | ६ | ४५ | ६० | १०५ | |
| ७ | ७ | १० | ६४ | ६२ | १२६ | |
| ८ | ८ | ८ | ५६ | ८३ | १३९ | |
| ९ | ९ | ६ | ७७ | १०२ | १७९ | |
| १० | १० | ८ | ५९ | ६९ | १२८ | |
| ११ | ११ | ३ | ४१ | ५१ | ९२ | |
| १२ | १२ | १ | १३ | १२ | २५ | |
| १३ | १३ | ९ | १०० | १३५ | २३५ | |
| १४ | १४ | ८ | ४० | ५० | ९० | |
| १५ | १५ | १३ | ५९ | ६९ | १२८ | |
| १६ | १६ | १० | ५७ | ५१ | १०८ | |
| जम्मा | | ११२ | ८९३ | १०५९ | १९५२ | |



### प्रमुख समस्या र चुनौती

१. प्रारम्भिक बालविकासका शिक्षकहरूमा पुनर्ताजगी तालिमको अभाव,
२. प्रारम्भिक बालविकासका शिक्षकहरूमा उत्तरदायित्व जिम्मेवारीको कमी,
३. कक्षाकोठा व्यवस्थापन सिकाइ मैत्री, बालमैत्री नहुनु,
४. शैक्षिक सामग्री जस्तै श्रव्य, श्रव्य-दृश्यको कमी र भएको सामग्रीको पनि सदुपयोग नहुनु,
५. अङ्ग्रेजी भाषाप्रतिको मोहका कारण निजी विद्यालयतिर आकर्षित हुँदा बाल कक्षामा विद्यार्थी कमी हुनु,
६. बालविकास केन्द्रलाई विद्यार्थी सङ्ख्या र भूगोलका आधारमा समयानुकुल पुनः वितरण हुन नसक्नु,
७. अनुगमन र पृष्ठपोषणको कमी,
८. मूल्याङ्कन प्रणाली स्पष्ट र प्रभावकारी नहुनु,
९. समयानुकुल पाठ्यक्रम परिमार्जन नहुनुका साथै पाठ्यपुस्तकको व्यवस्था नहुनु ।

### ३.१.२ उद्देश्य

१. प्रारम्भिक बालविकास र शिक्षामा सहभागितामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तर सुनिश्चित गर्नु,
३. सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु,
४. प्रारम्भिक बालविकास तथा शिक्षालाई भौतिक पूर्वाधारको सबलीकरण गरी सुरक्षित बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, वातावरणमैत्री बनाउनु ।

### ३.१.३ रणनीति

१. प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि निर्धारित न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, नियम र ढाँचानुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
२. बालविकास केन्द्रको नक्साङ्कन गरी स्थानीय आवश्यकतानुसार पुनर्वितरण र नयाँ बालविकास केन्द्र स्थापना गर्ने,
३. नमुना बालविकास केन्द्र स्थापना गर्ने,
४. प्रारम्भिक बालविकास र शिक्षामा प्रभावकारी लागत सहभागिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयबिच सहकार्य गर्ने,
५. सहयोगी कार्यकर्ताको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्ने,
६. राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारित भई प्रारम्भिक बालविकास तथा शिक्षाका लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुने छन् ।
२. सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ ।
३. सबै प्रारम्भिक बालविकासमा कार्यरत शिक्षकहरूले पुनर्ताजगी तालिम प्राप्त गरेका हुने छन् ।
४. नमुना बालविकास केन्द्र स्थापना भएको हुने छ ।
५. प्रारम्भिक बालविकास पाठ्यक्रमको पूर्ण कार्यान्वयन भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचकहरू | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा खुद भर्ना दर | ६९.७ | ७२ | ७५ | ७८ | ८० | ८३ |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | ० | २५ | ५० | ७५ | १०० | ११२ |
| ३ | नमुना बालविकासको स्थापना भएको सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ |
| ४ | प्रारम्भिक बालविकासमा कार्यरत शिक्षकहरूले पुनर्ताजगी तालिम लिएका शिक्षकको सङ्ख्या | १० | ३० | ५० | ७५ | १०० | ११२ |
| ५ | प्रारम्भिक बालविकास पाठ्यक्रमको पूर्ण कार्यान्वयन भएको सङ्ख्या | ० | ११२ | ११२ | ११२ | ११२ | ११२ |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | (दस वर्ष) |
| १ | बालविकास केन्द्रको नक्साङ्कन तथा पुनर्वितरण | केन्द्र | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | बालविकास केन्द्रको भौतिक पक्षको सबलीकरण | केन्द्र | २० | २० | २० | २० | २० | १०० | ११२ |
| ३ | शिक्षकको क्षमता विकास | जना | २५ | २५ | २५ | २५ | १२ | ११२ | ११२ |
| ४ | सघन भर्ना अभियान सञ्चालन | केन्द्र | ११२ | ११२ | ११२ | ११२ | ११२ | ११२ | ११२ |
| ५ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | केन्द्र | ११२ | ११२ | ११२ | ११२ | ११२ | ११२ | ११२ |
| ६ | बालविकासको सहजकर्ताको पारिश्रमिकमा थप प्रोत्साहन भत्ताको व्यवस्था | जना | ११२ | ११२ | ११२ | ११२ | ११२ | ११२ | ११२ |
| ७ | नमुना बालविकास केन्द्रको स्थापना | वटा | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | पाठ्यक्रमको पूर्ण कार्यान्वयन-सहितको सिकाइ सुनिश्चितता | केन्द्र | ११२ | ११२ | ११२ | ११२ | ११२ | ११२ | ११२ |
| ९ | निश्चित सूचकको आधारमा वार्षिक उत्कृष्ट शिक्षकलाई सम्मान | जना | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | बालबालिकाहरूको स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ११ | बालविकास केन्द्रमा शैक्षिक सामग्री व्यवस्थापन | केन्द्र | २५ | २५ | २५ | २५ | १२ | ११२ | ११२ |



## ३.२ आधारभूत शिक्षा

प्रारम्भिक बाल शिक्षादेखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा मानिएको छ । विद्यार्थीहरूको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्ने क्षमता विकासका साथै माध्यमिक शिक्षाका लागि तयारीको लक्ष्य यस तहमा पूरा गरिन्छ । नेपालको संविधानअनुसार यो तहको शिक्षा निःशुल्क र अनिवार्य हुने र यसको दायित्व स्थानीय तहको हुने व्यवस्था छ । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । नेपालको संविधान, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, दिगो विकास लक्ष्य, सहस्राब्दी विकास लक्ष्य, इन्चोन घोषणा पत्र, संयुक्त राष्ट्रसङ्घको मानवअधिकारसम्बन्धी घोषणापत्र जस्ता संविधान, ऐन, नियम, कानुन सन्धि सम्झौताहरूले आधारभूत तहसम्म शिक्षा निःशुल्क र अनिवार्य हुने कुरा सुनिश्चित गर्नुका साथै यस तहमा गुणस्तरीय शिक्षा प्रदान गर्नु राज्यको दायित्व हो भनी उल्लेख गरेका छन् । तीन तहका सरकार सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्य, समन्वय र सहभागितामा मात्र उक्त कार्य गर्न सम्भव हुन्छ । आधारभूत तहको शिक्षाको जिम्मेवारी स्थानीय तहको एकल अधिकार सूचीमा राखिए तापनि यसका लागि तीनै तहका सरकार उत्तिकै जिम्मेवार हुन्छन् । नेपाल सरकारले आधारभूत तहको शिक्षालाई शिक्षा ऐन २०२८ अनुसार “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा भनी परिभाषित गरेको छ । आधारभूत तहमा अध्ययन गर्ने बालबालिकाहरूको उमेर समूह ४ वर्षदेखि १२ वर्षसम्म रहेको हुने छ । आधारभूत तहमा कक्षा १–३, कक्षा ४ -५ र कक्षा ६-८ सञ्चालन भएका विद्यालयहरूमा विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनःसंरचना गरी कक्षा १-८ लाई आधारभूत शिक्षाको रूपमा परिभाषित गरेको छ । प्राथमिक र निमावि तहलाई एकीकृत गरी बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ । आधारभूत तहमा प्रदान गरिने गुणस्तरीय शिक्षाले राष्ट्र र समाजमा रहेका गरिबी हटाउन जोड दिनुका साथै व्यक्तिको सर्वाङ्गीण विकासमा समेत सहयोग गर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) अनुसार स्थानीय तहबाट आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन गर्न त्रियुगा नगरपालिकाभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरूको प्रभावकारी व्यवस्थापनमा जोड दिँदै शैक्षिक गुणस्तर सुधार गरी जीवनोपयोगी तथा गुणस्तरीय शिक्षा प्रदान गर्न त्रियुगा नगरपालिकाले 'त्रियुगा नगरपालिका शिक्षा ऐन २०७६' जारी गरी २०७९ सालमा समयसापेक्ष बनाउन दोस्रो संशोधनसमेत गरेर कार्यान्वयनमा ल्याएको छ । त्यसैगरी त्रियुगा नगरपालिका शिक्षा ऐन २०७६ को अधीनमा रही नगरपालिकाले 'त्रियुगा नगरपालिका शिक्षा नियमावली २०७६' मिति २०७६/११/१५ गते जारी गरेको छ । यसबाट नगरभित्रका विद्यालयहरूमा नियमन तथा व्यवस्थापन गर्न केही सहज भएको छ ।

### ३.२.१ वर्तमान अवस्था

यस त्रियुगा नगरपालिकामा सामुदायिक विद्यालयतर्फ आधारभूत तहका ४२ छोटा (३१ ओटा १-५ कक्षा र ११ ओटा १-८ कक्षा सञ्चालन) र माध्यमिक तहका २४ ओटा (१२ ओटा १-१० कक्षा र १२ ओटै १-१२ कक्षा सञ्चालन) रहेका छन् । त्यस्तै ४ ओटा आधारभूत तहका मदरसा र धार्मिक गुरूकुलमतर्फ १–१० कक्षा सञ्चालन भएको एउटा विद्यालय रहेको छ । यसरी त्रियुगा नगरपालिकामा जम्मा ७१ ओटा सामुदायिक विद्यालय छन् ।

त्यसैगरी त्रियुगा नगरपालिकामा ११२ ओटा बालविकास केन्द्रहरू सामुदायिक विद्यालयअन्तर्गत रहेका छन् र ४ ओटा सिकाइ केन्द्रहरू समुदायमा सञ्चालित छन् । सबै सामुदायिक विद्यालयहरूमा एक एकजना विद्यालय सहयोगी र माध्यमिक विद्यालयहरूमा थप एक जना विद्यालय सहायक (लेखासम्बन्धी काम गर्ने कर्मचारी) कर्मचारी छन् ।

यस नगरपालिकामा संस्थागत विद्यालयतर्फ आधारभूत तहका २३ ओटा र माध्यमिक तहका २२ ओटा गरी जम्मा ४५ ओटा सञ्चालित छन् । संस्थागत विद्यालयतर्फ तीनआटा चाहिँ गुठीअन्तर्गत सञ्चालित छन् ।

| वर्तमान सूचकहरू | शैक्षिक वर्ष २०८१ |
|---|---|
| कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९५ |
| आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९४.५ |
| आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | ९२.८ |
| आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९४.१ |
| समग्र सिकाइ उपलब्धि स्तर | ५२.५ |
| कक्षा ५ सम्मको टिकाउदर | ९० |
| कक्षा ८ सम्मको टिकाउदर | ८७ |
| कक्षा १ – ५ को छोड्ने दर | ७.६ |
| कक्षा १ – ८ को छोड्ने दर | ७.५ |
| कक्षा १ – ५ को दोहोऱ्याउने दर | ९.५ |
| कक्षा १ – ८ को दोहोऱ्याउने दर | ५ |
| शिक्षक र विद्यार्थी अनुपात | १/२३ |
| विद्यालय विद्यार्थी अनुपात | १/१५० |

यस नगरपालिकामा ११२ ओटा बालविकास केन्द्र र निजी विद्यालयहरूमा नर्सरी र केजी कक्षाहरू सञ्चालनमा रहेकाले करिब ८७ प्रतिशत बालबालिका बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएको अवस्था छ । आधारभूत शिक्षाको पहुँचमा आर्थिक, सामाजिक, भौगोलिक अवस्थामा आधारित असमानताहरू रहेका छन् । आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका दलित, जनजातिहरू, दुर्गम तथा पिछडिएको क्षेत्रमा रहेका बालबालिकाहरूको पहुँच अन्यको तुलनामा कम रहेको छ । कक्षा दोहोऱ्याउने र छाड्नेको अवस्था हेर्दा केही सङ्ख्या रहेकोमा आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका दलित, जनजातिहरू, दुर्गम, असहाय तथा पिछडिएको क्षेत्रमा रहेका बालबालिकाहरू पर्दछन् । आधारभूत तहका विद्यार्थीको सिकाइ स्तर राष्ट्रिय सिकाइ मापदण्डभन्दा कमजोर रहेको छ । विशेष गरी अङ्ग्रेजी, गणित, विज्ञान विषयमा सिकाइ उपलब्धि कमजोर रहेको छ । यस नगरपालिकामा रहेका विद्यालयको भौतिक अवस्था हेर्दा केही विद्यालयहरूमा भौतिक संरचना सुरक्षित, सिकाइमैत्री, बालमैत्री, वातावरणमैत्री, अपङ्गमैत्री भए पनि धेरै विद्यालयका भौतिक संरचना अनुकूलका छैनन् । सामुदायिक विद्यालय र विद्यार्थी अनुपातलाई हेर्दा निजी विद्यालयको भन्दा कम सङ्ख्या देखिन्छ । जसको मुख्य कारण अभिभावकको निजी विद्यालयप्रतिको आकर्षण हुन सक्छ ।

यसैगरी यस नगरपालिकाभित्र आधारभूत तहको शैक्षिक गुणस्तर सुधारका लागि कक्षा १-८ को स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । भर्ना अभियान सञ्चालन, दलित, असाहय र गरिब विद्यार्थीलाई शैक्षिक सामाग्री वितरण, वडा स्तरमा छात्रवृत्ति र न्यानो कपडा वितरण जस्ता कार्यक्रममार्फत विद्यार्थीहरूको पहुँच र सहभागितामा वृद्धि गर्न खोजिएको छ । दरबन्दी नभएका र न्यून दरबन्दी भएका आधारभूत तहका विद्यालयमा नगरपालिकाबाट नगर शिक्षकको व्यवस्थापन गरिएको छ । सरसफाइका क्षेत्रमा पनि नगरस्तरबाट फोहोर व्यवस्थापन, सेनेटरी प्याड वितरण तथा प्याड डिस्पोजिबल मेसिन वितरण जस्ता कार्यहरू भई आएका छन् ।



**प्रमुख समस्या र चुनौती**

१. पाठ्यक्रमअनुसार शिक्षण सिकाइ र मूल्याङ्कन पद्धति कार्यान्वयन नहुनु,
२. शिक्षकहरूमा उत्तरदायित्व तथा जिम्मेवारीको कमी,
३. अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयनमा बजेटको समस्या,
४. शिक्षकहरूमा पुनर्ताजगी तालिमको कमी,
५. तालिमका सिकाइलाई कक्षाकोठामा प्रयोग नहुनु,
६. राम्रा शिक्षकलाई प्रोत्साहनको कमी,
७. विद्यालयभित्र राजनीतिक असर पर्नु,
८. पुस्तकालय, आइसिटी, बुक कर्नर, विषयगत प्रयोगशालाको अभाव,
९. बालमैत्री भवन, फर्निचर, खानेपानी, शौचालय जस्ता भौतिक पक्षको कमी,
१०. अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण नहुनु,
११. शैक्षिक उपलब्धि न्यून हुनु,
१२. विद्यालय हातामा हरियाली वातावरण नहुनु,
१३. आइसिटीसहितको सिकाइमैत्री वातावरणको अभाव ।

## ३.२.२ उद्देश्य

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्नु,
२. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
३. आधारभूत तहका सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने गरी शैक्षिक गुणस्तर सुधार गर्नु,
४. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउनु,
५. आधारभूत तहका विद्यालयहरूलाई प्रविधिमैत्री र सबल बनाउनु ।

## ३.२.३ रणनीति

१. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने,
२. विद्यालयबाहिर रहेका विद्यालय उमेरका बालबालिकाको विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने,
३. विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयमा बहुकक्षा बहुतह शिक्षण सिकाइका पद्धति लागु गर्ने,
४. कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमका आधारमा कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने,
५. प्रारम्भिक कक्षामा पठन तथा गणितीय सिप प्रवर्धन गर्ने,
६. सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने,
७. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,
८. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउँन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने,
९. विद्यालयमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने,
१०. शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,
११. विपन्न तथा असहाय विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने,

१२. विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधताअनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने,

१३. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने,

१४. दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने,

१५. अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने,

१६. विद्यालयमा बालउद्यान, फूलबारी, करेसाबारी, वृक्षारोपण आदि जस्ता कार्यक्रम समावेश गर्ने।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको हुने छ।
२. आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुने छ।
३. विद्यालयमा प्रविधिमैत्री, खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित भएको हुने छ।
४. विद्यालयको पर्यावरणीय अवस्थामा सुधार भएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर | ९४.५ % | ९५% | ९६% | ९७% | ९८% | १००% |
| २ | आधारभूत तह (प्राथमिक कक्षा १-८) मा खुद भर्ना दर | ९४.१% | ९५% | ९६% | ९७% | ९८% | १००% |
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | ५ | १० | १५ | २० | २५ | ४३ |
| ४ | आधारभूत तह (कक्षा १-५) मा शिक्षक र विद्यार्थी अनुपात | १/१८ | १/२० | १/२५ | १/३० | १/३२ | १/३५ |
| ५ | आधारभूत तह (कक्षा ६-८) मा शिक्षक र विद्यार्थी अनुपात | १/३७ | १/४० | १/४२ | १/४४ | १/४६ | १/४८ |
| ६ | बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने दर | ८०% | ८१% | ८४% | ८७% | ९०% | ९३% |
| ७ | कक्षा ५ सम्मको टिकाउ दर | ९०% | ९१% | ९३% | ९५% | ९७% | ९९% |
| ८ | कक्षा ८ सम्मको टिकाउ दर | ८७% | ८८% | ९०% | ९२% | ९४% | ९६% |
| ९ | कक्षा १ – ५ को छोड्ने दर | ७.६% | ७% | ६% | ५% | ४% | ३% |
| १० | कक्षा १ – ८ को छोड्ने दर | ७.५% | ७% | ६.३% | ५.५% | ५% | ४% |
| ११ | कक्षा १ – ५ को दोहोऱ्याउने दर | ९.५% | ८% | ७% | ६% | ५% | ४% |
| १२ | कक्षा १ – ८ को दोहोऱ्याउने दर | ५% | ४.५% | ४% | ३.५% | ३% | २.५% |
| १३ | आधारभूत तहको समग्र सिकाइ उपलब्धि स्तर | ५७% | ६०% | ६३% | ६६% | ६८% | ७० |



### ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | मापदण्डअनुसार शिक्षक र कर्मचारी व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | सघन भर्ना अभियान र अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | अति विपन्न तथा पिछडिएका वर्गका बालबालिकाहरूको लागि शैक्षिक सामग्रीहरू जस्तै: ड्रेस, झोला, स्टेसनरीको सहयोग | जना | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | ७००० | |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार-सहित नमुना विद्यालय विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर निर्माण तथा मर्मत ) | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ४३ | |
| ६ | प्रविधिमैत्रीसहित सिकाइका न्यूनतम वातावरणको लागि विद्यालय सुधार योजनामा आधारित विद्यालय सहयोग कार्यक्रम | विद्यालय | १० | १० | १० | १० | १० | ५० | ७१ | |
| ७ | कक्षा ८ को परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | शैक्षिक सामग्रीको विकास र छापामय कक्षाकोठा व्यवस्थापन | विद्यालय | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ | |
| ९ | शिक्षकको क्षमता विकास तालिम सञ्चालन | जना | ६० | ६० | ६० | ६० | ६० | ३०० | ६०० | |
| १० | नयाँ पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी प्रबोधीकरण कार्यक्रम र पाठ्यक्रम कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | कक्षा अवलोकन, पेसागत सहयोग, नमुना कक्षा प्रर्दशन र मेन्टरिङ | विद्यालय | १५ | १५ | १५ | १५ | १२ | ७१ | ७१ | |
| १२ | विद्यालयस्तरीय तथा पालिकास्तरीय पढाइ प्रतियोगिता, पढाइ उत्सवसहित शैक्षिक प्रर्दशनी मेला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | जना | १० | १० | १० | १० | १० | ५० | १०० | |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | | |
| १४ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धि वृद्धिका लागि छलफल तथा अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | शिक्षकले कक्षाकोठामा बिताउने समयको पूर्ण कार्यान्वयनमा सुनिश्चितता | विद्यालय | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ | |
| १६ | सिकाइका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० | |
| २० | पालिकास्तरीय कला, खेलकुद तथा सांस्कृतिक कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २१ | विद्यालयका शिक्षकमार्फत बालबालिकाहरूको अपाङ्गताको प्रारम्भिक पहिचान | विद्यालय | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ | |
| २२ | सरसफाइयुक्त हरियाली विद्यालय विकास | विद्यालय | १० | १० | १० | १० | १० | ५० | ७१ | |
| २३ | बहुकक्षा शिक्षण कार्यक्रम सञ्चालन | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | |
| २४ | प्रारम्भिक कक्षामा पठन तथा गणितीय सिप प्रवर्धन | विद्यालय | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ | |

## ३.३ माध्यमिक शिक्षा

नेपालको संविधानले माध्यमिक तहको शिक्षा नि:शुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ । साथै अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकहरूलाई माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने पूर्ण दायित्व राज्यको हुने उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको नि:शुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनात्मक, रचनात्मक, अध्ययनशील, सकरात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी सिप एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतर्फ शिक्षालाई सङ्घ, प्रदेश तथा स्थानीय सरकारको साझा अधिकार सूचीमा समेत राखेको देखिन्छ ।

यसबाट संविधानका उल्लिखित प्रावधानहरूबाट आम नागरिकका लागि गुणस्तरीय र नि:शुल्क शिक्षा सुनिश्चित गर्ने एकल तथा साझा अधिकारका रूपमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशानिर्देश गर्दछ । शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षाको रूपमा लिएको छ । माध्यमिक शिक्षाले मानवीय मूल्यका साथै भाषा, संस्कृति, विज्ञान प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्तिको उत्पादन गरी नागरिक विकास र उच्च शिक्षाको आधार तयार गर्दछ । माध्यमिक विद्यालयहरू साधारण र प्राविधिक धारमा सञ्चालित हुँदै आएका छन् । प्राविधिक धारतर्फका माध्यमिक विद्यालयहरूमा वनस्पति विज्ञान, प्राणी विज्ञान, कम्प्युटर, सिभिल, इलेक्ट्रिकल, इन्जिनियरिङ र सङ्गीत गरी ६ विषयक्षेत्रलाई समेटिएको छ ।



### ३.३.१ वर्तमान अवस्था

त्रियुगा नगरपालिकामा जम्मा ४७ ओटा माध्यमिक विद्यालयहरू छन् जसमा सामुदायिकतर्फ २४ ओटा, संस्थागततर्फ २२ ओटा र धार्मिकतर्फ १ ओटा विद्यालयहरू सञ्चालनमा रहेका छन् जसमध्ये १२ ओटा सामुदायिक विद्यालयमा प्रारम्भिक बाल कक्षादेखि कक्षा १० सम्मको र बाँकी १२ ओटा सामुदायिक माध्यमिक विद्यालयहरूमा प्रारम्भिक बाल कक्षादेखि कक्षा १२ सम्मको पठनपाठन भइरहेको छ । कक्षा १२ सम्मको पठनपाठन भइरहेका माध्यमिक विद्यालयमध्ये एउटा विद्यालयमा प्राविधिक धारतर्फको सिभिल इन्जिनियरिङ विषयको पठनपाठन भइरहेको छ ।

यस त्रियुगा नगरपालिकाभित्र हरेक वडामा कम्तिमा एउटा माध्यमिक विद्यालय रहेको र बढीमा एक घण्टाभित्र पुग्न सकिने हुँदा माध्यमिक तहमा अध्ययन गर्ने बालबालिकालाई विद्यालयको पहुँच सहज छ । विपन्न, असाहय र गरिब समुदायका केही बालबालिकाबाहेक माध्यमिक तह अध्ययन गर्ने उमेर समूहका सबै विद्यालयमा भर्ना भई अध्ययनरत छन् । आर्थिक अवस्था राम्रो भएका परिवारका बालबालिका संस्थागत विद्यालयमा अध्ययन गरिरहेको अवस्था छ । जसका कारण सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या कम छ । आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका दलित, जनजातिहरू, दुर्गम तथा पिछडिएको क्षेत्रमा रहेका बालबालिकाहरूको पहुँच अन्यको तुलनामा कम रहेको छ । कक्षा दोहोऱ्याउने र छोड्नेको अवस्था हेर्दा केही सङ्ख्या रहेकोमा आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका दलित, जनजातिहरू, दुर्गम, असहाय तथा पिछडिएको क्षेत्रमा रहेका बालबालिकाहरू पर्दछन् । माध्यमिक तहका विद्यार्थीको सिकाइस्तर राष्ट्रिय सिकाइ मापदण्डभन्दा कमजोर रहेको छ । विशेष गरी अङ्ग्रेजी, गणित, विज्ञान र सामाजिक विषयमा सिकाइ उपलब्धि कमजोर रहेको छ । यस नगरपालिकामा रहेका विद्यालयको भौतिक अवस्था हेर्दा केही विद्यालयहरूमा भौतिक संरचना सुरक्षित, सिकाइमैत्री, बालमैत्री, वातावरणमैत्री, अपाङ्गमैत्री भए पनि धेरै विद्यालयका भौतिक संरचना अनुकूलका छैनन् । यस नगरपालिकामा विषयगत शिक्षकको अवस्थालाई हेर्दा सबै विद्यालयमा पर्याप्त दरबन्दी नभएकाले नगरपालिका अनुदान र सङ्घीय शिक्षण अनुदानबाट करार शिक्षक थप गरी शिक्षण सिकाइ हुँदै आएको छ । अझै पनि अङ्ग्रेजी, गणित, विज्ञान विषयका शिक्षकको अभाव रहेको छ । गुणस्तरीय शिक्षा प्रवर्धन र विद्यालय विकासमा समुदायको सहभागिता र साझेदारी शून्य छ ।

यस त्रियुगा नगरपालिकाले माध्यमिक तहको शिक्षा सुधारका लागि थप शिक्षकको व्यवस्था, शैक्षिक योजना निर्माण, उच्च अध्ययनका लागि गरिब तथा जेहेन्दार छात्रवृत्ति, नगरपालिकाभित्र शैक्षिक एकरूपता ल्याउन शैक्षिक कार्यपात्रो निर्माण, शिक्षक तालिम, सानातिना पूर्वाधारको निर्माण, स्थानीय खेलकुद सञ्चालन, प्रतिभा पहिचान, वृत्ति मार्गनिर्देशन कार्यक्रम, एक्सेस कार्यक्रम र अतिरिक्त क्रियाकलाप जस्ता केही असल अभ्यासहरू पनि बेलाबेलामा सञ्चालन गर्दै आएको छ ।

## प्रमुख समस्या र चुनौती

१. विषयगत तालिम प्राप्त शिक्षक दरबन्दीको व्यवस्था विशेष गरी ९ –१२ मा हुन नसकेको,
२. बालमैत्री तथा अपाङ्गमैत्री भवन, फर्निचर, खानेपानी, शौचालय जस्ता भौतिक पक्षको कमी,
३. कक्षा ११ र १२ मा विद्यार्थी नियमितता नभएको,
४. विद्यालय हातामा हरियाली वातावरण नहुनु,
५. शिक्षण सिकाइ मूल्याङ्कन प्रभावकारी नहुनु,
६. शिक्षकहरूलाई पुनर्ताजगी तालिम नहुनु,
७. सिकाइ उपलब्धि न्यून हुनु,
८. सरकारी विद्यालयप्रति अभिभावकको अपनत्व र मोहको कमी,

९. सरकारीतर्फबाट विद्यालयमा लगानीको कमी र उदासिनता,
१०. शिक्षकहरूमा जिम्मेवारी र उत्तरदायित्वको कमी,
११. खेलकुद, अतिरिक्त क्रियाकलाप, विज्ञान प्रदर्शनी, शैक्षिक भ्रमण र बुक फ्रि डे कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन नहुनु,
१२. विद्यार्थी प्रोत्साहनको अभाव,
१३. गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति नहुनु,
१४. शैक्षिक सामग्री र कक्षा व्यवस्थापनको कमी,
१५. समग्र विद्यालय सञ्चालनमा सरकारी अनुदानमको कमी ।

## ३.३.२ उद्देश्य

१. माध्यमिक शिक्षालाई निःशुल्क बनाई समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ,
२. प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र विस्तार गरी माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,
३. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाई नमुनाको रूपमा विकास गर्नु,
४. माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु,
५. सबै माध्यमिक विद्यालयलाई सूचना, सञ्चार तथा प्रविधियुक्त बनाउनु,
६. विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्नु,
७. नजिक रहेका विद्यालय समायोजन गरी पहुँच र सुविधायुक्त आवासीय ठुला विद्यालयको विकास गर्नु,
८. अतिरिक्त क्रियाकलाप तथा बुक फ्रि डे कार्यक्रम सञ्चालन गर्नु ।

## ३.३.३ रणनीति

१. माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकताअनुसार विद्यालयको पुनर्वितरण, समायोजन तथा सुविधायुक्त ठुला विद्यालयको स्थापना गर्ने,
२. विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने,
३. विद्यालयबाहिर रहेका बालबालिकाका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने,
४. माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,
५. शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
६. नगरस्तरीय नमुना ठुलो आवासीय विद्यालय विकास गर्ने,
७. नगरको पहाडी क्षेत्रमा आवासीय विद्यालय स्थापना गरी अङ्ग्रेजी माध्यममा पनि पठन पाठन गर्ने,
८. शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,
९. विद्यालयलाई प्रकोप, सङ्कट, महामारी र जलवायु परिवर्तनलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,
१०. कक्षा ११ र १२ मा विज्ञान तथा प्राविधिक विषय अध्ययनका लागि विद्यार्थीलाई आकर्षित गर्न आवश्यक पूर्वाधार तथा छात्रवृत्तिको व्यवस्था गर्ने,
११. सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने,
१२. सबै माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याबको व्यवस्था गर्ने,
१३. सिकाइ आदन प्रदान गर्न शैक्षिक अवलोकन भ्रमण गर्ने,
१४. प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप तथा बुक फ्रि डे कार्यक्रम सञ्चालन गर्ने ।



## ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुने छ ।
२. माध्यमिक शिक्षामा सूचना प्रविधिको पहुँच र गुणस्तरमा सुधार भएको हुने छ ।
३. नगरस्तरीय नमुना ठुलो आवसीय विद्यालय विकास भएको हुने छ ।
४. शिक्षकको क्षमता विकास भएको हुने छ ।
५. विद्यालयहरूमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गरिएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | २६०० | २७०० | २८०० | २९०० | ३००० | ३१०० |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | २३०० | २४०० | २५०० | २६०० | २७०० | २८०० |
| ३ | कक्षा ११-१२ मा विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | ७० | ८० | ९० | १०० | १२० | १५० |
| ४ | प्राविधिक धार सञ्चालन भएका विद्यालय सङ्ख्या | १ | १ | २ | ३ | ४ | ५ |
| ५ | प्राविधिक धारका विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या | ३८ जना | ४० जना | ८० जना | १२० जना | १६० जना | २०० जना |
| ६ | संस्कृत/धार्मिक विद्यालय सञ्चालन भएका सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ७ | संस्कृत/धार्मिक विद्यालयमा भर्ना भएका विद्यार्थी सङ्ख्या | ५३६ जना | ५५० जना | ५७० जना | ५९० जना | ६१० जना | ६२० |
| ८ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड(MEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | ५ | ५ | १० | १५ | २० | २५ |
| ९ | माध्यमिक तह (कक्षा ९-१०) मा शिक्षक र विद्यार्थी अनुपात | १/४० | १/४२ | १/४४ | १/४६ | १/४८ | १/५० |
| १० | माध्यमिक तह (कक्षा ११-१२) मा शिक्षक र विद्यार्थी अनुपात | १/८५ | १/८० | १/७० | १/६० | १/५५ | १/५० |
| ११ | कक्षा ९-१० को खुद भर्नादर | ८५% | ८७% | ९०% | ९२% | ९४% | ९५% |

| क्र.सं. | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १२ | कक्षा ११-१२ को खुद भर्नादर | ६३% | ६५% | ६८% | ७०% | ७३% | ७५% |
| १३ | कक्षा १० सम्मको टिकाउ दर | ६९% | ७२% | ७६% | ८०% | ८३% | ८५% |
| १४ | कक्षा १२ सम्मको टिकाउ दर | ५४% | ५६% | ६०% | ६५% | ७०% | ७५% |
| १५ | कक्षा ९ –१० को छोड्ने दर | १५% | १२% | १०% | ८% | ६% | ४% |
| १६ | कक्षा ११ – १२ को छोड्ने दर | २०% | १७% | १४% | ११% | ८% | ५% |
| १७ | कक्षा ९-१० को दोहोऱ्याउने दर | ६.५% | ६% | ५.५% | ५% | ४.५% | ३.५% |
| १८ | कक्षा ११ –१२ को दोहोऱ्याउने दर | ५% | ४.५ | ४% | ३.५% | ३% | २.५% |
| १९ | माध्यमिक तहको समग्र सिकाइ उपलब्धि स्तर | ५३% | ५४% | ५५% | ५६% | ५७% | ६०% |
| २० | ठुलो विद्यालयको सङ्ख्या | ० | | | | | |

### ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | १ | | | | १ | २ | |
| २ | मापदण्ड अनुसार शिक्षक र कर्मचारी व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | सघन भर्ना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | अभिभावक शिक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | अति विपन्न तथा पिछडिएका वर्गका बालबालिकाहरूको लागि शैक्षिक सामग्रीहरू जस्तै:ड्रेस झोला स्टेसनरीको सहयोग | सङ्ख्या | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३००० | |
| ६ | शैक्षिक गुणस्तर सुधारका न्यूनतम वातावरणको लागि विद्यालय सुधार योजनामा आधारित विद्यालय सहयोग कार्यक्रम | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| ७ | शैक्षिक सामग्रीको विकास, वितरण तथा व्यवस्थापन | सङ्ख्या | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | |



| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| ८ | पुस्तकालय विज्ञान प्रयोगशाला तथा आइसीटी ल्याबको थप व्यवस्थापन तथा सहयोग | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | २० | २५ | |
| ९ | शिक्षकको क्षमता विकास तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | सिकाइका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | सङ्ख्या | २०० | २०० | २०० | २०० | २०० | १००० | २००० | |
| ११ | नमुना ठुलो आवासीय माध्यमिक विद्यालय निर्माण कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | जना | १० | १० | १० | १० | १० | ५० | १०० | |
| १३ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धि वृद्धिका लागि छलफल तथा अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | बुक फ्रि डे कार्यक्रम सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १५ | शिक्षकले कक्षाकोठामा बिताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १६ | कक्षा अवलोकन, पेसागत सहयोग र नमुना कक्षा प्रदर्शन | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५० | |
| १७ | पालिकास्तरीय खेलकुद तथा सांस्कृतिक कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १8 | पालिका स्तरीय कला तथा विज्ञान प्रदर्शनी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १९ | पढ्दै कमाउँदै कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

नेपालमा प्राविधिक शिक्षा र व्यावसायिक तालिमको विकास क्रमलाई हेर्दा सन् १९३० देखि प्राविधिक तालिम शिक्षालय (हालको पुलचोक क्याम्पस) बाट सुरुवात भएको देखिन्छ । यसैगरी वि.सं. २०१८ मा मेकानिकल प्रशिक्षण केन्द्र (हालको बालाजु स्कुल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजी) र वि.सं. २०१९ मा बुटवल टेक्निकल इन्स्टिच्युटको स्थापनापश्चात् औद्योगिक क्षेत्रका लागि आवश्यक आधारभूत तहका प्राविधिक जनशक्ति उत्पादन गर्न शुरु गरेको पाइन्छ ।

विशेष वा विशिष्ट ज्ञान सिप प्राप्त हुने शिक्षा भनेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम हो। यो उत्पादनमुखी, रोजगारमुखी र गरीखानको लागि स्वावलम्बी आत्मनिर्भर भई जीवनोपयोगी सिपमूलक बनाउने शिक्षा हो। भविष्यको जीवनसँग सम्बद्ध भई कामको लागि सिकाइ (Learning to do) प्राप्त हुने शिक्षा हो। व्यावसायिक कार्यकुशलता अभिवृद्धि गर्दै शैक्षिक उत्पादनलाई व्यावहारिक जीवनोपयोगी र श्रम बजारसँग सम्बन्धित शिक्षा हो । व्यावसायिक तथा प्राविधिक शिक्षाले व्यक्तिलाई 'बोली खानेभन्दा गरी खाने' बनाउँदछ । शिक्षा विकासको आधार हो भने व्यावसायिक तथा प्राविधिक शिक्षा विकासको मूल आधार हो। कोभिड-१९ (कोरोना भाइरस) को सङ्क्रमणले विश्वका अधिकांश मुलुकहरू आर्थिक मन्दीबाट गुज्रिरहेको अवस्था सर्वविदित नै छ । जसको प्रत्यक्ष प्रभाव हाम्रो मुलुकमा पनि परेको छ । यस्तो महामारीको समयकाल चलिरहेको अवस्थामा व्यावसायिक तथा प्राविधिक शिक्षा व्यक्तिको आवश्यकता, चाहना, उपलब्ध स्रोत, साधन र आर्थिक क्षमताको आधारमा प्रदान गर्नु महत्त्वपूर्ण कार्य देखिन्छ। त्यसैले सिपयुक्त नेपाल, समृद्ध जनता र व्यावसायिक तथा प्रविधिमुखी शिक्षामा विशेष जोड दिनु आजको आवश्यकता हो ।

नेपालको सन्दर्भमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम अपरिहार्य विषयको रूपमा रहेको छ । यसलाई वर्तमान मागको रूपमा नलिई आवश्यकताको रूपमा लिइएको छ। आम जनमानसमा प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिनुपर्छ भन्ने मनोविज्ञानको विकास भइसकेको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रमुख दायित्व र यसबाट उत्पादित जनशक्तिको रोजगारीको व्यवस्थापनको जिम्मेवारी पनि राज्यले नै लिनुपर्दछ । विद्यालय शिक्षा कक्षा १ देखि १० सम्म प्राविधिक शिक्षा र व्यावसायिक शिक्षामा जोड दिनु बढी उपयुक्त र सान्दर्भिक देखिन्छ । नेपाल सरकारको निर्णय र स्वीकृत ऐन, नियम तथा निर्देशिका-बमोजिम प्राविधिक तथा व्यावसायिक शिक्षा सामुदायिक विद्यालयहरूमा पनि सञ्चालन गर्ने अवधारणा अगाडि सारियो । शिक्षा मन्त्रालय तथा शिक्षा विभागमार्फत सामुदायिक विद्यालयमा कक्षा ९ बाट प्राविधिक शिक्षा सञ्चालन गर्ने निर्णय वि.सं. २०६८ मा गरेको थियो । सोही निर्णयानुसार २०७० सालदेखि कक्षा ९ मा प्राविधिक शिक्षाको ९९ ओटा विद्यालयहरूमा पठनपाठन प्रारम्भ भयो । तत्पश्चात् २०७२ सालदेखि ९३ ओटा सामुदायिक विद्यालयहरूमा कक्षा ११ मा प्राविधिक शिक्षाको पठनपाठन शुरु भयो । यस अन्तर्गत इन्जिनियरिङतर्फ सिभिल, इलेक्ट्रिकल, कम्प्युटर र कृषि तथा पशु विज्ञानतर्फ बालीविज्ञान र पशुविज्ञान कार्यक्रम सञ्चालनमा छन् । विद्यालय शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको व्यवस्थाबाट कार्यमूलक, व्यावहारिक, प्राविधिक तथा व्यावसायिक सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरी विश्व श्रम वजारमा सहज प्रवेशको सम्भावना बढाउन तथा रोजगारीको सुनिश्चितता प्रदान गर्न शैक्षिक उत्पादनको गुणात्मकता वृद्धिका लागि सामुदायिक विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्नु नितान्त जरुरी रहेको छ ।

### ३.४.१ वर्तमान अवस्था

हरेक देशमा दक्ष जनशक्तिको आवश्यकता पर्दछ, मुलुकको भौतिक, शैक्षिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा औद्योगिक विकासका लागि योग्य र दक्ष जनशक्तिको जरुरी पर्दछ। तसर्थ यस त्रियुगा नगरपालिका अन्तर्गत रहेको श्री त्रियुगा नमुना माध्यमिक विद्यालय गाईघाटमा वि. सं. २०७४ देखि प्राविधिक



धारको सिभिल इन्जिनियरिङ कक्षा सञ्चालन भइरहेको छ । यस विद्यालयले कक्षा ९ देखि १२ सम्म सिभिल इन्जिनियरिङ विषयमा अध्यापन गरिरहेको छ । हालसम्म यस नगरपालिकाभित्र रहेका अन्य सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक धारका कक्षाहरू सञ्चालन भएका छैनन् । यसको मुख्य कारण प्राविधिक दक्ष जनशक्तिको अभाव तथा व्यवस्थित र सुविधाजनक भौतिक व्यवस्थापनको समस्या रहेको देखिन्छ ।

यस नगरपालिकामा निजी स्तरमा भने मोडर्न इन्स्टिच्युट अफ हेल्थ साइन्स उदयपुर र त्रियुगा नेसनल एजुकेशन एकाडमी गाईघाट गरी दुईओटा प्राविधिक धारका संस्था सञ्चालन भइरहेका छन् । यी संस्थाहरूले चाहिँ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन लिई विभिन्न किसिमका प्राविधिक धारका १८ महिने र तीन वर्षे डिप्लोमाका कोर्षहरू सञ्चालन गरिरहेका छन् । उल्लिखित तीनवटा संस्थाहरूको शैक्षिक वर्ष २०८१ को कोर्ष तथा जातिगत विद्यार्थी विवरण तपसिलअनुसार रहेको छः

**विद्यार्थी विवरण २०८१**

| क्र.सं. | संस्थाको नाम | कोर्षको नाम | दलित | | जनजाति | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | |
| १ | त्रियुगा नमुना मा.वि. गाईघाट | सिभिल इन्जिनियरिङ कक्षा ९-१२ | - | २ | ८ | ३२ | ५ | १३ | ६० |
| २ | मोडर्न इन्स्टिच्युट अफ हेल्थ साइन्स उदयपुर | एचए डिप्लोमा | ४ | ४ | १२ | १० | ३८ | ४४ | ११२ |
| | | ल्याब टेक्. डिप्लोमा | १ | १ | १३ | ० | १० | ७ | ३२ |
| | | फिजीयोथेरापी डिप्लोमा | ० | ० | ० | १ | ० | १ | २ |
| | | डिप्लोमा इन फार्मेसी | ० | १ | ६ | २ | १४ | १४ | ३७ |
| ३ | त्रियुगा नेसनल एजुकेशन एकाडमी गाईघाट | आयुर्वेद डिप्लोमा | | | | | | | ५३ |
| | | ल्याब टेक्. डिप्लोमा | | | | | | | ३८ |
| | | भेटेनरी-प्रि डिप्लोमा | | | | | | | १४ |
| | | कृषि- प्रि डिप्लोमा | | | | | | | ० |

यस नगरपालिकाभित्र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा उत्पादन भएका दक्ष जनशक्तिहरूलाई स्थानीय स्तरमा केही अवसरहरू प्राप्त भएका छन् । जसमा स्वरोजगार प्रमुख हो । त्यस्तै आ-आफ्नो स्वव्यवसायमा लागेका छन् भने नगरपालिकाले आयोजना गरेको रोजगार मेलामार्फत रोजगारीको अवसर पाएका छन् । यसबाट गरिबी निवारण र जीवनस्तर उकास्न मद्दत पुगेको छ भने देशमा बेरोजगारीको सङ्ख्या घटेको छ ।


यस त्रियुगा नगरपालिकाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम अन्तर्गत विगतदेखि नै विभिन्न प्रकारका असल अभ्यासका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । त्रियुगा नगरपालिकाको आयोजना र दिगो तथा सम्मानित रोजगारिका लागि सिप परियोजना दोस्रो चरण (ENSSURE-II) को सहयोगमा शैक्षिक रोजगार मेला आयोजना गर्दै आएको छ । यस नगरपालिकाभित्रका विगतदेखिका ६ ओटा र शैक्षिक वर्ष २०८१ देखि धार्मिक गुरुकुलम माध्यमिक विद्यालयबाहेक सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयहरूमा दिगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना दोस्रो चरण (ENSSURE-II) अन्तर्गत वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन भइरहेको छ । जसमा कक्षा ९ का विद्यार्थीहरूलाई एसईईपश्चात् विशेष गरी प्राविधिक धारतर्फ आकर्षित गर्न सहजीकरण गरिन्छ । यसैगरी यस नगरपालिकाले Cook, Building Electrician र Light

Vehical Mechanics जस्ता १० महिने छोटो अवधिका कार्यक्रम सञ्चालन गरिसकेको छ भने यसै वर्षदेखि Professional computer hardware and network technician, Professional Plumber र Professional LCD, LED TV Repair technician जस्ता १० महिने प्राविधिक तथा व्यावसायिक तालिमहरू हुँदै छन्।

तथापि विश्व बजारको माग र प्रतिस्पर्धात्मक युग भएको हुँदा हरेक माध्यमिक विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउन अपरिहार्य रहेको छ।

**प्रमुख समस्या र चुनौती**

१. प्राविधिक तथा व्यावसायिक धारको कक्षा सञ्चालनको सम्वन्धन र अनुमति लिनमा समस्या हुनु,
२. भौतिक पूर्वाधार विकास र शैक्षिक व्यवस्थापनमा स्रोतको अभाव हुनु,
३. श्रम बजार र रोजगारीमा समस्या हुनु।




## ३.४.२ उद्देश्य

१. इच्छुक नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसर सुनिश्चित गर्नु,
२. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तिका लागि स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका अवसर उपलब्ध गराउनु,
३. नयाँ सम्भाव्य विषय (Trade) को पहिचान र छनोट गरी तालिमको पाठ्यक्रम निर्माण, मौजुदा पाठ्यक्रमको सामयिक संशोधन गर्नु,



४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारी सिर्जनाको सम्भावनालाई ध्यानमा राखी आधारभूत सिपमूलक तालिम दिनु,
५. नगरपालिकाका सामुदायिक माध्यमिक विद्यालयमा वृत्ति मार्ग निर्देशन कार्यक्रमलाई निरन्तरता दिनु।

## ३.४.३ रणनीति

१. माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये १५ प्रतिशतलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको कार्यक्रममा पहुँच सुनिश्चित गर्ने,
२. समयसापेक्ष प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको कार्यक्रमको विस्तार गर्ने,
३. नगरपालिकाभित्र प्राविधिक तथा व्यावसायिक धारको कक्षा सञ्चालन र विस्तार गर्ने,
४. स्थानीय तहमार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनार्थ सरोकारवालासँग आवश्यक राय सल्लाह गरी आवश्यक आर्थिक पहल गर्ने,
५. प्राविधिक तथा व्यावसायिक तालिमलाई प्रयोगात्मक पक्षमा केन्द्रित गरी कामको संसारसँग जोड्ने,
६. गरिबी न्यूनीकरणका लागि रोजगारमूलक जनशक्ति उत्पादन गर्ने,
७. प्राविधिक तथा व्यावसायिक तालिमका अवसरहरूको विकास एवम् विस्तार गर्दै अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्नसक्ने श्रमशक्तिको उत्पादन गर्ने,
८. सामाजिक न्यायसहितको आर्थिक विकासमा सघाउ पुऱ्याउने।

## ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये १५ प्रतिशतले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरेका हुने छन्।
२. प्राविधिक तथा व्यावसायिक तालिमले अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने श्रम शक्तिको उत्पादन गरेको हुने छ।
३. स्वरोजगार वृद्धि भई गरिबी न्यूनीकरण भएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | सामुदायिक १ र निजी संस्था २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | ३७४ | ४२५ | ४७५ | ५२५ | ५७५ | ६०० |
| ३ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका शिक्षक सङ्ख्या | ४४ | ५० | ५० | ५५ | ५५ | ६० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका शिक्षक र विद्यार्थी अनुपात | १:९ | १:९ | १:१० | १:१० | १:१० | १:१० |

| क्र.सं. | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| ५ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र विद्यालयको भौतिक पूर्वाधार सम्पन्न भएका विद्यालयको सङ्ख्या | १ | १ | २ | ३ | ४ | ५ |
| ६ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको समग्र सिकाइ उपलब्धिस्तर | - | - | - | - | - | - |
| ७ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमबाट उत्पादित जनशक्तिको रोजगारको प्रतिशत | - | - | - | - | - | - |

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | | |
| १ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | प्राविधिक तथा व्यावसायिक अनुमति र सञ्चालन | पटक | | १ | १ | १ | १ | ४ | ७ | |
| ४ | प्राविधिक तथा व्यावसायिक विद्यालयको भौतिक पूर्वाधार विकास तथा निर्माण | सङ्ख्या | | १ | १ | १ | १ | ४ | ७ | पहिलेको १ सहित |
| ५ | सञ्चालित अवस्थामा रहेको प्राविधिक विद्यालयमा ल्याव स्थापना र सुदृढीकरण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन | विद्यालय | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

सिकाइ मानव जीवनको अभिन्न अङ्ग हो। अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो। अनौपचारिक शिक्षाले संस्कार, संस्कृति, रीतिरिवाज, चालचलन, मानव सभ्यताको विकास र संरक्षण एवम् संवर्धन पौराणिक कालदेखि गर्दै आएको छ। पौराणिक कालका विद्वान् ऋषिमुनि विदुषीहरू कुनै विद्यालयका उपज होइनन् बरु अनौपचारिक प्रकृतिका धार्मिक सङ्घसंस्थाले दिएका शिक्षाको उपज हुन्। औपचारिक शिक्षाको इतिहास अनौपचारिक जति लामो छैन। आदिकालदेखि अनौपचारिक शिक्षाबाट उत्पादित पोख्त विद्वान्हरूको उपज



औपचारिक शिक्षा हो। अनौपचारिक शिक्षाको महिमा मानव जीवनलाई सशक्त र सफल बनाउन अनुपम छ। औपचारिक शिक्षाको पाठ्यक्रम, शिक्षण संस्थाको संरचना, कक्षा सञ्चालन समय र पढ्ने उमेर आदिले ज्ञान, सिप हासिल गर्ने दायरा साँघुरो बनाएको छ। जबकि अनौपचारिक शिक्षाले आवश्यकता, चाहना र समयको मागअनुसार जुनसुकै समय र स्थानमा हासिल गर्न सकिने विशेषता राखेको हुन्छ।

औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान र सिप प्रदान गर्ने जीवनपर्यन्त सिकाइ प्रणालीलाई अनौपचारिक शिक्षा भनिन्छ। औपचारिक शिक्षाबाट वञ्चित, औपचारिक शिक्षा प्राप्त गर्ने अवसर नपाएका र निरन्तर शिक्षाको अवसर प्राप्त गर्न इच्छुक नागरिकलाई प्रदान गरिने सम्पूर्ण शैक्षिक कार्यक्रमहरू अनौपचारिक शिक्षा कार्यक्रमभित्र पर्दछन्। अनौपचारिक शिक्षा विशेष गरी पन्ध्र वर्षदेखि माथिका युवा, महिला, प्रौढहरू तथा सीमान्तकृत, पिछडिएका, अल्पसङ्ख्यक समुदायका व्यक्तिहरूका लागि साक्षरता एवम् आधारभूत शिक्षा प्रदान गर्ने व्यवस्था हो। यो विशेष गरी व्यक्तिको जीवनपद्धतिसँग जोडिएको हुन्छ।

### ३.५.१ वर्तमान अवस्था

नेपालमा औपचारिक शिक्षाको थालनी नहुँदै अनौपचारिक शिक्षाका विभिन्न आयाम र अभ्यासहरू प्रचलनमा थिए। वि.सं. २००४ मा आधार शिक्षाको सुरुवातसँगै आधारभूत साक्षरता कार्यक्रम सञ्चालनमा आएको पाइन्छ। वि .सं. २०१३ मा नेपालमा पहिलो पटक अनौपचारिक शिक्षा अन्तर्गत प्रौढ शिक्षाको सुरुवात भएको थियो। राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले प्राथमिक तहको उद्देश्य साक्षर बनाउने र प्रौढ शिक्षालाई साक्षरता फैलाउने र कार्यमूलक प्रौढ साक्षरता गरी २ भागमा विभाजन गरी प्रौढ शिक्षाका कार्यक्रम सञ्चालन गरेको पाइन्छ। त्यसैगरी राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले साक्षरता अभियानका लागि सरकारले नियमित कोषको अलवा एक अतिरिक्त कोष खडा गर्ने र केन्द्रीय तहमा रहेको प्रौढ शिक्षा शाखालाई अनौपचारिक शिक्षा महाशाखामा रूपान्तरण गरी सोहीबमोजिम जनशक्तिको व्यवस्थापन गर्नुपर्ने सुझाव दिएको थियो।

अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०८० को उद्देश्य अनौपचारिक विधि तथा प्रक्रिया अवलम्बन गरी लचकताका साथ शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने रहेको छ। साथै वैकल्पिक रूपमा हासिल गरेका ज्ञान, सिप तथा दक्षता परीक्षण गरी समकक्षता प्रदान गर्ने, विभिन्न कारणबाट औपचारिक शिक्षाको शैक्षिक अवसरबाट वञ्चित नागरिकलाई सहज शैक्षिक अवसर प्रदान गरी प्रमाणीकरणको अभावमा हुने शैक्षिक विभेदको अवस्थालाई अन्त्य गर्ने, अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षा वा प्राविधिक शिक्षामा र औपचारिक शिक्षाबाट अनौपचारिक शिक्षामा प्रवेशको अवसर खुला गर्ने उद्देश्य यस प्रारूपमा रहेको छ।

त्रियुगा नगरपालिकाले औपचारिक, निरन्तर, खुला सिकाइ र अनौपचारिक शिक्षाको माध्यमबाट वि.सं. २०७६ मा यस नगरपालिकासहित सिङ्गो उदयपुर जिल्लालाई साक्षर घोषणा गरियो। यस समयमा नगरपालिकामा ९७.३ प्रतिशत नागरिकको साक्षरता रहेको थियो।। यस नगरपालिकाको वडा नं. ११ भित्र सङ्गम सामुदायिक पुस्तकालय नामक एउटा मात्र सामुदायिक पुस्तकालय सञ्चालन भइरहेको छ। यसैगरी नगरपालिकाभित्र सामुदायिक सिकाइ केन्द्र चारओटा, बालविकास समाज नेपाल, मानव अधिकार तथा वातावरण विकास केन्द्र, जाल्पा एकीकृत विकास समाज, महिला पुनर्स्थापना केन्द्र, ग्रामीण स्वास्थ्य शिक्षा सेवा गुठीलगायत विभिन्न गैरसरकारी संस्थाको पनि अनौपाचारिक तथा आजीवन सिकाइ विकासको उन्नयनमा महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ। साक्षरोत्तर कार्यक्रमपश्चात विभिन्न प्रकारका तालिमबाट सिप सिकेर ढाका बुनाइ, सिलाइ कटाइ, तरकारी खेती आदि कार्यमार्फत अर्थोपार्जन गरिरहेका छन्।

### प्रमुख समस्या र चुनौतीहरू

१. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित नहुनु,
२. साक्षरोत्तर, निरन्तर सिकाइ, आयमूलक सिपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन नहुनु,
३. पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरूको विकास नहुनु,
४. साक्षरता कार्यक्रममा सहभागी भएका व्यक्तिहरूले सिकेका ज्ञान र सिपलाई रोजगारसँग जोड्न नसक्नु,
५. अनौपचारिक शिक्षा र आजीवन सिकाइ सञ्चालन गर्ने संस्था र संयन्त्रको पर्याप्त विकास, सक्रियता र व्यवस्थित नहुनु,
६. सरकारले गैरसरकारी संस्थासँग समन्वय गरेर कार्यक्रम सञ्चालन गर्न नसक्नु,
७. महिला, पछाडि परेका वर्गलाई लक्षित गरी जीवनोपयोगी सिप, लघु ऋण, अनुदान र रोजगारीको अवसर दिने जस्ता कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन नगर्नु ।

### ३.५.२ उद्देश्य

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु,
२. सामुदायिक सिकाइ केन्द्र, साक्षरोत्तर कार्यक्रम, आजीवन सिकाइ, खुला शिक्षामार्फत समुदायमा विभिन्न सिप विकास तथा आयमूलक कार्यक्रम सञ्चालन गर्नु,
३. विभिन्न कारणले विद्यालयबाहिर रहेका र बिचैमा विद्यालय छोडेका बालबालिकाहरूलाई वैकल्पिक कक्षामार्फत साधारण विद्यालयको प्रवाहमा समाहित गर्नु,
४. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलाई शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गर्नु,
५. सबैका लागि गुणस्तरीय शिक्षा र आजीवन सिकाइ संस्कृतिको प्रवर्धन गर्नु,
६. खुला विद्यालय सञ्चालन गरी पढाइ छाडेका बालबालिकालाई शिक्षाको अवसर प्रदान गर्नु ,
७. सामुदायिक सिकाइ केन्द्रको स्तरोन्नति गर्नु ।

### ३.५.३ रणनीति

१. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधासम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफएम सञ्चालन र सेवाप्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने,
२. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय सङ्घसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने,
३. सिकारुका आवश्यकतानुसार तहगत पाठ्यक्रम, सिकाइ मोड्युल र भाषिक विविधताअनुरूपका सामग्रीको प्रयोग गर्ने,
४. सरोकारवालासँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयको सुदृढीकरण गर्ने,
५. सामुदायिक सिकाइ केन्द्रमार्फत विभिन्न सिप विकास र आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालन गर्ने,



६. अनौपचारिक माध्यमबाट सिकेका ज्ञान तथा सिपहरूको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारूपले गरेको व्यवस्थाबमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने,
७. खुल्ला विद्यालय सञ्चालन गरी पढाइ छाडेका बालबालिकालाई शिक्षाको अवसर प्रदान गरिने,
८. सामुदायिक सिकाइ केन्द्रको स्तरोन्नति भएको हुने ।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त भएको हुने छ ।
२. साक्षरोत्तर कार्यक्रमपश्चात सिप विकास भई आयआर्जनमा वृद्धि भएको हुने छ ।
३. खुला विद्यालय सञ्चालन गरी पढाइ छाडेका बालबालिकालाई शिक्षाको अवसर प्रदान गरिने छ ।
४. सामुदायिक सिकाइ केन्द्रको स्तरोन्नति भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथि) * (%) | ८० | ८३ | ८६ | ९० | ९३ | ९५ |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्ष भन्दा माथिका महिला) (%) | ७४ | ७७ | ८० | ८२ | ८४ | ९० |
| ३ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ० | १ | २ | ३ | ४ | ४ |
| ४ | नगरभित्र सामुदायिक पुस्तकालयको सङ्ख्या | १ | २ | २ | ३ | ३ | ४ |
| ५ | सिकाइ केन्द्रको सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | ४ |
| ६ | साक्षरोत्तर कार्यक्रम तथा सिपमूलक तालिम सञ्चालन गर्ने गैसस सङ्ख्या | ० | १ | १ | १ | २ | ३ |
| ७ | साक्षरोत्तर पछि लाभान्वित सङ्ख्या | ० | ३० | ५० | ७० | ९० | १०० |
| ८ | साक्षरता कार्यक्रमपछि विद्यालयमा भर्ना भएकाको सङ्ख्या | ० | १० | २० | ३० | ४० | ५० |
| ९ | खुला विद्यालयमा भर्ना हुने विद्यार्थीको सङ्ख्या | २० | २५ | ३० | ३५ | ४० | ४५ |

### ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | १ | | | | | १ | २ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | १६ | १६ | १६ | १६ | १६ | ८० | १६० | |
| ३ | सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन | सङ्ख्या | ४ | ० | ० | ० | ० | ४ | ६ | पहिलेको ४ सहित |
| ४ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | आयमूलक कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | लक्षित समूहहरूको मागमा आधारित तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | सा.सि.के. ले समुदायमा आधारित सङ्घसंस्थासँग सहकार्य गर्ने कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ८ | आजीवन सिकाइका लागि सामग्री विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | परिचालकको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | पन्ध्र वर्षमाथि उमेर समूहका लागि सामुदायिक सिकाइ केन्द्र वा वडा कार्यालयमा पढाइ कर्नरको व्यवस्था | संख्या /केन्द्र | २ | ३ | ३ | ४ | ४ | १६ | १६ | १६ वडामा |
| ११ | गै.स.स. र नगरपालिकाको समन्वयमा हुने कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | खुल्ला विद्यालय सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | हाल देउरी |



# परिच्छेद-४
# अन्तरसम्बन्धित विषय तथा क्षेत्र

विभिन्न अन्तरसम्बन्धित विषय तथा क्षेत्र (Cross-cutting Subjects and Areas) ले विद्यालय शिक्षाको योजनामा अपेक्षित परिणाम हासिल गर्न सक्षम बनाउने कारकका रूपमा काम गरेका हुन्छन् । शिक्षा योजनामा शिक्षक व्यवस्थापन तथा पेसागत विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपत्-कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, शिक्षामा सूचना तथा सञ्चार प्रविधि, विद्यालयको भौतिक विकास जस्ता अन्तरसम्बन्धित विषय महत्त्वपूर्ण हुन्छन् । हुन त अघिल्लो परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रको योजनाको खाका प्रस्तुत गर्ने क्रममा सम्बन्धित अन्तरसम्बन्धित विषयका कतिपय पक्ष केही हदसम्म उल्लेख भइसकेका छन्  तथापि यी अन्तरसम्बन्धित विषयको समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग तिनीहरूको अन्तरसम्बन्धका बारेमा थप स्पष्टता आवश्यक देखिन्छ । यसै सन्दर्भमा यस परिच्छेदमा समावेश गरिने उपक्षेत्रलाई वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि तथा नतिजा र मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण गरी उपशीर्षकमा विभाजन गरी विश्लेषण गरिएको छ ।।

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

पाठ्यक्रम शिक्षण सिकाइ क्रियाकलापको मेरूदण्ड हो भने पाठ्यपुस्तक साधन मात्र हो । त्यसकारण यिनीहरूको समयमा नै उपलब्धता हुनुपर्दछ अर्थात शैक्षिक सत्रको सुरुमा नै उपलब्ध भई प्रबोधीकरण कार्यक्रम पनि सञ्चालन हुनुपर्दछ । निःशुल्क पाठ्यपुस्तकका लागि समयमा नै नगर शिक्षा शाखाबाट पाठ्यपुस्तकको रकम निकाशा भएको छ । पाठ्यक्रम प्रबोधीकरणको अभ्यास शैक्षिक सत्रको सुरुमा भई विद्यालय तहमा कार्यान्वयन भएको छ ।

पाठ्यक्रम प्रबोधीकरण र शिक्षण  सिकाइ क्रियाकलापपश्चात गरिने विद्यार्थी मूल्याङ्कनका  धेरै चुनौती तथा अवसर रहेका छन् । पाठ्यक्रम तथा पाठ्यपुस्तकअनुसार विद्यार्थी मूल्याङ्कन गर्न झन्झटिलो छ भने प्रयोगात्मक मूल्याङ्कनले विद्यार्थीहरूको व्यवहारकुशल सिपसमेत मापन गर्ने भएकोले अवसर पनि छ । स्थानीय  तहले स्थानीय पाठ्यक्रम निर्माणको क्रममा वातावरणीय दिगोपनाका लागि वृक्षरोपण, वातावरण संरक्षणको रैथाने ज्ञान र सिपलाई समावेश गर्ने तथा हरित विद्यालय, हरित वडा र हरित समुदायको अवधारणा जस्ता विषय र विश्वबजारमा प्रतिस्पर्धा गर्नका लागि आवश्यक पर्ने वित्तीय साक्षरता, उद्यमशीलता, सञ्चार सिप, संवेग व्यवस्थापन जस्ता जीवनोपयोगी सिपलाई पाठ्यक्रम तथा अन्य माध्यमबाट प्रवर्धन गर्ने खालका विषय समावेश गरेको छ ।

### ४.१.२ उद्देश्य

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा  सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु,
३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
४. विद्यालय शिक्षाको परीक्षा प्रणालीलाई व्यवस्थित गर्न परीक्षा बोर्ड गठन गर्नु ।

### ४.१.३ रणनीति

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ अनुरूप पाठ्यक्रम कार्यान्वयन गर्ने,
२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण गर्ने,
३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गर्ने,
४. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने,
५. माध्यम भाषाका रूपमा आवश्यकतानुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने,
६. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने,
७. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुलाई प्राथमिकताका साथ समावेश गर्ने,
८. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने,
९. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोग गर्ने,
१०. विद्यालय शिक्षाको परीक्षा प्रणालीलाई व्यवस्थित गर्न नगरपालिकाले कार्यविधि बनाई परीक्षा बोर्ड गठन गर्ने ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने छ ।
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुने छ ।
३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।
४. विद्यालय शिक्षाको परीक्षा प्रणालीलाई व्यवस्थित गर्न परीक्षा बोर्ड गठन भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ४ | ४ | ४ | ४ | ४ | ४ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ६ | स्थानीय पाठ्यक्रम लागु गर्ने विद्यालय | कक्षा १-५ सम्म सबै विद्यालय | कक्षा १-८ सम्म सबै विद्यालय | कक्षा १-८ सम्म सबै विद्यालय | कक्षा १-८ सम्म सबै विद्यालय | कक्षा १-८ सम्म सबै विद्यालय | कक्षा १-८ सम्म सबै विद्यालय |
| ७ | पाठ्यक्रममा आधारित शिक्षण सिकाइ सञ्चालन भएको विद्यालय सङ्ख्या प्रतिशतमा | ३० | ५० | १०० | १०० | १०० | १०० |



### ४.१.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० |
| २ | स्थानीय पाठ्यक्रम विकास, अद्यावधिक तथा कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर अद्यावधिक | ५ | १० |
| ३ | शिक्षण सिकाइका स्रोत सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | कार्यसञ्चयिका परियोजना कार्य अभिलेखीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० |
| ५ | अनुगमन तथा मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० |
| ६ | परीक्षा र मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

यस त्रियुगा नगरपालिकाको कार्यपालिका, नगर शिक्षा समिति, वडा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्घ संस्थामा महिला र दलित तथा आमा समूहको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ। शैक्षिक उन्नयनको लागि पाठ्यक्रम र पाठ्यपुस्तक जतिसुकै राम्रा भए पनि विद्यार्थीसम्म पुऱ्याउने माध्यम भनेको शिक्षक भएकाले यसको व्यवस्थापन चुस्त र दुरुस्त हुन आवश्यक छ। यस नगरपालिकाभित्र शिक्षकको पेसागत तथा क्षमता विकास गर्न पाठ्यक्रम तथा पाठ्यपुस्तक परिवर्तन भएसँगै सबै विषयका शिक्षकलाई प्रबोधीकरण तालिम र प्रत्येक वर्ष पुनर्ताजगीका लागि विषयगत शिक्षकको गोष्ठी सञ्चालन हुन आवश्यक छ। शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध हुन सकेको छैन । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइनु पर्दछ। शिक्षक अभाव भएका विद्यालयमा त्रियुगा नगरपालिकाले लामो समयदेखि आफ्नै स्रोतको प्रयोग गरी शिक्षकको व्यवस्थापन गरिरहेको छ । त्रियुगा नगरपालिकामा तहगत तथा विषयगतका शिक्षक निम्नानुसार रहेका छन्।

**आधारभूत तह**

| क्र.स. | विद्यालय सङ्ख्या | कक्षा | | विषयहरू | शिक्षक सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कक्षा १-५ | कक्षा ६-८ | | | |
| १ | ४२ | ३१ | ११ | नेपाली | २८ | |
| २ | | | | अङ्ग्रेजी | २९ | |
| ३ | | | | गणित | १७ | |
| ४ | | | | विज्ञान | १७ | |
| ५ | | | | सामाजिक | २० | |

**माध्यमिक तह**

| क्र.स. | विद्यालय सङ्ख्या | विषयहरू | शिक्षक सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | २४ | नेपाली | १४ | |
| २ | | अङ्ग्रेजी | १५ | |
| ३ | | गणित | १२ | |
| ४ | | विज्ञान | ११ | |
| ५ | | सामाजिक | १४ | |

त्रियुगा नगरपालिकाको मौजुदा शिक्षकको अवस्थालाई हेर्दा प्राथमिक तहमा ६५ वटा पुल दरबन्दी रहेको तर कक्षा ६-८ र कक्षा ९-१२ मा विषयगत शिक्षकको अभाव रहेको छ। जसलाई वर्षेनी गरिने दरबन्दी मिलानको क्रममा प्राथमिक तहमा माथिल्लो योग्यता भएकालाई कक्षा ६-८ र कक्षा ९-१२ मा मिलान गरी शिक्षक व्यवस्थापन गरिएको छ। त्यसमा पनि नपुग हुँदा सङ्घीय शिक्षण सिकाइ अनुदान र नगरपालिकाबाट थप शिक्षक व्यवस्थापन गरिएको छ।



### ४.२.२ प्रमुख समस्या र चुनौती

१. विषयगत शिक्षकको अभाव,
२. शैक्षिक तथा भौतिक पक्षको समृद्धिका लागि सूचकमा आधारित अनुगमन नहुनु,
३. शिक्षणमा प्रविधिको प्रयोग गर्न नसक्नु,
४. विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टरिङ पद्धतिको विकास गरी कार्यान्वयन नहुनु,
५. शिक्षकका लागि निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्न नसक्नु,
६. शिक्षकहरू राजनीतिक हस्तक्षेपबाट मुक्त हुन नसक्नु।

### ४.२.२ उद्देश्य

१. तहगत, कक्षागत, तथा विषयगत रूपमा शिक्षकको व्यवस्थापन गर्नु,
२. शिक्षकका लागि निरन्तर पेसागत विकास, तालिम र शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु,
३. प्रविधिमैत्री शिक्षण सिकाइलाई प्रभावकारी बनाउनु,
४. स्रोत शिक्षक तथा शिक्षक बैङ्कको स्थापना गर्नु र सञ्चालन गर्नु,
५. शिक्षकहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गराउनु।

### ४.२.३ रणनीति

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान, पुनर्वितरण तथा व्यवस्थापन गर्ने,
२. रिक्त दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकको व्यवस्थापन गर्ने,
३. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास लगायतका विषयमा सेवाकालीन तालिम सञ्चालन गर्ने,
४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने, यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने,
६. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने,
७. प्रविधिमैत्री शिक्षण सिकाइलाई प्रभावकारी बनाउन विद्यालयलाई प्रविधिमैत्री सामग्री र शिक्षकलाई तालिमको व्यवस्था गरी कार्यान्वयनमा ल्याउने,
८. स्रोत शिक्षक तथा शिक्षक बैङ्कको स्थापना गरी परिचालनमा ल्याउने,
९. शिक्षकहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गराउने।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुने छ ।
२. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुने छ ।
३. सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कनमार्फत शिक्षकलाई पेसाप्रति जवाफदेही बनाइने छ ।
४. शिक्षणमा प्रविधिको प्रयोग भएको हुने छ ।
५. शिक्षकहरू राजनीतिक हस्तक्षेपबाट मुक्त हुने छन् ।
६. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार भएको हुने छ ।
७. स्रोत शिक्षक तथा शिक्षक बैङ्कको स्थापना गरी परिचालन भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ११२ | ११२ | ११२ | ११२ | ११२ | ११२ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | २० | ४० | ६० | ८० | ९० | १०० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | २० | ४० | ६० | ८० | १०० |
| ६ | शिक्षकको शिक्षण सिकाइमा उपस्थिति प्रतिशत | ७० | ८० | ९० | १०० | १०० | १०० |
| ७ | प्रविधिको प्रयोग भएका विद्यालयको प्रतिशत | १० | २० | ४० | ६० | ८० | १०० |
| ८ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक | १०० | १०० | १०० | १०० | १०० | १०० |



### ४.२.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | शिक्षक दरबन्दी मिलान र अपुग शिक्षक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग मेन्टरिङ | पटक | २ | ३ | ३ | ३ | ३ | १४ | ३० |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक | % | ४० | ६० | ८० | ९० | १०० | १०० | १०० |
| ५ | स्रोत शिक्षक तथा शिक्षक बैङ्कको स्थापना र परिचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६ | प्रदेश स्वयम् सेवक शिक्षक र स्वास्थ्यकर्मीको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

त्रियुगा नगरपालिका सामाजिक, आर्थिक, सांस्कृतिक विविधता भएको स्थानीय तह हो । विगतमा कार्यान्वयन भएका 'सबैका लागि शिक्षा', 'आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम', 'सहस्राब्दी विकास लक्ष्य', 'विद्यालय क्षेत्र सुधार योजना', 'विद्यालय क्षेत्र विकास योजना', 'दिगो विकास लक्ष्य' लगायतका विभिन्न शैक्षिक योजना तथा कार्यक्रमहरूले समेत समावेशी शिक्षालाई समावेश गरेका छन । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोबास छ । त्रियुगा नगरपालिकामा क्रमशः क्षेत्री, थारू, राई, दलित, मगर, ब्राह्मण, दनुवार, तामाङ, नेवार, मुस्लिम, सदा, गुरूङ, छन्त्याल, यादव, माझी, लिम्बू आदि समुदायको बसोबास रहेको छ । कुल १६ वडामा विभाजित यो नगरपालिकाको जनसङ्ख्या वि.सं. २०६८ को जनगणनानुसार ८७,५५७ रहेको छ । वि.सं. २०७८ को जनगणनानुसार यहाँ १ हजार ७ सय २७ घरधुरीमा १,०२,७२५ मानिसहरू बसोबास गर्छन् ।

यस त्रियुगा नगरपालिकाको कार्यपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्घ संस्थामा महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ ।

यस नगरपालिकाभित्र बालबालिकाको जातजातिगत, लैङ्गिक तथा भाषिक विविधता छ । धेरै जातजातिहरूको बसोबास भएकाले भाषा पनि फरकफरक छ तर लैङ्गिक रूपमा भने दुई लिङ्गको मात्र विद्यालयमा अस्तित्व र अभिलेख मौजुदा छ भने तेस्रो लिङ्गीको चाहिँ छैन । त्यसैगरी अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचानका लागि अनुकूल पहुँच सुनिश्चित गर्न उपकरणको व्यवस्था र वैयक्तिक सहयोग प्रणालीमा यस नगरपालिकाभित्रका अपाङ्गता भएका बालबालिकालाई पाँचओटा स्रोतकक्षामार्फत अध्यापन भइरहेको छ । सङ्घीय, प्रदेश तथा विभिन्न गैर सरकारी सङ्घसंस्थाबाट समेत सहयोग प्राप्त भएको छ । यस नगरपालिकाले नगरभित्र रहेका यो  योजान लागु भएको वर्ष दिनभित्रमा  अपाङ्गता भएका बालबालिकाको पहिचान गरी शिक्षाको मूलधारमा पहुँच सुनिश्चित गर्नका लागि सर्वेक्षण गरी बजेट विनियोजन गर्न आवश्यक देखिन्छ । यस नगरपालिकाभित्र विभिन्न कठिन परिस्थितिमा रहेका असहाय, सडक बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गरी विद्यालयमा पहुँच पुऱ्याउन विपन्न छात्रवृत्ति जस्ता लक्षित कार्यक्रम ल्याउनु पर्ने देखिन्छ । सिकाइ वातावरण तथा सिकाइ क्रियाकलापमा समता र समावेशीकरण गर्दै वैकल्पिक सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रलाई समेत सक्रिय बनाउनु पर्ने देखिन्छ ।  शिक्षक नियुक्ति तथा व्यवस्थापनमा समावेशिता देखिँदैन । यसतर्फ पनि नगरपालिकाले ध्यान दिनुपर्ने छ। स्थानीय तहले शैक्षिक समता र समावेशीकरणमा गरेका असल अभ्यासका रूपमा सिकाइ केन्द्रहरूलाई परिचालन गर्नुपर्ने देखिन्छ ।

**प्रमुख समस्या र चुनौती**

१. अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचानका लागि तथ्याङ्क सङ्कलनमा कमी,
२. विपन्नका लागि छात्रवृत्ति जस्ता समता लक्षित प्रमुख कार्यक्रमको अभाव,
३. शिक्षक नियुक्तिमा समावेशीकरणको अभाव,
४. विशेष विद्यालयको भौतिक व्यवस्थापनमा कमी ।

### ४.३.२ उद्देश्य

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु,
२. अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालय स्रोत हब निर्माण गरी आवासीय रूपमा शिक्षण सिकाइ क्रियाकलाप  सञ्चालन गर्नु,
३. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,
४. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु,
५. सबैका लागि छात्रवृत्ति जस्ता समता लक्षित प्रमुख कार्यक्रम सुनिश्चित गर्नु,
६. असहाय र सडक बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्नु ।

### ४.३.३ रणनीति

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने,
२. विशेष कक्षाको हब निर्माण गर्न नगरपालिकाले योजना बनाई बजेट विनियोजन गर्ने,
३. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने,



४. छात्रवृत्तिका लागि विपन्न  लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिका सहभागी हुने व्यवस्था गर्ने,
५. कार्यविधि तयार गरी आवश्यकतानुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने,
६. विद्यालयमा सरसफाइयुक्त शिक्षाको प्रबन्ध, किशोरी लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने,
७. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी  विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाइ नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने,
८. असहाय र सडक बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. एकीकृत सिकाइ हबले लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधारका साथै आर्थिक व्ययभारमा कमी आएको हुने छ ।
२. सबैका लागि छात्रवृत्ति जस्ता समता लक्षित प्रमुख कार्यक्रम सुनिश्चित भएको हुने छ ।
३. विद्यालयमा सरसफाइयुक्त शिक्षाको प्रबन्ध, किशोरीलक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान भएको हुने छ ।
४. असहाय र सडक बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालयबाहिर रहेका बालबालिकाको सङ्ख्या | २१५ | १९५ | १७५ | १५५ | १३५ | ११५ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.९५ | ०.९६ | ०.९७ | ०.९८. | 0.९९ | १ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ०.९७ | ०.९८ | ०.९९ | १ | १ | १ |
| ४ | अपाङ्ग,असहाय पिछडिएका सीमान्तकृत छात्रा भर्ना दर | ६५ | ६८ | ७१ | ७४ | ७७ | ८० |
| ५ | छात्राको ड्रप आउट दर | १२ | ११ | १० | ९ | ८ | ७ |

### ४.३.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | शिक्षाको अवसरबाट वञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकतानुसारको वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० |
| २ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | बालबालिकाको सिकाइ आवश्यकताअनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुलाई समावेश | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घ संस्थाबिच जवाफदेहीसहितको कार्यगत समन्वय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० |
| ५ | छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा  छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | अपाङ्गतामैत्री विद्यालय/स्रोत कक्षा सञ्चालन | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ७ | अपाङ्गमैत्री विशेष कक्षाको एकीकृत हब निर्माण | सङ्ख्या | शुरु | क्रमागत | सम्पन्न | | | १ | १ |



| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| ८ | समावेशी शिक्षासम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | सडक बालबालिका लक्षित वर्गका बालबालिका तथा असहायहरूलाई शिक्षाको मूल प्रवाहमा समावेश गर्न सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १० | नगरपालिकास्तरीय छात्रवृत्तिको प्रबन्ध | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधी, किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन् । यस नगरपालिकामा पनि सशर्त अनुदानबाट प्राप्त बजेटमार्फत प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम, स्वास्थ्य संस्थामार्फत भिटामिन ए र जुकाको औषधी खुवाउने कार्यक्रम र बेलाबेलामा  किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की खुवाउने कार्यक्रम सञ्चालन भई आएका छन् । दिवा खाजामा न्यून बजेट हुँदा प्रभावकारी कार्यन्वयन हुन सकेको छैन । स्थानीय तहबाट थप बजेटको व्यवस्था हुन सकेको छैन । जसले पोषणको सुनिश्चततामा चुनौती छ ।

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक प्रभाव पार्ने देखिन्छ । विद्यार्थीको सरसफाइको अवस्था सुधार ल्याउन विद्यालय तहबाट नै सरसफाइको व्यवस्थापन गर्दै जीवनोपयोगी सिपको विकास गर्नुपर्ने हुन्छ । यसका लागि बालमैत्री शौचालय, बालमैत्री धारा बनाउनुको साथै विद्यालयभित्र सरसफाइ कार्यक्रम सञ्चालन गर्नु पर्दछ । विद्यालयले आफ्नै पहलमा केही कार्यक्रम सञ्चालन गरे पनि स्थानीय तहले सरसफाइसम्बन्धी विद्यालयमा कुनै कार्यक्रम सञ्चालन गरेको छैन ।

**प्रमुख समस्या र चुनौतीहरू**

१. दिवा खाजा स्वास्थ्य तथा पोषण सरसफाइ स्वच्छताका लागि मितव्ययी प्रभावकारी दिगोपना पर्याप्त संरचनागत व्यवस्थापनका लागि नगरपालिका,  स्वास्थ्य कार्यालयको विद्यालयसँग सहकार्य र समन्वय हुन नसकेको,
२. दिवा खाजा पोषणयुक्त बनाउन प्रतिव्यक्ति अनुदान न्यून रहेको,
३. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्न नसकेको,

४. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्न नसकेको,
५. सबै विद्यालयमा स्वास्थ्यकर्मी (नर्स) को व्यवस्था नभएको,
६. प्राथमिक उपचार स्वास्थ्य सामग्री बाकस नभएको,
७. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्न नसकेको,
८. महिनावारी भएको समयका लागि विश्रामकक्षको अभाव भएको,
९. प्रयोग भएको सेनेटरी प्याड विसर्जन गर्न मेसिनको अभाव रहेको ।

### ४.४.२ उद्देश्य

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,
२. दिवा खाजा स्वास्थ्य तथा पोषण सरसफाइ स्वच्छताका लागि नगरस्तरीय कार्यविधि तयार गरी कार्यान्वयन गर्नु,
३. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु,
४. सबै विद्यालयमा स्वास्थ्यकर्मी (नर्स) को व्यवस्था गर्नु,
५. प्राथमिक उपचार स्वास्थ्य सामग्री बाकसको व्यवस्था गर्नु,
६. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्नु,
७. महिनावारी भएको समयका लागि विश्रामकक्षको व्यवस्था गर्नु,
८. प्रयोग भएको सेनेटरी प्याड विसर्जन गर्न मेसिनको व्यवस्था गर्नु ।

### ४.४.३ रणनीति

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने,
२. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने स्रोतसहित विभिन्न सुविधा विस्तार गर्ने,
३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने,
४. दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने,
५. दिवा खाजासहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक कार्यविधि बनाई सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने,
६. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने,
७. विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्मपोषक तत्त्व भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि सेनेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्र र विद्यालयको सहकार्यमा नियमित र प्रभावकारी बनाउने,



८. सबै माध्यमिक विद्यालयमा स्वास्थ्यकर्मी (नर्स) को व्यवस्था गर्ने,
९. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने,
१०. महिनावारी भएको समयका लागि विश्रामकक्षको व्यवस्था गर्ने,
११. प्रयोग भएको सेनेटरी प्याड विसर्जन गर्न मेसिनको व्यवस्था गर्ने ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता ( well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ ।
२. विद्यार्थीहरूले स्थानीय स्तरमा उत्पादित सामग्रीबाट निर्मित मापदण्ड बमोजिम दिवा खाजा खाएको हुने छन् ।
३. प्रत्येक माध्यमिक विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | ९० | ९५ | १०० | १०० | १०० | १०० |
| २ | दिवा खाजा प्राप्त गर्ने कक्षा | बालकक्षा-कक्षा ५ | बालकक्षा-कक्षा ६ | बालकक्षा-कक्षा ७ | बालकक्षा-कक्षा ८ | बालकक्षा-कक्षा ८ | बालकक्षा-कक्षा ८ |
| ३ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | २ | २० | ४० | ६० | ७० | सबै |
| ४ | बालमैत्री खानेपानी, शौचालय सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | ५ | १० | १५ | ३० | ४२ | सबै |
| ५ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | २ | १० | २५ | ४० | ५५ | सबै |
| ६ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | ५ | ३० | ६० | सबै | सबै | सबै |

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | दिवा खजाका लागि भान्सा तथा भण्डार कोठा, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | विद्यालय | ० | १० | २० | ३० | ४० | ४० | सबै |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | | बालकक्षा- कक्षा ६ | बालकक्षा- कक्षा ७ | बालकक्षा- कक्षा ८ | बालकक्षा- कक्षा ८ | बालकक्षा- कक्षा ८ | बालकक्षा- कक्षा ८ | बालकक्षा- कक्षा ८ |
| ३ | दिवा खाजाका लागि चाहिने खाद्य सामग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | पटक | १ | २ | २ | २ | २ | ९ | २० |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा सरसफाइ कर्मी, पर्याप्त पानी, साबुन, कुचो तथा डस्टबिनसहितको विद्यालय सङ्ख्या | सङ्ख्या | १० | ३० | ५० | ७० | सबै | सबै | सबै |
| ५ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि गुणस्तरीय सेनेटरी प्याडको व्यवस्था | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ६ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए, आइरन, फोलिक एसिड आदि प्रदान) | विद्यालय | ६० | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ७ | विद्यालयलाई प्राथमिक उपचारको किट व्यवस्थापन | विद्यालय | ५० | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ८ | स्वास्थ्यकर्मीको व्यवस्था | विद्यालय | २५ | ४० | ६० | सबै | सबै | सबै | सबै |



| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| ९ | महिनावारी भएको बेला छात्राका लागि विश्रामकक्ष | विद्यालय | ५० | सबै | सबै | सबै | सबै | सबै | सबै |
| १० | प्रयोग भएको सेनेटरी प्याड विसर्जन मेसिन | विद्यालय | ५० | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ११ | मनोविमर्श कक्षा सञ्चालन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| १२ | कक्षा ८ सम्म दिवा खाजा कार्यक्रमको व्यवस्थापन | विद्यालय | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ |
| १३ | बालबालिका र किशोरकिशोरीलाई नजिकको स्वास्थ्य चौकीबाट स्वास्थ्य परीक्षण तथा परामर्श आइरन चक्की वितरण कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| १४ | बालबालिकाहरूको अपाङ्गता तथा कार्यगत सीमितता पहिचानको लागि तालिम प्रदान गरी प्रारम्भिक पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

विपत् भन्नाले हामी कहाँ बाढी, पहिरो, हुरीबतास, भूकम्प, आगलागी, डढेलो, महामारी र चट्याङ आदि जस्ता प्रकोप पर्दछन् । यी प्रकोपहरूबाट विद्यार्थी र विद्यालय समय समयमा केही न केही रूपमा प्रभावित हुँदै आएका छन् । त्रियुगा नगरपालिका पनि यसबाट अछुतो रहेको छैन । यस नगरपालिकाका सबै जसो विद्यालयहरूमा विपत्‌बाट जोगिन सन्देशमूलक भित्ते लेखन, यदाकदा जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, जिल्ला रेडक्रस सोसाइटी र नगरपालिकाको समन्वयमा विद्यालयहरूमा चेतनामूलक प्रदर्शनी (Demonstration) हुने गरेको छ । त्यसैगरी नेपाल प्रहरी, जिल्ला रेडक्रस सोसाइटी र नगरपालिकाले विपत्‌मा परेका विद्यालयलाई उद्धार, राहत र पुनर्स्थापनासम्बन्धी कार्य हुँदै आएको छ । विद्यालय र सरोकारवाला समुदायको सहकार्यबाट उत्थानशीलता-सम्बन्धी वातावारण तयार हुने गरेको छ । कोभिड १९ जस्ता महामारीबाट बच्न खोप,मास्क, सेनीटाइजर-लगायतका स्रोत साधन उपलब्ध भएको वैकल्पिक सिकाइ विधि, अनलाइन कक्षा सञ्चालन भएको छ ।

### ४.५.२. प्रमुख समस्या र चुनौतीहरू

१. भौगोलिक बनोटका कारण बाढी/पहिरो,
२. जङ्गलक्षेत्र बढी भएकोले डढेलोको प्रकोप,

१. बलौटे माटो गेग्रेनका कारण बाढी र कटान हुने साथै खानीक्षेत्र बढी भएका कारण चट्याङको प्रकोप,
२. सबै विद्यालयसम्म पुग्ने सडक मार्ग र पुल पुलेसाको अभावले उद्धार र राहतमा ढिलाइ,
३. प्रभावित समूहलाई आवश्यक चेतनामूलक कार्यक्रम सञ्चालन नहुनु,
४. विपत् पूर्व तयारीको कमी हुनु ।

### ४.५.३ उद्देश्य

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु,
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु,
३. आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

### ४.५.४ रणनीति

१. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तनलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने,
२. विपत्को समयमा शिक्षालाई निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गरी आपत्कालीन कोष स्थापना गर्ने,
३. सम्भावित प्रकोप तथा विपत्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने,
४. कोभिडलगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने,
५. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने,
६. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने,
७. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने,
८. स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) निर्माण तथा परिचालन गर्ने,
९. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
१०. विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने,
११. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड २०८० अनुसार केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा स्थानीय तहस्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपत् व्यवस्थापन तथा विपत् जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्षसम्बन्धी काम, अनुगमन तथा निरीक्षण गर्ने,
१२. विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने,
१३. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने ।



### ४.५.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने छ ।
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ ।
३. आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चितता भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड-१९ जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २ | हरित विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | | | | | | |
| ४ | विपत् चेतनामूलक सन्देश लेखन गर्ने विद्यालय सङ्ख्या | ७ | २० | २० | २१ | सबै | सबै |
| ५ | विद्यालयहरूमा चेतनामूलक प्रदर्शनी गर्ने मा. वि. सङ्ख्या | २ | ५ | ११ | ५ | २१ | सबै |
| ६ | आपत्कालीनअवस्थामा वैकल्पिक सिकाइ विधि प्रयोग गर्ने विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ७ | प्राथमिक उपचार तथा उद्धार गर्ने सामग्रीको व्यवस्था भएको विद्यालय सङ्ख्या | ० | ५ | २० | २० | २० | सबै |

### ४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | विपत् व्यवस्थापनसम्बन्धी योजना निर्माण र कार्यान्वयन | विद्यालय | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ |
| ४ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | १ पटक १० ओटा | १ पटक १५ ओटा | १ पटक १५ ओटा | १ पटक १९ ओटा | १ पटक १३ ओटा | ५ पटक ७१ ओटा | १० पटक ७१ ओटा |
| ५ | शिक्षक तथा विव्यस तालिम | पटक | १ पटक १० ओटा | १ पटक १५ ओटा | १ पटक १५ ओटा | १ पटक १९ ओटा | १ पटक १३ ओटा | ५ पटक ७१ ओटा | १० पटक ७१ ओटा |
| ६ | विपत् प्रतिरोधी विद्यालय स्थापना | सङ्ख्या | १० | १५ | १५ | १९ | १३ | ७१ | ७१ |
| ७ | विद्यालयमा विपत्को जोखिम न्यूनीकरण र विपत्पश्चात पुनः निर्माण | सङ्ख्या | ० | २ | २ | २ | २ | ८ | १६ |
| ८ | नगरस्तरीय आपत्कालीन कोषको स्थापना | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ९ | आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा | पटक | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार |
| १० | स्थानीयस्तरमा शिक्षा समूह निर्माण तथा परिचालन | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |



## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ । बालबालिका विद्यालयमा भर्ना हुनका लागि बालमैत्री सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, (शौचका लागि) शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ । यस नगरपालिकामा चाहिँ भौतिक पूर्वाधारको अवस्था निम्नानुसारको रहेको छ ।

| क्र.सं. | विद्यालय सङ्ख्या | कक्षा कोठा | | अपुग कक्षा कोठा | रेट्रोफिटिङ गर्नुपर्ने विद्यालय | कार्यालय कोठा | पुस्तकालय कोठा | विज्ञान प्रयोगशाला | कम्प्युटर प्रयोगशाला | खेल मैदान | बालमैत्री शौचालय | | शुद्ध खानेपानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | | | | | | | | छात्रा | छात्र | | |
| १ | ७१ | ३०६ | ४८१ | | | ६७ | २९ | २० | २४ | ६७ | ५० | ५० | ५ | |
| अपुग | | | ४८१ | १०० | २१ | ४ | ४२ | ५१ | ४७ | ४ | २१ | २१ | ६६ | |

### ४.६.२ प्रमुख समस्या र चुनौतीहरू

१. सबै विद्यालयमा पक्की भवन र कक्षाकोठा व्यवस्थापन हुन नसक्नु,
२. धेरै विद्यालयमा खेल मैदानको अभाव हुनु,
३. बालमैत्री शौचालयको अभाव हुनु,
४. शुद्ध खानेपानीको अभाव हुनु,
५. विज्ञान प्रयोगशाला र कम्प्युटर प्रयोगशालाको अभाव हुनु ।

### ४.६.२ उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु,
३. जलवायु परिवर्तनका असरबाट सुरक्षित Climate Smart Infrastructure बनाउन परामर्श गर्नु ।

### ४.६.३ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने,
२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने,
३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने,
४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने,
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने,
६. भौतिक पूर्वाधार निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणाली अपनाउने,
७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्था परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने,
८. बालमैत्री शुद्ध खानेपानी तथा बालमैत्री शौचालयको व्यवस्थापन गर्ने,
९. विज्ञान प्रयोगशाला र कम्प्युटर प्रयोगशालाको व्यवस्थापन गर्ने।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण हुने छन्।
२. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने छ।
३. बालमैत्री शुद्ध खानेपानीको व्यवस्था हुने छ।
४. विज्ञान प्रयोगशाला र कम्प्युटर प्रयोगशालाको व्यवस्था हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | ५० | ५५ | ६० | ६५ | ७० | ७१ |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | २० | ४० | ६० | ८० | १०० | १५० |
| ३ | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ४ | ८ | १२ | १६ | २१ | ३० |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | ४ | ८ | १२ | १६ | २१ | ३० |
| ५ | बाढी पहिरोलगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | २ | ४ | ६ | ८ | १० | २० |
| ६ | घेराबेरा गर्नु पर्ने विद्यालयको सङ्ख्या | २ | ४ | ६ | ८ | १० | २० |
| ७ | खेलमैदानको व्यवस्थापन गर्नु पर्ने विद्यालयको सङ्ख्या | १ | २ | ३ | ४ | ५ | १४ |
| ८ | विज्ञान प्रयोगशाला भएका विद्यालयको सङ्ख्या | २० | २२ | २४ | ३० | ३५ | ४० |
| ९ | कम्प्युटर प्रयोगशाला भएका विद्यालयको सङ्ख्या | २४ | ३० | ३५ | ४० | ४५ | ६० |
| १० | हरितगृह परिसर भएका विद्यालयको सङ्ख्या | ५ | १५ | २५ | ३५ | ४५ | ६० |



### ४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | विद्यालय भवन निर्माण | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ४० |
| २ | विद्यालयको सबलीकरण | सङ्ख्या | ४ | ४ | ४ | ४ | ५ | २१ | ३० |
| ३ | विद्यालयमा बनेका संरचनाको संबर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० | ५० | ७१ |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय पानी तथा सरसफाइको प्रबन्ध | सङ्ख्या | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ |
| ५ | अपाङ्गतामैत्री संरचना निर्माण | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ४० |
| ६ | विद्यालय घेराबेरा निर्माण र मर्मत | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० |
| ७ | विद्यालयमा खेलमैदानको व्यवस्थापन | सङ्ख्या | ४ | १ | २ | ३ | ४ | १४ | २५ |
| ८ | विज्ञान प्रयोगशाला स्थापना | सङ्ख्या | २० | ३० | ४० | ५० | ६० | ७० | ७१ |
| ९ | कम्प्युटर प्रयोगशाला स्थापना | सङ्ख्या | २४ | ३४ | ४४ | ५४ | ६४ | ७१ | ७१ |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

सूचना प्रविधिको तीव्र विकासले नेपाल जस्ता अल्पविकसित मुलुकहरूलाई शिक्षा, स्वस्थ्य, कृषि, पर्यटन तथा व्यापारलगायतका आर्थिक तथा सामाजिक क्षेत्रको दिगो विकास गर्न सुअवसरहरू प्रदान गरेको छ। शिक्षा तथा सूचना र सञ्चार प्रविधिबिच गहिरो सम्बन्ध छ। शिक्षामा प्रविधिको प्रयोगलाई अर्थपूर्ण रूपमा हेर्न थालिएको छ। कक्षा कोठामा प्रविधिको प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको सुरुवात भएको पाइन्छ। शिक्षा क्षेत्रमा जनशक्ति र सामग्री अभाव भएको अवस्थामा सूचना प्रविधिको प्रयोग गरी अनलाइन कक्षा सञ्चालन गर्न सक्ने अवस्था सिर्जना गर्न सकिन्छ। यस अर्थमा सूचना प्रविधि प्रयोगले त्रियुगा नगरपालिकामा भौगोलिक विषमताबाट सिर्जित शिक्षणका चुनौतीको सामना गर्न एउटा सशक्त पूर्वाधारको रूपमा समेत स्थापित हुन सक्ने देखिन्छ।

यस नगरपालिकाका सम्पूर्ण आधारभूत र माध्यमिक सामुदायिक विद्यालयहरूमा ईन्टरनेट सुविधाको विस्तार गरिएको भए तापनि हाल सञ्चालनमा नआएको अवस्था छ। कतिपय विद्यालयहरूमा कम्प्युटर तथा प्रिन्टरको मात्र व्यवस्था गरिएको छ भने केही विद्यालयहरूले स्मार्ट बोर्डको व्यवस्थापनसमेत गरेका छन्। विद्यालयहरूका विभिन्न कक्षाहरूमा कम्प्युटर विषयको शिक्षण गरिएको पाइन्छ। विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगले प्रशासनिक काम, नतिजा निर्माण कार्य, पावर प्वाइन्ट निर्माण गरी प्रोजेक्टरको माध्यमबाट अध्यापन गर्ने शैक्षिक कार्यमा सामान्य रूपमा प्रयोग आएको पाइन्छ। केन्द्रीय शैक्षिक तथ्याङ्कमा जोड्नको लागि हाल एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को विकास गरिएको छ र त्यसको पूर्णतया उपयोग हुन सकेको अवस्था छ। सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोगसँगै अपराधजन्य कार्य बढेका छन्। आपराधिक कार्यलाई न्यूनीकरण गर्न सम्बन्धित निकायका कार्यालय तथा सङ्घसंस्थासँग सहकार्य गरी काम गर्नु पर्दछ।

### ४.७.२ प्रमुख समस्या र चुनौतीहरू

१. प्रविधिको प्रयोग गर्न सक्ने जनशक्ति नहुनु,
२. सामग्री व्यवस्थापनको अभाव हुनु,
३. नगरभित्रका विद्यालयहरूलाई सूचना प्रविधिमार्फत एक आपसमा जोड्न नसक्नु,
४. प्रविधिमैत्री नमुना विद्यालयको विकास गर्न नसक्नु,
५. प्रविधिमैत्री अनुगमन प्रणालीको अभाव हुनु ।

### ४.७.३ उद्देश्य

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु,
२. प्रशासनिक कार्य तथा सिकाइलाई सरल, सहज, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गर्नु,
३. नगरभित्र एउटा प्रविधिमैत्री नमुना विद्यालयको विकास गरी सबै विद्यालय एक आपसमा जोड्नु,
४. नगरभित्र प्रविधिमैत्री अनुगमन प्रणालीको विकास गर्नु ।

### ४.७.४ रणनीति

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने,
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गर्ने,
३. विभिन्न कक्षा र विषयका लागि विकास गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने,
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
५. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने,
६. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने,
७. नगरभित्र एउटा प्रविधिमैत्री नमुना विद्यालयको विकास गरी सबै विद्यालय एक आपसमा जोड्ने,
८. नगरभित्र प्रविधिमैत्री अनुगमन प्रणालीको विकास गरी अनुगमनलाई प्रभावकारी बनाउने ।

### ४.७.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुने छ ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।
३. प्रविधिमैत्री नमुना विद्यालयको विकास गरी सबै विद्यालय एक आपसमा जोडिएका हुने छन् ।
४. शिक्षक अभाव भएको विद्यालयमा सूचना प्रविधिमार्फत कक्षा सञ्चालन भएको हुने छ ।
५. नगरभित्र प्रविधिमैत्री अनुगमन प्रणालीको विकास गरी अनुगमनलाई प्रभावकारी बनाइएको हुने छ ।



**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ६६ | ७१ | ७१ | ७१ | ७१ | ७१ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटरलगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | ५ | २० | ४० | ६० | ७१ | ७१ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ५ | २० | ४० | ६० | ७१ | ७१ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४० | ६० | ७१ | ७१ | ७१ | ७१ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ |

### ४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | ओटा | १० | १० | १० | १० | १० | ५० | ७१ |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्थापन | ओटा | ६८ | ४ | - | - | - | ७१ | ७१ |
| ३ | शिक्षकको क्षमता विकास | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | सबै |
| ४ | प्रत्येक विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | प्रतिशत | १० | २० | २० | २० | २० | ९० | सबै |
| ५ | विद्यालय IEMIS व्यवस्थापन | | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ |
| ६ | नगरभित्र प्रविधिमैत्री नमुना विद्यालयको विकास | ओटा | | १ | १ | | | २ | ४ |
| ७ | सञ्चार प्रविधिमार्फत कक्षा कोठामा नियमन | विद्यालय | १० | १० | १० | १० | १० | ५० | सबै |
| ८ | सूचना तथा सञ्चार प्रविधिमार्फत अपराधजन्य कार्यको न्यूनीकरण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ९ | भर्चुअल कक्षामार्फत शिक्षण सिकाइ सञ्चालन | विद्यालय | १० | १० | १० | १० | १० | ५० | सबै |

# परिच्छेद-५
# अन्य उपक्षेत्र

विद्यालय शिक्षाका विभिन्न उपक्षेत्र तथा अन्तरसम्बन्धित विषयक्षेत्रबाहेक अन्य उपक्षेत्र पनि स्थानीय तहको योजनामा समेट्नु पर्ने आवश्यकता पर्दछ । यसमा पूर्व प्राथमिक शिक्षाअन्तर्गत मन्टेसरी कार्यक्रमको सञ्चालन, प्राविधिक तथा व्यावसायिक सिप र तालिम, उच्च शिक्षाको व्यवस्थापन, सामुदायिक वा सार्वजनिक पुस्तकालय / वाचनालयको प्रबन्ध र व्यवस्थापन जस्ता विषयहरू आवश्यकतानुसार थप गरिएको छ । यसरी अन्य उपक्षेत्रको योजना निर्माण गर्दा माथिकै ढाँचामा सो उपक्षेत्रसम्बन्धी योजनाको विकास गरिएको छ । मन्टेसरी कार्यक्रम जस्तै पूर्व प्राथमिक शिक्षा अर्थात् बालविकास केन्द्रहरू सञ्चालनमा छन् भने यिनीहरूको अनुमति, सञ्चालन र अनुगमन स्थानीय तहले गर्दछ । प्राविधिक तथा व्यावसायिक सिप र तालिम चाहिँ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले र राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान अन्तर्गतको व्यावसायिक तथा सिप विकास तालिम केन्द्रले विभिन्न प्रकारका छोटो तथा लामो अवधिका तालिमहरू सञ्चालन गर्दछ । यसमा आधारभूत सिपमूलक (Basic) तालिम, सिप अभिवृद्धि (Advanced) तालिम, उद्यमशिलता विकास (Entrepreneurship Development) तालिम, कार्यस्थलमा आधारित (Apprenticeship) तालिम जस्ता तालिमहरू पर्छन् ।

उच्च शिक्षाको रूपमा देशमा विभिन्न विश्वविद्यालय र सोअन्तर्गतका कलेजहरूले विभिन्न शैक्षिक धारहरूमा अध्यापन गराइरहेका छन् । यसबाट उच्च शिक्षाका साधारण तथा प्राविधिक धारका जनशक्तिहरू उत्पादन भइरहेका छन् । उच्च शिक्षाको व्यवस्थापन चाहिँ सङ्घ र प्रदेशबाट तथा स्थानीय तहबाट पनि सहयोग भइ आएको छ ।

## ५.१ मन्टेसरी कार्यक्रम सञ्चालन

### ५.१.१ वर्तमान अवस्था

पूर्व बाल्यावस्था अर्थात् दुई वर्षदेखि पाँच वर्ष उमेर समूहका बालबालिकालाई रमाइलो र सङ्गीतमय वातावरण सिर्जना गरी खेलको माध्यमबाट पढाइप्रति आकर्षित गर्नु पूर्व प्राथमिक कक्षा वा मन्टेसरी शिक्षाको उद्देश्य हो । यस प्रकारका कार्यक्रम सञ्चालन गर्ने संस्थाहरू त्रियुगा नगरपालिकाभित्र नभएका होइनन् तर नगरपालिकाको स्वामित्वमा रहेका चाहिँ छैनन् । मन्टेसरी स्कुलहरू नभए पनि त्यही प्रकृतिका बाल विकास केन्द्रहरू भने ११२ ओटा यस नगरपालिकाभित्र सञ्चालित छन् । त्यस्तै निजी स्तरबाट सञ्चालन भएका मन्टेसरी स्कुलहरूमा अनुगमन तथा नियमन भएको पनि देखिँदैन ।

### ५.१.२ प्रमुख समस्या र चुनौतीहरू

१. स्थानीय तहबाट मन्टेसरी स्कुल स्थापना नहुनु,
२. पूर्वाधार र स्रोत साधन जुटाउन चुनौती हुनु,
३. मन्टेसरी स्कुलप्रति अभिभावक शिक्षाको कमी हुनु,
४. निजी लगानीका स्कुलप्रति बढ्दो आकर्षण हुनु ।

### ५.१.३ उद्देश्य

१. बालबालिकालाई दौतरी समूहमा घुलमिल हुँदै सामाजिकीकरणमा मद्दत पुऱ्याउनु,
२. नगरस्तरीय मन्टेसरी स्कुलको स्थापना गर्नु,
३. विद्यालय जाने बानीको विकास गर्नु ।



### ५.१.४ रणनीति

१. नगरपालिकामा कम्तीमा तीनओटा मन्टेसरी स्कुल स्थापना गरी सञ्चालन गर्ने ,
२. यसका लागि भौतिक पूर्वाधार तयार गर्ने,
३. तालिम प्राप्त, योग्य, सहजकर्ता र आया/धाईआमाको व्यवस्था गर्ने,
४. शिक्षण सिकाइका लागि प्रविधिमैत्री खेल सामग्री व्यवस्थापन गर्ने,
५. बजेट व्यवस्थापन गर्ने ।

### ५.१.५ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१. नगरपालिकामा कम्तीमा तीनओटा मन्टेसरी स्कुल स्थापना गरी सञ्चालन भएका हुने छन् ।
२. बालबालिकाहरू घुलमिल हुँदै पढाइप्रति आकर्षित भएका हुने छन् ।
३. विद्यालय जाने बानीको विकास भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | मन्टेसरी स्कुल स्थापना भएका सङ्ख्या | ० | १ | १ | १ | २ | २ |
| २ | भर्ना भएका बालबालिकाको सङ्ख्या | ० | ४० | ४० | ४० | ८० | ८० |
| ३ | भवन सङ्ख्या | ० | १ | | | २ | २ |
| ४ | मन्टेसरी स्कुलमा तोकिएको योग्यता प्राप्त सहजकर्ता सङ्ख्या | ० | १ | | | २ | २ |
| ५ | आया/ धाईआमाको सङ्ख्या | ० | १ | | | २ | २ |

### ५.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | भौतिक पूर्वाधार निर्माण | सङ्ख्या | ० | १ | ० | ० | १ | २ | ३ |
| २ | भर्ना अभियान सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | १० |
| ३ | शैक्षिक तथा खेल सामग्रीको व्यवस्थापन | पटक | ० | १ | १ | १ | १ | ५ | १० |
| ४ | सहजकर्ता, आया/ धाईआमाको व्यवस्था र क्षमता विकास | पटक | ० | १ | ० | ० | १ | २ | ३ |
| ५ | सरोकारवालासँगको अन्तर्क्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | नगरबाट नियमित अनुगमन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० |

## ५.२. प्राविधिक तथा व्यावसायिक सिप र तालिम

### ५.२.१ वर्तमान अवस्था

श्रम बजारको मागअनुरूप दक्ष जनशक्ति उत्पादन गरी स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न, उद्यमशिलता विकास मार्फत उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्न श्रमयोग्य जनशक्तिको लागि प्राविधिक तथा व्यावसायिक सिप तालिममार्फत रोजगारीको अवसर सिर्जना गरी नागरिकको आयस्तरमा सुधार गर्नु यसको मुख्य काम हो। नेपालको संविधानको धारा ३३ मा रोजगारीसम्बन्धी हकको व्यवस्था छ भने रोजगारीको हकसम्बन्धी ऐन २०७५ पनि लागु भइसकेको छ। यस प्रकारका कार्यक्रमले संविधान र ऐनले प्रत्याभूत गरेका कुरालाई समेत सहयोग गरेको छ। त्रियुगा नगरपालिकाले यस प्रकारका दस महिने, बिस/बिस जनाका दरले Cook, Building Electrician, Light Vehical Mechanics एप्रिन्टिसिप तालिम सम्पन्न गरिसकेको छ। त्यस्तै यसै प्रकारको मोटरसाइकल सर्भिसिङ तालिम चलिरहेको छ। दस महिने बिस/बिस जनाको दरले Professional Plumber, Professional computer hardware and Network Technician, professional LCD,LED TV Repair Technician तालिम त्रियुगा नगरपालिका र ENSSURE को समन्वयमा तालिम हुन बाँकी रहेको छ। यस अन्तर्गत आधारभूत सिपमूलक (Basic) तालिम, सिप अभिवृद्धि (Advanced) तालिम, उद्यमशिलता विकास (Entrepreneurship Development) तालिम, प्रशिक्षक प्रशिक्षण (ToT), पूर्व प्रस्थान अभिमुखीकरण (PDOT), कार्यस्थलमा आधारित (Apprenticeship) तालिमहरू पर्दछन्।

### ५.२.२ प्रमुख समस्या र चुनौतीहरू

१. रुचि र क्षमताअनुसारको तालिम नहुनु,
२. स्रोत साधनको सीमितता,
३. विपन्न, दलित, सीमान्तकृत जस्ता वर्गको तालिममा पहुँच नहुनु,
४. छोटो अवधिका तालिम हुनु,
५. तालिमसम्बन्धी सूचना सबैलाई समयमा नै प्राप्त नहुनु,
६. व्यावसायिक तथा सिपयुक्त तालिमलाई जीवनोपयोगी बनाउन नसक्नु ।

### ५.२.३ उद्देश्य

१. मर्यादित रोजगारीका अवसरहरू सिर्जना गरी गरिबी निवारणमा मद्दत गर्ने,
२. स्थानीय माग, आवश्यकता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारी सिर्जनाको सम्भावनालाई ध्यानमा राखी आधारभूत सिपमूलक तालिम, सिप अभिवृद्धि, उद्यमशिलता विकास तालिम सञ्चालन गर्ने,
३. व्यावसायिक तथा सिपयुक्त तालिमलाई जीवनोपयोगी बनाउने।

### ५.२.४ रणनीति

१. श्रम बजारको माग र आपूर्तिको विश्लेषण तथा मूल्याङ्कन गरी सिपमूलक तथा उद्यमशिलता विकास, तालिम कार्यक्रम सञ्चालन, विस्तार तथा सुधार गर्दै जाने,
२. आन्तरिक श्रम बजारको माग र आवश्यकताअनुरूप दक्ष र व्यावसायिक जनशक्ति उत्पादन गर्ने,
३. अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सिपयुक्त श्रमशक्तिको उत्पादन गर्ने,
४. व्यावसायिक तथा सिप विकास तालिममा लक्षित समूहको सहज पहुँच स्थापना गर्ने,
५. उत्पादनमूलक क्षेत्रमा लाग्न तालिम प्राप्त जनशक्तिलाई प्रोत्साहन गर्ने।



### ५.२.५ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१. स्थानीय तहमा दक्ष जनशक्ति उत्पादन भएको हुने छ।
२. रोजगारी सिर्जना भई गरिबी न्यूनीकरणमा मद्दत पुगेको हुने छ।
३. तालिम प्राप्त जनशक्तिको आयआर्जनमा वृद्धि हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | तालिम प्राप्त दक्ष जनशक्तिको सङ्ख्या | ५७ | १३४ | १९४ | २५४ | ३१४ | ३७४ |
| २ | कार्यस्थलमा आधारित (Apprenticeship) तालिम लिनेको सङ्ख्या | ५७ | १३४ | १९४ | २५४ | ३१४ | ३७४ |
| ३ | दस महिने तालिम लिनेको सङ्ख्या | ५७ | १३४ | १९४ | २५४ | ३१४ | ३७४ |
| ४ | स्वरोजगार हुनेको सङ्ख्या | ५७ | १३४ | १९४ | २५४ | ३१४ | ३७४ |

### ५.२.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | तालिम सञ्चालन गर्न तथ्याङ्क सङ्कलन र बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | प्रशिक्षार्थीको क्षेत्र छनोट र विस्तार | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | तालिम सञ्चालन र प्रमाणीकरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | स्वरोजगार अवस्था विश्लेषण र समीक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ५.३ उच्च शिक्षाको व्यवस्थापन

### ५.३.१ वर्तमान अवस्था

त्रियुगा नगरपालिकभित्र उच्च शिक्षा प्रदान गर्ने तीनवटा उच्च शैक्षिक संस्था सञ्चालनमा रहेका छन्। २०४४ सालमा स्थापना भएको त्रियुगा जनता बहुमुखी क्याम्पस त्रिनपा -३ मोतीगडा गाईघाटले स्नातक र स्नातकोत्तर तहसम्मका र २०६५ सालमा स्थापना भएको दोस्रो संस्था बरूवा क्याम्पस त्रिनपा -१२ बसपार्कले स्नातक तहसम्म शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका छन्। मोतीगडामा करिब २००० विद्यार्थी र बसपार्कमा करिब ४०० विद्यार्थीले उच्च शिक्षाको लाभ लिइरहेका छन्। साथै हालै तेस्रो संस्थाका रूपमा तक्षशिला क्याम्पस त्रियुगा नगरपालिका ११ मा प्राइभेट कलेजका रूपमा स्थापना भई स्नातक तहको कार्यक्रम सञ्चालन भइरहेको छ। यी तीनै क्याम्पसहरूमा साधारण धारका शैक्षिक कार्यक्रम मात्र सञ्चालन भइरहेका छन्। विज्ञान सङ्कायका कलेजको स्थापना नहुँदा यस नगरपालिकाभित्रका विद्यार्थीले विज्ञान प्रविधि र व्यावसायिक धारका उच्च शिक्षा लिन जिल्ला बाहिर नै जान बाध्य भएका छन्।

### ५.३.२ प्रमुख समस्या र चुनौतीहरू

१. विज्ञान, प्रविधि र व्यावसायिक धारका शैक्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा अध्ययनका लागि बाहिर जान बाध्य हुनु,
२. नगर क्षेत्रभित्र समान शैक्षिक कार्यक्रम सञ्चालन गर्ने दुईओटा क्याम्पस हुँदा दुवैमा पर्याप्त विद्यार्थी सङ्ख्या नहुनु,
३. क्याम्पस सञ्चालनका निम्ति राज्यका निकायहरूले आर्थिक सहयोग नदिनु,
४. केन्द्र, प्रदेश र स्थानीय सरकारले स्वामित्व ग्रहण नगर्नु,
५. मेडिकल शिक्षाको अभाव हुनु ।

### ५.३.३ उद्देश्य

१. विज्ञान र प्राविधिक धारको स्वास्थ्य विज्ञान कार्यक्रम सञ्चालन गर्नु,
२. एक मेडिकल कलेजको स्थापना गर्नु,
३. विज्ञान प्रविधि धारको एक इन्जिनियरिङ कलेज र एक कृषि तथा पशु विज्ञान कलेजको स्थापना गर्नु,
४. व्यावसयिक धारका BBA, BIT, BIM, BBM, BCA, BSc.CSIT, BDS, BTTM जस्ता उच्च शैक्षिक कार्यक्रम सञ्चालन गरी यस नगरलाई शैक्षिक हब बनाउनु,
५. नगरपालिकाले पहल गरी साधारण धारमा चलिरहेका हालका दुईओटा क्याम्पसलाई एकीकरण गरी आफैँले स्वामित्व लिने वा केन्द्र तथा प्रदेश सरकारलाई सहयोगका लागि पहल गर्नु ।

### ५.३.४ रणनीति

१. नेपाल सरकारबाट स्वीकृत गराइ मेडिकल कलेजको स्थापना गर्ने,
२. विज्ञान र प्रविधि धारका इन्जिनियरिङ र कृषि तथा पशु विज्ञान अध्ययन संस्थान स्थापना गरी सञ्चालन गर्ने,
३. हाल सञ्चालनमा रहेका क्याम्पसभित्र नै व्यावसायिक धार BBA, BIT, BIM, BBM, BCA, BSc.CSIT, BDS, BTTM जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गरी त्रियुगा नगरलाई शैक्षिक हब बनाउने,
४. यस नगर क्षेत्रभित्र साधारण धारका शैक्षिक कार्यक्रम मात्र सञ्चालन गरिरहेका दुईओटा क्याम्पसले पर्याप्त विद्यार्थी सङ्ख्या नपाई आर्थिक रूपमा धराशायी हुँदै गएकाले नगरपालिकाले पहल गरी दुई क्याम्पसलाई एकीकरण गरी आफैले स्वामित्व लिने वा केन्द्र र प्रदेश सरकारलाई सहयोगका लागि पहल गर्ने ।

### ५.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- नेपाल सरकारबाट स्वीकृत गराइ मेडिकल कलेजको स्थापना भई सञ्चालन हुनुको साथै उदयपुरका आम मानिसले गुणस्तरीय र विशिष्ट स्वास्थ्य सेवा उपभोग गर्न पाएका हुने छन् ।
- एक इन्जिनियरिङ र एक कृषि तथा पशु विज्ञान क्याम्पस स्थापना भई सञ्चालनमा आएका हुने छन् ।
- हाल सञ्चालनमा रहेका क्याम्पसभित्र नै व्यावसायिक धार BBA, BIT, BIM, BBM, BCA, BSc.CSIT, BDS, BTTM जस्ता शैक्षिक कार्यक्रम सञ्चालन भई आसपासका जिल्ला र पालिकाबाट प्रशस्त विद्यार्थी उल्लिखित कार्यक्रमहरूमा अध्ययन गर्न आई त्रियुगा नगर एक आकर्षक शैक्षिक हब बनेको हुने छ ।
- हालका दुई क्याम्पस एकीकरण भई नगरपालिकाको स्वामित्वमा सञ्चालन वा केन्द्र र प्रदेश सरकारको सहयोगमा सञ्चालनमा रहेको हुने छ ।



**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल कलेजका लागि सर्वदलीय सर्वपक्षीय र सरोकारवालासँग अन्तरक्रिया | १ | १ | १ | १ | १ | १ |
| २ | शैक्षिक कार्यक्रम सञ्चालन गर्न जग्गा | | प्राप्ती | | | | |
| ३ | मेडिकल कलेजको स्वीकृति | ० | प्राप्ती | | | | |
| ४ | भवन निर्माण तथा स्वास्थ्य उपकरण प्रतिशत | ० | | २० | ४० | ७० | १०० |
| ५ | मेडिकल कलेज सञ्चालन भएको सङ्ख्या | ० | | | | | १ |
| ६ | प्राविधिक धारका इन्जिनियरिङ र कृषि तथा पशु विज्ञानका क्याम्पस सञ्चालन | ० | | १ | १ | २ | २ |
| ७ | व्यावसायिक धारका शैक्षिक कार्यक्रम सञ्चालन भएका कलेजको सङ्ख्या | ० | १ | २ | २ | २ | २ |
| ८ | साधारण धारका कार्यक्रम चलिरहेका दुईओटा क्याम्पसलाई एकीकरण गरी एउटा विशिष्ट उच्च शैक्षिक संस्था | | | | | १ | |
| ९ | केन्द्र, प्रदेश वा स्थानीय सरकारको स्वामित्वमा सञ्चालन हुने एकीकृत उच्च शैक्षिक संस्था/ क्याम्पसको सङ्ख्या | | | | | | १ |

### ५.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | सर्वदलीय सर्वपक्षीय र सरोकारवालासँग अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | मेडिकल कलेजको स्थापना र सञ्चालन | ओटा | १ | | | | | १ | १ |
| ३ | भवन निर्माण तथा स्वास्थ्य उपकरणको व्यवस्था | % | | २० | ४० | ७० | १०० | १०० | १०० |
| ४ | सामुदायिक क्याम्पसको भौतिक पूर्वाधारमा सुधार | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | प्राविधिक धारका इन्जिनियरिङ र कृषि तथा पशु विज्ञान क्याम्पस स्थापनाका लागि सहयोग | पटक | | १ | | १ | | २ | २ |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| ६ | सामुदायिक क्याम्पसको सूचना प्रविधिको विकास र विस्तार | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | उच्च शिक्षामा छात्रवृत्तिको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ५.४ सामुदायिक पुस्तकालय/वाचनालयको प्रबन्ध र व्यवस्थापन

### ५.४.१ वर्तमान अवस्था

त्रियुगा नगरपालिकाभित्र हालसम्म एउटा मात्र सामुदायिक पुस्तकालय रहेको छ भने यस नगरपालिकाभित्र हालसम्म एउटा पनि वाचनालयको स्थापना हुन सकेको छैन् । सामुदायिकस्तरमा सञ्चालन भइरहेका दुईओटा सामुदायिक क्याम्पसहरूमा रहेको पुस्तकालयले आफ्नै विद्यार्थीलाई सेवा प्रदान गरिरहेको अवस्था छ साथै माध्यमिक विद्यालय र केही सरकारी कार्यलयहरूमा स्थापित पुस्तकालयले आफ्ना विद्यार्थी र कर्मचारीहरूलाई अध्ययन गर्ने सुविधा प्रदान गरिरहेका छन् ।

### ५.४.२ प्रमुख समस्या र चुनौतीहरू

१. पुस्तकालय वा वाचनालय सञ्चालनका लागि केन्द्र, प्रदेश र स्थानीय तहले लगानीको चासो नदेखाउनु,
२. स्थानीय जनसमुदायले वाचनालय/पुस्तकालयको समृद्धिका लागि आर्थिक सहयोग जुटाउन चासो नराख्नु,
३. वाचनालयमा गएर पठन संस्कृतिको विकास गर्नुपर्छ भन्ने चेतनाको अभाव हुनु,
४. प्रविधिको विकाससँगै घरघरमा इन्टरनेटको पहुँच पुगेसँगै पुस्तकालयबाट पुस्तक ल्याएर वा वाचनालयमा गएर पढ्ने पठन संस्कृति हराउँदै जानु,
५. स्थानीय सरकारले पुस्तकालयको विकासमा सहयोग पुऱ्याउन नसक्नु ।

### ५.४.३ उद्देश्य

१. सङ्गम सामुदायिक पुस्तकालयको स्तर वृद्धिका लागि व्यवस्थापन पक्ष मजबुत बनाउन स्थानीय तहले आर्थिक सहयोग गर्नु,
२. नगरमा एउटा सुविधा सम्पन्न वाचनालयको स्थापना गर्नु,
३. प्रत्येक वडामा कम्तीमा एक एकओटा वाचनालय केन्द्रको स्थापना गर्नु,
४. नगरभित्रका विद्यालय र क्याम्पसमा भएका पुस्तकालयलाई स्तर वृद्धि गर्नु,
५. पुस्तकालय सञ्चालनका लागि तालिमको व्यवस्थापन गर्नु,
६. फुर्सदको समय त्यसै खेर फाल्नुभन्दा पुस्तकालय वा वाचनालयमा गएर पढ्ने बानीको विकास गर्नु ।



### ५.४.४ रणनीति

१. सङ्गम सामुदायिकको स्तर वृद्धि भई पठन संस्कृतिको विकास गर्ने,
२. नगरमा एउटा सुविधा सम्पन्न वाचनालयको स्थापना गर्ने,
३. वडामा कम्तीमा एक एकओटा वाचनालय केन्द्रको स्थापना गर्ने,
४. नगरभित्रका विद्यालय र क्याम्पसमा भएका पुस्तकालयलाई स्तर वृद्धि गर्ने,
५. पुस्तकालय सञ्चालनका लागि तालिमको व्यवस्थापन गर्ने ।

### ५.४.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. पाठकहरूले फुर्सदको समयमा पुस्तकालय वा वाचनालयमा गई ज्ञान आर्जन गरेका हुनेछन् ।
२. पुस्तकालय वा वाचनालय गएपछि सकारात्मक सोचको विकास भएको हुने छ ।
३. यस नगरभित्र रहेका सबै विद्यालयका पुस्तकालयको स्तर वृद्धि भएको हुने छ ।
४. नगरभित्र एउटा सुविधा सम्पन्न वाचनालयको स्थापना भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | नगरभित्र भएका सामुदायिक पुस्तकालय | १ | १ | १ | १ | १ | १ |
| २ | नगरभित्र भएका सामुदायिक वाचनालय | ० | १ | १ | १ | १ | १ |
| ३ | पुस्तकालयमा गई पढ्ने पाठकको सङ्ख्या | ३०० | ४०० | ५०० | ६०० | ७०० | ८०० |
| ४ | कर्मचारी नियुक्ति | ० | १ | १ | १ | १ | १ |
| ५ | पुस्तकालय वा वाचनालयका लागि बजेट व्यवस्थापन | ० | १ | १ | १ | १ | १ |

### ५.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | वडा स्तरीय वाचनालय केन्द्र स्थापना सञ्चालन | सङ्ख्या | ० | ४ | ४ | ४ | ४ | १६ | १६ |
| २ | वाचनालय तथा पुस्तकालयमा गई पढ्ने पाठकसँग अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | पुस्तकालयलाई अनुसन्धान केन्द्रको रूपमा विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | सङ्गम पुस्तकालयको सुदृढीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | विद्यालयमा पुस्तकालय सञ्चालन गर्न सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

# परिच्छेद-६
# सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरूलाई जनाउँछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रिया व्यवस्थित गरिनुपर्छ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालका संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारीसहितको व्यवस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापनअन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याङ्कन जस्ता क्षेत्र समावेश गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका क्षेत्रलाई पनि अरू परिच्छेदमा जस्तैः परिचय, वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि, नतिजा र मुख्य क्रियाकलाप र लक्ष्य निर्धारण गरी सातओटा उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ ।

### ६.१.१ वर्तमान अवस्था

यस नगरपालिकामा शिक्षाको वर्तमान संस्थागत संरचनालाई हेर्दा नगरपालिकामा नगर प्रमुखको अध्यक्षतामा एक शिक्षा समिति गठन भई क्रियाशील रहेको छ । सामाजिक विकास समिति र शिक्षा शाखामार्फत शिक्षाका गतिविधिहरू सञ्चालन हुने गरेका छन् । विद्यालय शिक्षाका लागि नगरस्तरमा शिक्षा ऐन, शिक्षा नियमावली जारी भई कार्यान्वयनमा रहेको छ । परीक्षा र गुणस्तर सुधारका लागि आवश्यकतानुसार कार्यविधि र निर्देशिकाहरू पनि जारी भई कार्यन्वयनमा छन् ।

यस नगरपालिकाभित्र सञ्चालित अधिकांश सामुदायिक विद्यालयहरूमा विद्यालय व्यवस्थापन र शिक्षक अभिभावक सङ्घ गठन भई क्रियाशील रहेका छन् । यस नगरपालिकाभित्रका केही विद्यालयमा नियमानुसारका प्रधानाध्यापकको व्यवस्था हुन सकिरहेको छैन । विद्यालयमा रहेका समितिका पदाधिकारी, प्रधानाध्यापक र सहायक कर्मचारीको क्षमता विकाससम्बन्धी तालिमको कमी भएको अवस्था छ । शैक्षिक पारदर्शिताका लागि केही विद्यालयमा नागरिक बडापत्र, सूचना पाटी, गुनासो पेटिका, सूचना अधिकारी आदि नहुँदा विद्यालयको पारदर्शीताको अवस्था खड्किएको छ साथै केही विद्यालयहरूमा पारदर्शिता कमी हुँदा विद्यालयमा समयमै हुनु पर्ने सामाजिक परीक्षण, अन्तिम लेखा परीक्षण जस्ता कार्य हुन सकेको छैन । विद्यालयहरूले सूचना र सञ्चारका लागि फेसबुक बनाएर प्रयोगमा ल्याए पनि वेबसाइट भने सञ्चालन गरेका छैनन् ।



### ६.१.२ प्रमुख समस्या र चुनौतीहरू

१. सुशासनका लागि विद्यालयमा रहेका शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ जवाफदेही नहुनु,
२. केही विद्यालयमा नियमानुसार प्रधानाध्यापक नियुक्त हुन नसक्नु,
३. सुशासनका लागि विद्यालयमा नागरिक बडापत्र, सूचना पाटी, गुनासो पेटिका, सूचना अधिकारीको व्यवस्था हुन नसक्नु,
४. समयमै सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई हुन नसक्नु,
५. विद्यालयमा हुनुपर्ने शैक्षिक योजनाहरू समयमै बनी कार्यान्वियन हुन नसक्नु,
६. विद्यालयका वेबसाइट हुन नसक्नु,
७. नगरले शिक्षा सुशासनका निमित्त कार्यक्रम बनाइ कार्यान्वियन नगर्नु ।

### ६.१.३ उद्देश्य

१. सुशासनका लागि विद्यालयमा रहेका शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई जिम्मेवार बनाउनु,
२. स्थानीय तह र विद्यालयमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गरी संस्थागत क्षमता अभिवृद्धि गर्नु,
३. समयमै सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नु,
४. पारदर्शिताका लागि नागरिक बडापत्र, सूचना पाटी, गुनासो पेटिका, सूचना अधिकारी र वेबसाइटको व्यवस्था गर्नु ।

### ६.१.४ रणनीति

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,
२. संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने,
३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,
४. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने
५. समयमै सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई गर्ने,
६. पारदर्शिताका लागि नागरिक बडापत्र, सूचना पाटी, गुनासो पेटिका, सूचना अधिकारी र वेबसाइटको व्यवस्था गर्ने,
७. नगरले शिक्षा सुशासनका निमित्त थप कार्यक्रम बनाइ कार्यान्वियन गर्ने ।

### ६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने छ ।
२. कार्यरत जनशक्तिको संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने छ ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने छ ।
४. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई थप जिम्मेवार बनाई क्षमता विकास भएको हुने छ ।

५. समयमै सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई भएको हुने छ ।
६. पारदर्शिताका लागि नागरिक बडापत्र, सूचना पाटी, गुनासो पेटिका, सूचना अधिकारी र वेबसाइटको व्यवस्था हुने छ ।
७. नगरले शिक्षा सुशासनका निमित्त थप कार्यक्रम बनाई कार्यान्वियन गरेको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | १५ | २० | २५ | २५ | २५ | २५ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ७ | ११ | २१ | ३१ | ४० | ४२ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | ६५ | ७१ | ७१ | ७१ | ७१ | ७१ |
| ५ | प्रचलित कानूनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ११ | १५ | १८ | २१ | २४ | २५ |
| ६ | शैक्षिक पारदर्शिताको लागि बडापत्र राखेको विद्यालय सङ्ख्या | १० | १५ | ७१ | ७१ | ७१ | ७१ |
| ७ | विद्यालय व्यवस्थापन तालिम लिएका विद्यालय व्यवस्थापन समिति सङ्ख्या | १५ | ३० | ५० | ७१ | ७१ | ७१ |
| ८ | सूचना अधिकारी भएको विद्यालय सङ्ख्या | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ |
| ९ | गुनासो पेटिका राखी गुनासो सुनुवाई कार्यान्वियन गर्ने विद्यालय सङ्ख्या | ३० | ५० | ७१ | ७१ | ७१ | ७१ |
| १० | नियमानुसार आचार सहिंता तयार गरी लागु भएका विद्यालय सङ्ख्या | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ |

### ६.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन गर्ने, गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | सुशासन, जवाफदेही र पारदर्शीताको लागि सूचक बनाइ कार्यान्वयन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | बाल क्लब, स्काउट, जुनियर रेडक्रस सर्कल गठन, क्षमता विकास र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | पेसाप्रति जवाफदेहिता र उत्तरदायित्व बोध | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १० | सूचना अधिकारी, गुनासो सुनुवाइ र सम्बोधन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ११ | नगरले थप कार्यक्रम बनाई लागु गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |



## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वियनको प्रबन्ध

योजना कार्यान्वियनको प्रबन्धअन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वियन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वियनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्व पर्छन् । कार्यान्वियनको प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

### ६.२.१ वर्तमान अवस्था

नेपाल सरकारले तयार गरी कार्यान्वियनमा ल्याइएको शिक्षा योजनालाई राज्यका अन्य निकायले झैँ यस त्रियुगा नगरपालिकाले पनि संयन्त्र निर्माण गरी कार्यान्वियन गरिररहेको छ । नेपालको संविधानले माध्यमिक तहसम्मको निश्चित अधिकार स्थानीय तहलाई दिएकाले यस नगरपालिकाको नगरशिक्षा शाखामा आफ्नै जनशक्ति रहेको छ । त्यसैगरी विद्यालय तहमा प्रधानाध्यापक, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घलगायतका जनशक्तिहरू सक्रिय छन् । विद्यालयहरूले विद्यालय सुधार योजना (SIP) निर्माण

गरी सोहीबमोजिमको वार्षिक कार्यक्रम तयार गरेर वार्षिक कार्यपात्रो कार्यान्वयनमा ल्याएका छन् । त्यसैगरी नगरपालिकाले नगरभित्र एकरूपताका लागि शैक्षिक पात्रो लागु गरेको छ ।

नगरको शैक्षिक गतिविधिलाई कार्यान्वयन गर्न विभिन्न समितिहरू सक्रिय छन् । यस अन्तर्गत नगरपालिकामा नगर शिक्षा समिति, सामाजिक विकास समिति, शैक्षिक पात्रो निर्माण समिति, परीक्षा समिति जस्ता संयन्त्र कार्यरत छन् । त्यस्तै विद्यालय तहमा भने विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यापक, स्टाफ, कर्मचारी, विभिन्न विषय समितिहरू रहेका छन् । ऐन, नियम, कार्यविधि निर्माण र प्रबोधीकरणको काम भने नगरपालिकाले गरिरहेको छ ।

### ६.२.२ प्रमुख समस्या र चुनौतीहरू

१. स्थानीय शिक्षा योजना निर्माणमा ढिलाइ हुनु,
२. योजना निर्माणमा आवश्यक स्रोत साधनको कमी,
३. नगरभित्र शैक्षिक योजनाअनुसार वार्षिक कार्यक्रममा एकरूपता नहुनु,
४. अनुगमन र पृष्ठपोषणको कमी,
५. योजनाको वार्षिक समीक्षा नहुनु,
६. विद्यालय सुधार योजनाको कार्यक्रम कार्यान्वयनमा समस्या ।

### ६.२.३ उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु,
२. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनबाट शैक्षिक गुणस्तर सुधार गर्नु,
३. विद्यालयका योजनाहरूको प्रभावकारी कार्यान्वयन गर्नु ।

### ६.२.४ रणनीति

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने,
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने,
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने,
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने,
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने,
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने,
७. विद्यालय व्यवस्थापनलाई सशक्त र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने,
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने,



### ६.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ ।
२ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन भई शैक्षिक गुणस्तर सुधार भएको हुने छ ।
३ विद्यालयका योजनाहरू पूर्ण रूपमा कार्यान्वयन भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षा योजना निर्माण | | कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २ | स्रोत साधनको व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३ | प्रभावकारी अनुगमन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | सरोकारवालासँग अन्तरक्रिया | वर्षमा एकपटक | वर्षमा एकपटक | वर्षमा एकपटक | वर्षमा एकपटक | वर्षमा एकपटक | वर्षमा एकपटक |
| ५ | सिकाइ सुधारको वार्षिक समीक्षा र पृष्ठपोषण | वार्षिक | वार्षिक | वार्षिक | वार्षिक | वार्षिक | वार्षिक |

### ६.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | पाँच वर्षे विद्यालय सुधार योजना निर्माण | पटक | १ | - | - | - | - | १ | २ |
| ३ | विद्यालय सुधार योजना अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | सामाजिक परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | विद्यालय व्यवस्थापनलाई सशक्त र सुदृढ बनाउन विव्यस र प्रअलाई आर्थिक दायित्वसहितको जिम्मेवार बनाउने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

# परिच्छेद-७
# लगानी र स्रोत व्यवस्थापन

संवैधानिक एवम् कानूनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँचसहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु तीनै तहका सरकारको साझा दायित्व रहेको छ । यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ । संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ । नेपालको संविधानअनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि सङ्घीय स्रोतबाट सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ । समानीकरण अनुदान, विशेष अनुदान र समपूरक अनुदान सङ्घीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ भने सशर्त अनुदान सम्बन्धित सङ्घीय विषयगत मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रमको प्रयोजनका लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । स्थानीय तथा प्रदेश तहले सङ्घीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक आफ्नै स्रोतमा आधारित बजेट तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने बजेटबाट पनि शिक्षा क्षेत्रमा विनियोजन गर्ने गर्दछन् । स्थानीय तहले स्रोत प्रबन्धका लागि आन्तरिक ऋणसमेत उठाउन पाउने व्यवस्था पनि रहेको छ ।

## ७.१ वर्तमान अवस्था

सङ्घ, प्रदेश र स्थानीय तहबाट स्थानीय तहमा शिक्षामा लगानी भइरहेको छ तर यस्ता लगानीहरू पर्याप्त भने छैनन् । शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिए तापनि सोअनुसारको बजेट विनियोजन हुन सकिरहेको छैन । तथापि सबैको धारणा शिक्षा क्षेत्रमा लगानी बढाउने कुरामा एकै मत हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्त्वपूर्ण आधार मान्न सकिन्छ । विकसित र विकासशील राष्ट्रमा शिक्षालाई पहिलो प्राथमिकतामा राखेर कुल राष्ट्रिय बजेटको २० प्रतिशतभन्दा माथि छुट्याउने गरेको भए पनि नेपालको सन्दर्भमा भने सबैजसो राजनीतिक दलले कुल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गर्ने नारा लगाए तापनि आफू सरकारमा पुगेपछि सरदर १० प्रतिशतको सेरोफेरोमा मात्रै शिक्षामा बजेट छुट्याएको पाइन्छ । यद्यपि शैक्षिक सरोकारवालाले शिक्षामा बजेट दिनप्रतिदिन बढाउन आवाज उठाउँदै आएका छन् । सङ्घ, प्रदेश, स्थानीय र विभिन्न सङ्घसंस्थाले शिक्षा क्षेत्रमा गरेको लगानी तथा कार्यक्रम तपसिलअनुसार रहेको छ ।

त्रियुगा नगरपालिकाले शैक्षिक लगानी प्रवर्धन गर्न विभिन्न प्रकारका असल अभ्यासहरू गर्दै आएको छ । यसै क्रममा नगरले शैक्षिक पात्रो निर्माण गरेर नगरभरिका विद्यालयहरूमा कार्यक्रम कार्यान्वयनमा एकरूपता ल्याएको छ । यस नगरपालिकाले आधारभूत तहमा स्थानीय पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तकसमेत तयार गरेको छ र शैक्षिक सत्र २०८२ बाट चाहिँ आधारभूत तहका सबै कक्षामा लागु हुने छ । गरिब तथा जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन गर्नका लागि शैक्षिक छात्रवृत्तिको व्यवस्था गरेको छ । नगरका विद्यालयहरूमा आवश्यकतानुसार नगर शिक्षकको व्यवस्था, बाल विकास केन्द्रका सहजकर्ताहरूलाई थप प्रोत्साहन तलबको व्यवस्था गरेको छ । त्यति मात्र होइन नगरपालिकाले आफ्नो सौजन्य र समन्वयमा शैक्षिक रोजगार मेलाको आयोजना गरिरहेको छ । त्यसैगरी छोटो तथा लामो अवधिका विभिन्न प्रकारका प्राविधिक विषयका तालिमहरू पनि सञ्चालन गरिरहेको छ । कक्षा ९ र १० का विद्यार्थीहरूलाई प्राविधिक धारतिर आकर्षित गर्न र दिगो तथा



सम्मानित रोजगारीका लागि सिप परियोजना अन्तर्गत वृत्ति मार्गनिर्देशन कार्यक्रम सुरुमा ६ ओटा र शैक्षिक सत्र २०८१ बाट नगरभित्रका सबै माध्यमिक विद्यालयहरूमा सञ्चालन गरिरहेको छ । नेल्टा उदयपुरले पनि नगरको समन्वयमा एक्सेस कार्यक्रम सञ्चालन गरिरहेको छ ।

**आ.व. २०८१/८२ मा त्रियुगा नगरपालिकामा शिक्षामा लगानी**

| क्र.सं. | तह | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सङ्घ | | प्रदेश | | स्थानीय तह | | |
| | शीर्षक | रकम रु. हजारमा | शीर्षक | रकम रु. हजारमा | शीर्षक | रकम रु. हजारमा | |
| १ | सशर्त अनुदान | ४६५६११ | सशर्त अनुदान | १५०० | समानीकरण अनुदान सङ्घ | ४३३५ | |
| २ | | | | | राजश्व बाँडफाँट सङ्घ | ५८३७.५ | |
| ३ | | | | | आन्तरिक स्रोत | २१०४५.३ | |
| जम्मा | | ४६५६११ | | १५०० | | ३१२१७.८ | ४९८३२८.८ |

**त्रियुगा नगरपालिकाले विगत पाँच वर्षमा शिक्षा क्षेत्रमा गरेको लगानी (रु. हजारमा)**

| क्र.सं. | आ.व. | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ | | |
| | शीर्षक | रकम रु. | शीर्षक | रकम रु. | शीर्षक | रकम रु. | शीर्षक | रकम रु. | शीर्षक | रकम रु. | |
| १ | नेपाल सरकार सशर्त अनुदान | ३९६४५० | नेपाल सरकार सशर्त अनुदान | ४११११७५ | नेपाल सरकार सशर्त अनुदान | ४६५५०५ | नेपाल सरकार सशर्त अनुदान | ४५३५४० | नेपाल सरकार सशर्त अनुदान | ४६५६११ | २१९२२८१ |
| २ | प्रदेश सरकार सशर्त अनुदान | ० | प्रदेश सरकार सशर्त अनुदान | ० | प्रदेश सरकार सशर्त अनुदान | २१५० | प्रदेश सरकार सशर्त अनुदान | ३७७५ | प्रदेश सरकार सशर्त अनुदान | १५०० | ७४२५ |
| ३ | नगर विनियोजन | १२०६५ | नगर विनियोजन | ३१२८७ | नगर विनियोजन | ३७३६७ | नगर विनियोजन | ३७६१८ | नगर विनियोजन | ३१२१७.८ | १४९५५४.८ |

**विभिन्न सङ्घसंस्थाबाट शिक्षा क्षेत्रमा लगानी आ.व. २०८१/०८२**

| क्र. सं. | सङ्घ-संस्थाको नाम | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | रेस्ट | शैक्षिक सहयोग | रू. ११३९२४२३ | |
| २ | जाल्पा एकीकृत समाज | बाल स्पोन्सरसिप कार्यक्रम | रू. १०५०००० | |
| ३ | हेल्भेटास नेपाल | वृत्ति मार्गनिर्देशन | रू. १९००००० | |
| ४ | नेल्टा | एक्सेस प्रोग्राम | रू. २९९०००० | |
| ५ | ओरेक | परामर्श तथा अभिमुखीकरण | रू. १५००० | |
| ६ | सैनिक कल्याणकारी कोष | छात्रवृत्ति | रू. २९२०००० | विभिन्न विद्यालयमा अध्ययन गर्ने सेनाका छोराछोरीलाई मात्र |

## ७.२ प्रमुख समस्या र चुनौतीहरू

- संविधानले शिक्षालाई मौलिक हकका रूपमा स्थापित गरे पनि तीनै तहका सरकारले शिक्षामा पर्याप्त बजेट छुट्याउन नसक्नु,
- राज्यका तर्फबाट ए ग्रेडका वा सो भन्दामाथिको विद्यार्थी जनशक्तिलाई शिक्षण पेशाप्रति रणनीति तयार गरी आकर्षित गर्न नसक्नु,
- स्थानीय तहले तर्जुमा गरेको कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत व्यवस्थापन गर्न नसक्नु,
- सरकारी कर्मचारी र जनप्रतिनिधिहरू सार्वजनिक शैक्षिक संस्थाभन्दा निजी शैक्षिक संस्थाप्रति आकर्षित हुनु,
- आवश्यकता र औचित्यका आधारमा स्थानीय तहले तयार गरेको शैक्षिक कार्ययोजनासँग तालमेल नगरी गैरसरकारी संस्थाले कार्यक्रम सञ्चालन गर्नु,
- अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय हुन नसक्नु ।

## ७.३ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन बजेट निर्धारण गर्नु,
४. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु,
५. गैरसरकारी संस्थाले स्थानीय तहले तयार गरेको शैक्षिक कार्ययोजनासँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्नु ।



## ७.४ रणनीति

१. शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्न राष्ट्रिय बजेटमा २० प्रतिशत छुट्याउन पहल गर्ने,
२. शिक्षामा सङ्घीय र प्रदेश सरकारको बजेटमा स्थानीय सरकारले आफ्नो स्रोतबाट १५ प्रतिशत थप गर्ने,
३. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्धन गर्ने,
४. निजी क्षेत्रमा सञ्चालित विद्यालयलाई आवश्यक कार्यविधि बनाइ गुठीमा रूपान्तरण गर्ने,
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने,
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने,
७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने ।

## ७.५ प्रमुख उपलब्धि

**उपलब्धि**

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने छ ।
२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ ।
३. नगरको शैक्षिक योजना कार्यान्वयन भएको हुने छ ।

## ७.६ प्रमुख क्रियाकलाप र लक्ष्य

**क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (रु.हजारमा)**

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | दस वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १८६२२ | १९५५३ | २०५३० | २२५८३ | २३७१३ | १०५००१ | २२०५०२ |
| २ | आधारभूत शिक्षा | २९५२०२ | ३०९९६२ | ३२५४६० | ३५८००६ | ३७५९०६ | १६६४५३६ | ३४९५५२६ |
| ३ | माध्यमिक शिक्षा | ११७६५० | १२३५३२ | १२९७०९ | १४२६८० | १४९८१४ | ८१३११९ | १७०७७१८ |

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | पाँच वर्षको जम्मा | दस वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १०२५० | १०७६२ | ११३०० | १२४३० | १३०५२ | ५७७९४ | १२१३६७ |
| ५ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ र सिकाइ केन्द्र | १६०० | १६८० | १७६४ | १९४० | २०३७ | ९०२१ | १८९४४ |
| ६ | पाठ्यक्रम तथा मूल्याङ्कन | १३७५ | १३८० | १४४९ | १५९४ | १६७४ | ७४७२ | १५६९१ |
| ७ | शिक्षक व्यवस्थापन तथा विकास | १२५० | १३१२ | १३७८ | १५१५ | १५९१ | ७०४६ | १४७९७ |
| ८ | शैक्षिक समता र समावेशीकरण/विशेष शिक्षा | ७६०० | ७९८० | ८३७९ | ९२१७ | ९६७८ | ४२८५४ | ८९९९३ |
| ९ | दिवा खाजा स्वास्थ्यसहित पोषण कार्यक्रम | ३१८१७ | ३३४०७ | ३५०७८ | ३८५८६ | ४०५१५ | १७९४०३ | ३७६७४६ |
| १० | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | २००० | २१०० | २२०५ | २४२५ | २५४६ | ११२७६ | २३६८० |
| ११ | विद्यालयको भौतिक पूर्वाधार विकास | ५४४०० | ५७१२० | ५९९७६ | ६५९७३ | ६९२७२ | ३०६७४१ | ६४४१५६ |
| १२ | विद्यालयमा सूचना प्रविधिको विस्तार | २६२० | २७५१ | २८८८ | ३१७७ | ३३३६ | १४७७२ | ३१०२१ |



| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | पाँच वर्षको जम्मा | दस वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १३ | उच्च शिक्षा /कलेज | १०१०००० | १०६०५०० | १११३५२५ | १२२४८७७ | १२८६१२१ | ५६९५०२३ | ११९५९५४८ |
| १४ | सामुदायिक पुस्तकालय/वाचनालयको प्रवन्ध | १३०० | १३६५ | १४३३ | १५७६ | १६५५ | ७३२९ | १५३९१ |
| १५ | सुशासन तथा व्यवस्थापन | १२०० | १२६० | १३२३ | १४५५ | १५२८ | ६७६६ | १४२०८ |
| १६ | स्थानीय शिक्षा योजना कार्यान्वयन | १५०० | १५७५ | १६५३ | १८१९ | १९१० | ८४५७ | १७७५९ |

**ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (रु. हजारमा)**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | पाँच वर्षको जम्मा | दस वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ५०० | ५२५ | ५५२ | ६०७ | ६३७ | २८२१ | ५९२६ |
| २ | आधारभूत शिक्षा | १३९०० | १४५९५ | १५३२४ | १६८५७ | १७७०० | ७८३७६ | १६४५८९ |
| ३ | माध्यमिक शिक्षा | २५०० | २६२५ | २७५६ | ३०३१ | ३१८३ | १४०९५ | २९६०० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ५००० | ५२५० | ५५१२ | ६०६३ | ६३६६ | २८१९१ | ५९२०२ |

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | दस वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| ५ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ | १०० | १०५ | ११० | १२१ | १२७ | ५६३ | ११८२ |
| ६ | पाठ्यक्रम तथा मूल्याङ्कन | ५०० | ५२५ | ५५१ | ६०६ | ६३६ | २८१८ | ५९१८ |
| ७ | शिक्षक व्यवस्थापन तथा विकास | ५०० | ५२५ | ५५१ | ६०६ | ६३६ | २८१८ | ५९१८ |
| ८ | शैक्षिक समता र समावेशीकरण/विशेष शिक्षा | ३००० | ३१५० | ३३०७ | ३६३८ | ३८२० | १६९१५ | ३५५२१ |
| ९ | दिवा खाजा स्वास्थ्यसहित पोषण कार्यक्रम | ६३४० | ६६५७ | ६९८९ | ७६८८ | ८०७३ | ३५७४७ | ७५०६९ |
| १० | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | १२०० | १२६० | १३२३ | १४५५ | १५२८ | ६७६६ | १४२०८ |
| ११ | विद्यालयको भौतिक पूर्वाधार विकास | १२५०० | १३१२५ | १३७८१ | १५१५९ | १५९१७ | ७०४८२ | १४८०१२ |
| १२ | विद्यालयमा सूचना प्रविधिको विस्तार | १५०० | १५७५ | १६५३ | १८१९ | १९१० | ८४५७ | १७७५९ |
| १३ | उच्च शिक्षा /कलेज | ४००० | ४२०० | ४४१० | ४८५१ | ५०९३ | २२५५४ | ४७३६४ |



| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | दस वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १४ | सामुदायिक पुस्तकालय/वाचनालयको प्रबन्ध | ४०० | ४२० | ४४१ | ४८५ | ५०९ | २२५५ | ४७३५ |
| १५ | सुशासन तथा व्यवस्थापन | ३०० | ३१५ | ३३० | ३६३ | ३८२ | १६९० | ३५४९ |

**ग) स्थानीय तहबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट (रु. हजारमा)**

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | दस वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १४०६३ | १४७६६ | १५५०४ | १७०५५ | १७९०८ | ७९२९६ | १६६५२१ |
| २ | आधारभूत शिक्षा | १९५३२ | २०५०८ | २१५३४ | २३६८७ | २४८७१ | ११०१३२ | २३१२७८ |
| ३ | माध्यमिक शिक्षा | १६९९० | १७८३९ | १८७३१ | २०६०४ | २१६३४ | ९५७९७ | २०११७० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ५७५० | ६०३७ | ६३३९ | ६९७३ | ७३२१ | ३२४२० | ६८०८३ |
| ५ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ | १५७० | १६४८ | १७३० | १९०४ | १९९९ | ८८५१ | १८५८७ |
| ६ | पाठ्यक्रम तथा मूल्याङ्कन | ४६०० | ४८३० | ५०७१ | ५५७८ | ५८५७ | २५९३६ | ५४४६५ |
| ७ | शिक्षक व्यवस्थापन तथा विकास | ६६०० | ६९३० | ७२७६ | ८००४ | ८४०४ | ३१८६४ | ६६९१४ |

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | दस वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| ८ | शैक्षिक समता र समावेशीकरण/विशेष शिक्षा | २००० | २१०० | २२०५ | २४२५ | २५४६ | ११२७६ | २३६८० |
| ९ | दिवा खाजा स्वास्थ्यसहित पोषण कार्यक्रम | ४०० | ४२० | ४४१ | ४८५ | ५०९ | २२५५ | ४७३५ |
| १० | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | १५०० | १५७५ | १६५३ | १८१९ | १९१० | ८४५७ | १७७५९ |
| ११ | विद्यालयको भौतिक पूर्वाधार विकास | २२०० | २३१० | २४२५ | २६६८ | २८०१ | १२४०४ | २६०४८ |
| १२ | विद्यालयमा सूचना प्रविधिको विस्तार | १००० | १०५० | ११०२ | १२१२ | १२७३ | ५६३७ | ११८३८ |
| १३ | मन्टेसरी कार्यक्रम सञ्चालन | १५०० | १५७५ | १६५३ | १८१९ | १९१० | ८४५७ | १७७५९ |
| १४ | उच्च शिक्षा/कलेज | ३६०० | ३७८० | ३९६९ | ४३६५ | ४५८४ | २०२९८ | ४२६२६ |
| १५ | सामुदायिक पुस्तकालय/वाचनालयको प्रवन्ध | ८५० | ८९२ | ९३७ | १०३० | १०८२ | ४७९१ | १००६१ |
| १६ | सुशासन तथा व्यवस्थापन | ९०० | ९४५ | ९९२ | १०९१ | ११४६ | ५०७४ | १०६५५ |
| १७ | स्थानीय शिक्षा योजना कार्यान्वयन | ५०० | ५२५ | ५५१ | ६०६ | ६३६ | २८१८ | ५९१८ |



**घ) अन्य सङ्घ/संस्थाबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | दस वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १०५० | ११०२ | ११५७ | १२७३ | १३३७ | ५९१९ | १२४२९ |
| २ | आधारभूत शिक्षा | २००० | २१०० | २२०५ | २४२५ | २५४६ | ११२७६ | २३६८० |
| ३ | माध्यमिक शिक्षा | १४४०० | १५१२० | १५८७६ | १७४६३ | १८३३६ | ८११९५ | १७०५१० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १००० | १०५० | ११०२ | १२१२ | १२७३ | ५६३७ | ११८३८ |
| ५ | शैक्षिक समता र समावेशीकरण/विशेष शिक्षा | ३००० | ३१५० | ३३०७ | ३६३८ | ३८२० | १६९१५ | ३५५२१ |
| ६ | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | ५०० | ५२५ | ५५१ | ६०६ | ६३६ | २८१८ | ५९१८ |
| ७ | सुशासन तथा व्यवस्थापन | ३०० | ३१५ | ३३० | ३६३ | ३८२ | १६९० | ३५४९ |

उपर्युक्तबमोजिम बजेट अनुमान गरिसकेपछि विद्यालय शिक्षाका मुख्य उपक्षेत्र जस्तैः बाल विकास र शिक्षामा हरेक आ.व.को जम्मा बजेट कति, आगामी पाँच वर्षको जम्मा बजेट कति र बजेटको सुनिश्चितता सङ्घबाट, प्रदेशबाट, स्थानीय तहबाट र अन्य सङ्घसंस्थाबाट कति भनी सोको समेत विश्लेषण गर्नुपर्छ।

### ७.६ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया

योजनामा परिच्छेद ३, ४, ५ र ६ मा उल्लिखित प्रमुख क्रियाकलाप र लक्ष्यलाई प्रस्तावित भौतिक लक्ष्य मानी वार्षिक रूपमा सो कार्य सम्पादनका लागि आवश्यक बजेट हिसाब गरी एकाइ लागत निर्धारण गरिएको छ। सो एकाइ लागतले लक्ष्यलाई गुणन गरी वार्षिक बजेट निर्धारण तथा क्रियाकलापगत बजेटको जम्मा जोड उक्त उपक्षेत्रमा आवश्यक पर्ने बजेट हिसाब गरी उपक्षेत्रगत कार्यक्रम तथा बजेटको सारांश तपसिलको तालिकामा तयार पारिएको छ।

| क्र. सं. | उपक्षेत्र / विषय | आर्थिक वर्षगत रूपमा बजेट अनुमान (रु. हजारमा) | | | | | पाँच वर्षको जम्मा | दस वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ | आ.व. २०८५/०८६ | आ.व. २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ३४२३५ | ३५९४६ | ३७७४४ | ४१५१८ | ४३५९४ | १९३०३७ | ४०५३७८ |
| २ | आधारभूत शिक्षा | ३३०६३४ | ३४७१६५ | ३६४५२३ | ४००९७६ | ४२१०२५ | १८६४३२३ | ३९१५०७८ |
| ३ | माध्यमिक शिक्षा | १५१५४० | १५९११७ | १६७०७२ | १८३७८० | १९२९६९ | ८५४४७८ | १७९४४०३ |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | २२००० | २३१०० | २४२५५ | २६६८० | २८०१४ | १२४०४९ | २६०५०३ |
| ५ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ | ३२७० | ३४३३ | ३६०५ | ३९६५ | ४१६३ | १८४३६ | ३८७१६ |
| ६ | पाठ्यक्रम तथा मूल्याङ्कन | ६४७५ | ६७९८ | ७१३८ | ७८५२ | ८२४५ | ३६५०८ | ७६६६७ |
| ७ | शिक्षक व्यवस्थापन तथा विकास | ८३५० | ८७६७ | ९२०५ | १०१२६ | १०६३२ | ४७०८० | ९८८६८ |
| ८ | शैक्षिक समता र समावेशीकरण/विशेष शिक्षा | १५६०० | १६३८० | १७१९९ | १८९१८ | १९८६४ | ८७९६१ | १८४७१९ |
| ९ | दिवा खाजा स्वास्थ्यसहित पोषण कार्यक्रम | ३८५५७ | ४०४८४ | ४२५०९ | ४६७६० | ४९०९८ | १८७४०८ | ३९३५५६ |
| १० | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | ५२०० | ५४६० | ५७३३ | ६३०६ | ६६२१ | २९३२० | ६१५७२ |
| ११ | विद्यालयको भौतिक पूर्वाधार विकास | ६९१०० | ७२५५५ | ७६१८२ | ८३८०१ | ८७९९१ | ३८९६२९ | ८१८२२० |



| क्र. सं. | उपक्षेत्र / विषय | आर्थिक वर्षगत रूपमा बजेट अनुमान (रु. हजारमा) | | | | | पाँच वर्षको जम्मा | दस वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ | आ.व. २०८५/०८६ | आ.व. २०८६/०८७ | | |
| १२ | विद्यालयमा सूचना प्रविधिको विस्तार | ५१२० | ५३७६ | ५६४४ | ६२०९ | ६५१९ | २८८६८ | ६०६२३ |
| १३ | मन्टेसरी कार्यक्रम सञ्चालन | १५०० | १५७५ | १६५३ | १८१९ | १९१० | ८४५७ | १७७५९ |
| १४ | उच्च शिक्षा /कलेज | १०१७६०० | १०६८४८० | ११२१९०४ | १२३४०९४ | १२९५७९९ | ५७३७८७७ | १२०४९५४१ |
| १५ | सामुदायिक पुस्तकालय/ वाचनालयको प्रबन्ध | २५५० | २६७७ | २८११ | ३०९२ | ३२४७ | १४३७७ | ३०१९१ |
| १६ | सुशासन तथा व्यवस्थापन | २७०० | २८३५ | २९७६ | ३२७४ | ३४३८ | १५२२३ | ३१९६८ |
| १७ | स्थानीय शिक्षा योजना कार्यान्वयन | २००० | २१०० | २२०५ | २४२५ | २५४६ | ११२७६ | २३६८० |

माथिको तालिकानुसार तयार भएको बजेटका लागि स्रोतको अनुमान गर्दा सङ्घ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त हुने प्रस्तावित बजेट तथा विभिन्न सङ्घसंस्थाबाट कार्यान्वयन हुने क्रियाकलापको समेत हिसाब गरी बजेटको अनुमान गरिएको छ। यसरी योजनामा दस वर्षका लागि आवश्यक पर्ने बजेट व्यहोर्ने स्रोतको हिसाब गर्दा नपुग हुने बजेटसमेत उल्लेख गरी सोका लागि स्रोत पूर्तिका लागि नगरपालिकाले वैकल्पिक स्रोतको खोजी गर्नुपर्ने छ।

**७.७ योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन**

योजना कार्यान्वयन गर्दा वार्षिक रूपमा तय भएका योजना तथा कार्यक्रमलाई वार्षिक रूपमा सङ्घ, प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रमका आधारमा वार्षिक रूपमा स्रोत सुनिश्चितताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गर्नुपर्छ। यसमा योजनाका रणनीति तथा कार्यक्रमलाई अद्यावधिक गरी कार्यान्वयन हुने र स्रोत सुनिश्चित भएका सो आर्थिक वर्षमा कार्यान्वयन हुने कार्यक्रमलाई समावेश गर्नुपर्छ। योजना कार्यान्वयन गर्दा स्थानीय तहको दस वर्षे बजेटसहितको वार्षिक योजनामा उल्लिखित क्रियाकलापमा केन्द्रित भइ वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन रणनीति तयार गर्नुपर्छ। वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण गर्दा योजनाको ढाँचालाई आधार मानी तयार गर्नुपर्ने छ।

# परिच्छेद-८
# अनुगमन तथा मूल्याङ्कन

शैक्षिक कार्यक्रममा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटि छन् वा छैनन्, शैक्षिक क्रियाकलाप निर्धारित कार्यतालिकानुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनःनिरीक्षण पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँछ ।

शैक्षिक कार्यक्रमको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भएपश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रममा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्छन् ।

नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेका विभिन्न प्रतिबद्धताअनुरूप स्थानीय तहले शिक्षा योजनाको अनुगमन गर्दा कम्तीमा पनि निम्न पक्षहरू जस्तै- अनिवार्य तथा निःशुल्क शिक्षा ऐनको कार्यान्वयनको प्रगति, दिगो विकास लक्ष्य सन् २०३० को प्रगति तथा विद्यालय शिक्षा क्षेत्र योजनाका प्रमुख कार्यसम्पादन सूचकको प्रगतिको अवस्थाको अनुगमन गर्नु पर्दछ ।

## ८.१ वर्तमान अवस्था

यस नगरपालिकाले देश सङ्घीयतामा प्रवेश गरेपश्चात नगरको छुटै शिक्षा योजना नहुँदा अनुगमनको संयन्त्र निर्माण/गठन हुन सकेको देखिँदैन । नगर प्रमुख, उपप्रमुख र नगर शिक्षा शाखाबाट विद्यालयहरूको सामान्य अनुगमन भने हुने गरेको अवस्था छ । शैक्षिक सूचना प्रणालीबाट तथ्याङ्क तथा सूचनाहरू लिनेबाहेक नगरको छुटै एकीकृत प्रतिवेदन प्रणालीको विकास भएको छैन । अनुगमनका लागि सूचना तथा प्रविधिको उपयोग विस्तार गर्ने कार्य यस नगरपालिकामा हुन सकेको छैन । यस नगरपालिकामा नतिजामा आधारित अनुगमन, शिक्षक सुपरिवेक्षण र पेसागत सहयोग जस्ता ठोस सूचकमा आधारित अनुगमन भएको पाइँदैन । विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्यसम्पादन परीक्षणलाई अनुगमन र मूल्याङ्कनसँग जोडी विद्यालयको स्तर निर्धारण गर्न पनि सकिएको छैन । विद्यालयमा निर्माण गरिने भौतिक सुधारका कार्यक्रमहरूको भने नियमित अनुगमन गरी मूल्याङ्कनसमेत गर्ने गरिएको छ ।

## ८.२ प्रमुख समस्या तथा चुनौतीहरू

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक र एकीकृत प्रणालीको विकास नहुनु,
२. मूल्याङ्कन प्रणाली वैज्ञानिक नहुनु,
३. मूल्याङ्कन नतिजासँग जोड्न नसक्नु,
४. कक्षाकोठाको सिकाइको अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षणलाई कार्यस्थलमा जोड्न नसक्नु,
५. प्रविधिको प्रयोग अनलाइन मनिटरिङ गर्न नसक्नु ।



## ८.३ उद्देश्य

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकीकृत प्रणाली विकास गर्नु,
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

## ८.४ रणनीति

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने,
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने,
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने,
४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने,
५. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापको नियमित आवधिक, मध्यावधि तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने,
६. शिक्षा ऐन २०७५ ले तोकेबमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेस गर्ने,
७. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको व्यवस्था गरी नगरपालिकाले अनलाइन मनिटरीङ गर्ने ।

## ८.५ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकीकृत प्रणाली विकास भएको हुने छ ।
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने छ ।
४. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुने छ ।
५. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ ।

## ८.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य


| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |


| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | नगरपालिकाबाट अनलाइन मनिटरीङ | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षण गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |





**सन्दर्भ सामग्रीः**



- शिक्षा ऐन २०२८, (संशोधनसहित)
- शिक्षा नियमावली, २०५९ (संशोधनसहित)
- शिक्षा मन्त्रालय (२०६६), विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ।
- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी निर्देशिका (२०६९) ।
- शिक्षा मन्त्रालय(२०७३), विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/७४-२०७९/८० काठमाडौं : सिंहदरबार
- नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका (२०७४) ।
- विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि (२०७४) ।
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानुन किताब खाना, काठमाडौं ।
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा ऐन (२०७५) ।
- अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका (२०७५) ।
- बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि (२०७५) ।
- सेनेटरी प्याडसम्बन्धी कार्यविधि (२०७६) ।
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०७६), पाठ्यक्रम विकास केन्द्र : भक्तपुर ।
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (२०७६), पाठ्यक्रम विकास केन्द्र : भक्तपुर ।
- आधारभूत तह (कक्षा १-३), पाठ्यक्रम (२०७६),पाठ्यक्रम विकास केन्द्र : भक्तपुर ।
- शिक्षा सम्बन्धी ऐन नियम तथा राष्ट्रिय शिक्षा नीति (२०७६), कानुन किताब खाना, काठमाडौं ।
- आधारभूत शिक्षा पाठ्यक्रम (२०७७), पाठ्यक्रम विकास केन्द्र : भक्तपुर ।
- किशोरकिशोरीमैत्री सूचना कक्षा सञ्चालन नमुना कार्यविधि (२०७७) ।
- अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी नियमावली (२०७७) ।
- नेपालको संविधान, नेपाल कानुन किताब कम्पनी, काठमाडौं ।
- अनलाइन शिक्षक तालिम कार्यविधि (२०७७) ।
- पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि (२०७८) ।
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड (२०७८) ।
- विद्यालय सामाजिक परीक्षण मापदण्ड (२०७८) ।
- राष्ट्रिय जनगणना (२०७८), जनसङ्ख्या मन्त्रालय, काठमाडौं
- विद्यालय शिक्षा क्षेत्रको योजना (२०८०), शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ।
- बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड (२०८०) ।
- विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड (२०८०) ।
- शिक्षक पेसागत विकास प्रारूप (२०८०), (परिमार्जत संस्कारण) ।
- शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि (२०८०) ।
- विद्यालय सुपरिवेक्षण तथा पेसागत सहायता निर्देशिका (२०८०) ।
- विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड (२०८०) ।
- राष्ट्रिय योजना आयो (२०८१), सोह्रौ योजना २०८१/८२-२०८५/८६ काठमाडौं : सिंहदरबार ।
- फ्ल्यास रिपोर्ट (२०८१), शिक्षा तथा मानव स्रोत विकास केन्द्र, भक्तपुर ।
- कार्यक्रम कार्यान्वयन कार्यविधि (२०८१/८२) ।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (२०८१) ।
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेवसाइटहरू ।
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क ।


समूह - १
प्रारम्भिक बाल विकास र सिकाइ
सबल पक्षहरू
१) शिक्षक दरबन्दी पर्याप्त (१११),
२) ५०% बढी बालविकासमा पूर्वाधार भएको,
३) दिवा खाजाको व्यवस्था,
४) अभिभावकहरूमा उत्साहित।
दुर्बल पक्षहरू
१) योग्यता र दक्षता कम भएका शिक्षकको नियुक्ति,
२) पूर्वाधार र शैक्षिक सामग्रीको कमी,
३) पाठ्यक्रम सिकाइ केन्द्रित नहुनु,
४) सामुदायिक बालविकासमा विद्यार्थीको सङ्ख्या कम हुनु र दिवा खाजाको व्यवस्था नहुनु।
अवसरहरू
१) नर्सरी र के.जी. तहमा स्तरोन्नती गर्दै लैजान सकिने,
२) पाठ्यक्रमलाई परिमार्जन गरी सिकाइ उपलब्धि वृद्धि गर्न सकिने,
३) भर्नादर वृद्धि गर्न सकिने,
चुनौती
१) राज्यको लगानी न्यून हुनु,
२) अभिभावकहरूको चेतनास्तरमा कमी,
३) प्राकृतिक विपत्तीको कारण अनियमितता



समुह नं.-१
* आर्थिक खर्च नहुने कार्यक्रमहरू :-
१. मासिक विषयगत सि. उ. वृद्धि गर्न अभिभावकसंग अन्तरक्रिया ।
२. डस्टर निर्माण गर्ने ।
३. अतिरिक्त क्रियाकलाप ।
४. हाउस क्याप्टेन, सदन विभाजन
५. विद्यालयहाताभित्र सरसफाई ।
६. सिलाई टाँका सम्बन्धि सिप दिनु ।
७. दुना टपरी गाँस्ने सिकाउनु ।
८. करेसाबारी सम्बन्धि क्रियाकलाप गर्न
९. साइबर दुर्व्यसन सम्बन्धि सचेतना कार्यक्रम गर्ने।



असरहरू
विद्यालय समयमा विद्यार्थीको उपस्थिति कम हुनु ।
घरको आर्थिक अवस्थाको कारणले पुर्ण रुपमा विद्यालयमा समय दिन नसक्नु ।
कक्षा छोड्ने दरमा वृद्धि हुनु ।
विद्यार्थी घरबाट विद्यालयकालागी हिंड्ने तर विद्यालय नआइपुग्ने ।
शैक्षिक गुणस्तरमा ह्रास आउनु ।
अभिभावकमा विद्यालय शिक्षाप्रति सचेतनाको कमी
(कारणहरू)
अभिभावकको लगानी
सम्पूर्ण लगानी सरकारको हो भन्ने बुझाई हुनु ।
२. अभिभावकमा जनचेतना कार्यक्रम नहुनु ।
विद्यालयले समय-समयमा सचेतना कार्यक्रम गर्न नसक्नु
स्थानिय तहले कार्यक्रम तर्जुमा गरी कार्यान्वियन नभएको ।
२. गरिबी
पर्याप्त रोजगारीको अवसर नहुनु,
४. साक्षरताको कमी
प्रौढ तथा महिला शिक्षा अभिभावकलाई नपुगेको,
प्रौढ तथा महिला शिक्षाको पुर्नताजगी तालिम नहुनु ,
समुह नं.-१


आधारभुत शिक्षा-(१-८)
सवल पक्ष
१. अनिवार्य तथा निशुल्क शिक्षा
२. छात्रावृती
३. स्थानिय तहबाट ५/८ वार्षिक परीक्षा संचालन
४. अनुगमन तथा सुपरीवेक्षण
५. दिवा खाजा (०-५लाई)
६. मितेरी कक्षा
७. अंग्रेजी माध्यमबाट पठनपाठन
८ /डायरीको व्यवस्था
दुर्बल पक्ष (सुधार गर्नुपर्ने)
१. विषयगत शिक्षकको अभाव
२. दलित. विपन्न सिमान्तकृत वालवालिकाको कक्षा छाड्ने दर
३. भवन. खेल मैदान. खेल सामाग्री पुस्तकालय को अभाव
४. प्रविधि मैत्री नहुनु
५. भर्नादर मा कमी
६. वालमैत्री. अपाङ्ग मैत्री वातावरण नहुनु
अवसर
१. पुर्वाधार विकास हुदै जानु
२. गुणस्तरिय शिक्षा वृद्धि गर्न सकिने
३. प्रतिस्पर्धि जनशक्ती उत्पादन आधार तयार हुने
चुनौती
१. पुर्वाधारको विकास गर्न नसक्नु
२. वसाइ सराइ रोक्न नसक्नु
३. अब्बल विद्यार्थीलाई शिक्षण पेशामा आकर्षण गर्न नसक्नु



समूह - ३
१. शिक्षक, विद्यार्थी तथा अभिभावकबिच अन्त-
क्रियात्मक कार्यक्रम (शैक्षिक गुणस्तर अभिवृद्धि
२. मितेरी कक्षा सञ्चालन
३. मनो सामाजिक परामर्श
४. मोटिभेस्नल स्पीच
५. विषयवस्तुसँग सम्बन्धित लघु
शैक्षिक भ्रमण
६. परियोजना कार्य (आयमूलक, फूलबारी
सरसफाइ)
७. बाल क्लव गठन र परिचालन
८. बुक फ्रि डेको दिन (सिपमूलक
कार्यक्रम - (परिकार, बुना, टपरी
शैक्षिक सामग्री निर्माण) प्रदर्शन
९. अन्तरनिहित प्रतिभा प्रस्फुटन (कविता
सिर्जना, चित्रकला, हस्तकला ...




माध्यमिक शिक्षा - समुह नं.-३
S. सवल पक्षहरु :-
↳ भौगोलिक विकटतानुसार विद्यालय स्थापना,
↳ वडागत पहुँचमा मा. वि. शिक्षाको विस्तार
↳ मा. वि. शिक्षा लिन वञ्चित हुन नपरेको,
↳ अभिभावकलाई मा. शि. प्राप्त गर्न आर्थिक भार कम भएको ।
W. दुर्वल पक्षहरु :-
↳ विषयगत दरवन्दिको अभाव,
↳ प्रविधिमैत्री शिक्षाको अभाव
↳ भौतिक पूर्वाधारको अभाव,
↳ बालमैत्री शौचालयको अभाव
↳ शुद्ध खाने पानीको अभाव,
↳ सिकाई उपलब्धिमा कमी,
↳ गुणस्तरिय शिक्षा नहुनु,
↳ पेशागत मेन्टरिङ्को अभाव
O. अवसरहरु :-
↳ शिक्षकलाई विषयगत रुपमा परिचालन गर्न सकिने,
↳ ICT प्रविधिको माध्यमबाट कक्षा शिक्षणमा जोड,
↳ मा. शि. को गुणस्तर वृद्धि गर्न अतिरिक्त कक्षा संञ्चालन,
सिकाइलाई वृद्धि गर्न विषयगत स्रोत व्यक्तिलाई परिचालन गर्ने ।
स्थानिय स्रोत र सामाग्रीको उपयोग गर्न सकिने ।
T. चुनौतीहरु :-
↳ आर्थिक व्यवस्थापन गर्नमा स्थानिय स्तरको भुमिका न्यून हुनु,
↳ प्राविधिक शिक्षा संञ्चालनमा जटिलता,
↳ भौगोलिक विकटता,
↳ राजनैतिक प्रभाव,
↳ विद्यालय नर्सको अ
↳ वि. व्य. स. गठनमा चुन
↳ विषयगत दक्ष जनशक्तिको अभाव,


⇒ विद्यार्थी भर्नादरमा कमी,
⇒ सामुदायिक विद्यालयप्रति आकर्षणको कमी,
⇒ विद्यालयप्रति विश्वासको कमी,
⇒ सामुदायिक विद्यालयमा धेरै बिदा हुनु
⇒ शिक्षा सिकाइमा शिक्षकले पुरा समय नदिनु,
विद्यार्थीको सिकाइ उपलब्धिमा कमी
अभिभावकको चासोको कमी
बेरोजगार
चेतनाको कमी
विषयगत शिक्षकको कमी
दरबन्दी अपुग
शिक्षकमा जिम्मेवारी बोधको कमी
पेशाप्रति अस्थायी हुनु,
राजनीतिक प्रभाव
पढाइप्रति विद्यार्थीको रुचिमा कमी
अभिभावकले समय नदिनु,
मोबाइलको बढी प्रयोग.




असरहरू
१. सिकाइ उपलब्धि राम्रो नहुनु
दक्ष जनशक्ति उत्पादनमा कमी।
बेरोजगारी सङ्ख्यामा वृद्धि
निजी विद्यालयप्रति आकर्षण बढ्नु
शिक्षक, विद्यार्थी, प्रअ, विव्यस, शिअसका पदाधिकारी, अभिभावक र सरोकारवाला.
गुणस्तरीय शिक्षाको कमी
१. विषयगत शिक्षकको कमी
दरबन्दी सिर्जना गर्न नसक्नु
२. विद्यार्थी अनियमितता
चेतनाको कमी/रुढीवादी सोच
गरिबी
३. भौगोलिक विकटता (१४, १५, १६)
४. अभिभावकको चेतना स्तर
अभिभावक शिक्षाको कमी
५. राजनीतिक प्रभाव

रकम नलाग्ने कार्यक्रमहरू:

१. दरबन्दी मिलान,
२. विद्यालयमा वालक्लब गठन,
३, स्थानीय सामग्री सङ्कलन, [No cost]
४. फूलवारि निर्माण,
५. सदन विभाजन र जिम्मेवारी बाँडफाँट,
६, अनुशासन समिति निर्माण,
७, विद्यार्थीबाट पाठ प्रदर्शन,
~~८, साथ~~
८. सहपाठी सिकाइ आदनप्रदान,
९. पालिका स्तरीय सिकाइ सञ्जाल निर्माण
१०. हेलो अभिभावक कार्यक्रम,